CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्तः

लेखक

रोहिणीवल्लभ शर्मा पोखेल

सम्पादकः

उपप्रा. नुराबपति पोखरेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्तः

लेखकः
रोहिणीवल्लभ पोखरेल

सम्पादकः
उपप्रा. नुरापति पोखरेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक - रत्नकुमारी पोखेल
ठेगाना - जनकपुरधाम

लेखक - रोहिणीवल्लभ पोखेल

सम्पादक - उपप्रा. नुरापति पोखरेल

प्रथमसंस्करण - २०६७ कृष्णजन्माष्टमी

सर्वाधिकार - प्रकाशकमा सुरक्षित

प्रकाशनप्रति - १०००

मूल्य - रु. २००

कम्प्युटर - क्वालिटी लेजर प्रिन्ट
बागबजार, काठमाडौँ, फो.नं. ४२४२६५६

मुद्रक -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तम कार्य

रोहिणीवल्लभ पोख्रेल संस्कृतसेवी र रचनाधर्मी मनीषी हुन् । उनले प्रोत्साहन पुरस्कार र प्रेरणा केही नपाउँदा पनि स्वान्तः सुखाय जे लेखेर गए त्यो हामी संस्कृतक्षेत्रका मानिसहरूका निमित्त खजानाको रूपमा रहेको छ । उनले संस्कृतक्षेत्रबाट केही पाएनन्, बरु गुमाए । अन्तिममा त्यही नै उनका निमित्त हताशा र निराशाको कारण बन्यो । हाम्रो दुर्भाग्यले उनी चाँडै गए । उनीजस्ता संस्कृतसेवी ज्यादै न्यून छन् । धेरै नेपाली विद्वान्लाई भारतमा चिन्दैनन्, उनले आफूलाई भारतमा पनि चिनाए । अभिनवमेघदूतम् र मिथिलासौरभम् उनका उत्कृष्ट रचना हुन् । उनका फुटकर रचना पनि उत्तिकै स्तरीय छन् । कोमलकान्त पदावली र गम्भीर अर्थको ध्वनन उनका कविताका विशेषता हुन् ।

डा. नुरापति पोखरेलले उनका रचनाहरूको अनुसन्धान गरी कृतिहरूको उच्चस्तरीय साहित्यिक समीक्षा गरेर ठूलो गुन लगाएका छन् । अब डा. नुरापति पोखरेलको सत्प्रयासबाट कवि रोहिणीवल्लभ जीवन्त र यशस्वी भएका छन् । यसबाट कविको महान् आत्माले शान्ति पाउनेछ । समीक्षक नुरापतिले पनि उत्तम कार्य गरेर आफूलाई माथि उठाएका छन् । आफ्ना पतिदेवद्वारा लेखिएको कृतिलाई प्रकाशन गरी महनीय गर्न गर्नुहुने श्रीमती रत्नकुमारीदेवीजस्ता उदारमना व्यक्तिको पनि निरन्तर उज्ज्वल जीवनको कामनाका साथ शुक्ला सरस्वतीको स्मरण गर्दै मेरो मन्तव्य यहीं टुङ्ग्याउँछु ।

प्रा.डा. वेणीमाधव ढकाल
काठमाडौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

रोहिणीवल्लभ र मेराबीचमा सानैमा वैवाहिक सम्बन्ध भएको हो । उहाँ विशिष्ट विद्वान् हुनुहुन्थ्यो भने म साधारण अशिक्षित महिला थिएँ । उहाँ मलाई केही पढ्नुपर्छ भनी प्रेरणा प्रदान गर्नुहुन्थ्यो तर म उहाँको विद्वत्ताबाट खासै लाभान्वित हुन सकिन । उहाँ औपचारिक अध्ययन समाप्त भएपछि आफूलाई पढाउने याज्ञवल्क्य महाविद्यालय, जनकपुर, ज्ञानकूपका हेडपण्डित श्री जीवनाथझाले शिक्षण पेसामा लाग्नुपर्दछ भन्दा पनि पिताज्यूका आग्रहले र शिक्षण पेसाबाट खासै आर्थिक लाभ नहुने देखिएकाले परम्परागत कृषिकार्यतिर प्रवृत्त हुनुभयो । त्यसपछि हामीहरू लामो समयसम्म कृषिकार्यमा संलग्न भयौँ । पछि छोरा–छोरीको शिक्षा–दीक्षाका लागि जनकपुर सहरमा जानुपर्ने भयो । हामीहरू जनकपुरमै आई बस्न थाल्यौँ । मलाई पढाउने काम गर्न मन लाग्यो भनी उहाँले आफ्ना गुरु हे.प. जीवनाथ झालाई अनुरोध गर्नुभयो । मैले शिक्षण पेसामा लाग्नुपर्दछ भन्दा उहिले तिमीले मानेनौ तर अहिले तिमीलाई यहीँ पेसा अँगाल्न मन लाग्यो भन्दै जीवनाथ गुरुले तत्काल नै शिक्षण सेवामा संलग्न गराउनुभयो । तात्कालिक समयमा गुरुहरू मेरा श्रीमान्को धेरै सम्मान गर्नुहुन्थ्यो । सम्भवतः यो उहाँको विद्वत्ता र व्यवहारको परिणाम थियो । यसरी लामो समयसम्म अध्यापन कार्यमा संलग्न भएर समयभन्दा पहिले नै हामीहरूलाई अभिभावकविहीन बनाउँदै उहाँले पाञ्चभौतिक शरीर त्याग गर्नुभयो ।

रोहिणीवल्लभज्यू विद्यार्थी अवस्थामा र गृहस्थाश्रम सञ्चालनमा व्यस्त भएका समयमा पनि नेपाली र संस्कृतभाषामा कविताहरू लेख्ने र अध्ययन गर्ने गर्नुहुन्थ्यो। पढाउन थालेपछि लेखनकार्यलाई बढी महत्त्व दिन लाग्नुभयो । मटिहानीबाट धरान सरुवा भएको बेलामा त बिहानदेखि बेलुकासम्म लेख्नेमात्रै काम गर्नुहुन्थ्यो । समय मिल्यो कि कापी–कलम लिएर कविता लेख्न थाल्नु उहाँको विशेषता नै भएको थियो । एक दिन हामीहरू वराहाक्षेत्र घुम्न गएका थियौं, अरूहरू त्यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठाउँको सौन्दर्य हेर्नमा व्यस्त भए भने मेरा पतिदेव उक्त सुन्दर दृश्यलाई कविताका माध्यमले उपस्थापन गर्न समेत लाग्नुभयो । लेखन कार्यमा व्यस्त भएपछि उहाँ अरू सबै कुराहरू बिर्सनुहुन्थ्यो । उहाँको सान्निध्यबाट प्राप्त यस्ता अनुभवहरू मेरा मानसपटलमा अझै ताजा छन् । उच्च शिक्षा विहारबाट प्राप्त गरेको भए तापनि अध्यापन कार्यमा संलग्न भएपछि उहाँको बनारसका विद्वान्हरूसित धेरै सम्पर्क भएको थियो । उहाँ बारम्बार बनारस जानुहुन्थ्यो र विद्यावारिधि उहाँले बनारसबाटै गर्नुभएको थियो । पछिल्लो पटक बनारस जाँदा म पनि उहाँसँगै गएकी थिएँ । बनारसको प्रचण्ड गर्मीले खलखल बगिरहेका पसिनाले सबै कपडा निथ्रुक्क भिजेका अवस्थामा पनि उहाँ कविता लेख्न मै व्यस्त देखिनुहुन्थ्यो। आफूले लेखेका कविताहरू अरूलाई सुनाउन चाहने उहाँको स्वभाव थियो । दिनभर अध्ययन, अध्यापन, लेखन र पुस्तकहरूको संरक्षणमा संलग्न रहनु उहाँको दैनिकी नै थियो ।

म आफू अनपढ भएकीले पतिले के लेख्नुहुन्छ भन्ने कुरा खासै थाहा पाउँदिनथेँ । उहाँले नेपालीमा लेखेको र प्रकाशनसमेत गरेको **महाभारतीय यक्षयुधिष्ठरसंवाद** भने सुन्ने र पढ्ने गर्थें । उहाँले नेपालीमा लेखेका **विधवाको विलाप**जस्ता कविताहरू मैले सुन्ने अवसर पाएकी थिएँ तर ती कविताहरू अहिले के भए मलाई नै थाहा छैनँ । संस्कृतमा लेखिएका प्रायः सबै काव्यहरू साफी गरी प्रकाशनका लागि संस्कृत-अध्ययन संस्थान र संस्कृत विश्वविद्यालयमा पठाउने गर्नुहुन्थ्यो, प्रकाशित हुन नसकेका उक्त पाण्डुलिपिहरू कुन अवस्थामा छन्, थाहा छैन । भविष्यमा अवश्य नै खोजी हुनेछ होला ।

म जनकपुरमा अवस्थित आफ्नो घर भएको बेला विद्वान् नुरापति पोखरेलसित भेट भयो । वार्तालापका प्रसङ्गमा मेरा पतिदेवद्वारा लेखिएका प्रकाशित ग्रन्थ तथा अप्रकाशित पाण्डुलिपिहरूका बारेमा समेत लामो चर्चा भयो । उहाँले ती पाण्डुलिपिहरू कस्ता छन् भनी जिज्ञासा प्रकट गर्नुभयो । मैले पनि एउटा विद्वान्को मर्म अर्को विद्वान्ले बुझ्न सक्छ भनी घरमा भएका सम्पूर्ण कागजपत्रहरू उहाँलाई उपलब्ध गराइदिएँ । अर्कोपटक जनकपुर आउँदा पुनः उहाँसँग भेट भयो । उहाँले गुरुजीले धेरै उत्कृष्ट काव्यहरूको रचना गर्नुभएको रहेछ, यिनको प्रकाशन हुन सकेमा सबै साहित्यानुरागी लाभान्वित हुने थियौँ भन्नुभयो । तपाईं विद्वान् हुनुहुन्छ, कुनै एउटा राम्रो पुस्तक हेरी त्यसको प्रकाशनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि सहयोग गरिदिनुपर्‍यो भनी अनुरोध गरेँ । उहाँले नेपालको विशेषता देखाउने उद्देश्यले संस्कृतमा लेखिको र नेपालीमा अनुवादसमेत गरिएको 'नेपालगौरवम्' काव्यको प्रकाशन गरौं, यसको सम्पादन म आफै गरिदिन्छु भन्नुभयो । यसै बीच मेरा पतिदेवद्वारा लेखिएका स्फुटकर कविताहरूको सङ्कलन तथा सम्पादन गरी हामीहरूलाई दिनुभयो । यो काव्य हामीलाई राम्रो लाग्यो र घरपरिवारमा सल्लाह गरी प्रकाशन गर्ने अठोट गर्‍यौं।

पतिदेवद्वारा लिखित हामीले नै थाहा नपाएका प्रकाशित तथा अप्रकाशित २५ वटा ग्रन्थ रहेछन् । सम्पादकले यी ग्रन्थहरूका बारेमा विस्तृत सूचनाहरू दिनुभएको छ । साथै सम्पादकले प्रस्तुत कवितासङ्ग्रहलाई तीन खण्डमा विभक्त गरी प्रत्येक खण्डमा समाविष्ट कविताहरूको अलग-अलग विश्लेषणसमेत गर्नुभएकाले कविताको मर्म बुझ्न सहयोग मिल्नेछ भनी मैले ठानेकी छु । प्रस्तुत सम्पादनले भविष्यमा मेरा पतिद्वारा लिखित अन्य ग्रन्थहरूको समेत अन्वेषण र अनुसन्धान गर्न सहयोग मिल्नेछ भन्ने आशा लिएकी छु ।

अन्त्यमा, सम्भव भएसम्म अन्य ग्रन्थहरूको प्रकाशन गर्ने अठोट व्यक्त गर्दछु । प्रस्तुत कवितासङ्ग्रहका सम्पादकको उज्ज्वल भविष्यको कामनाका साथै दिवङ्गत पतिदेवका आत्माले चिरशान्ति प्राप्त गरोस् भन्ने कामनासहित विराम लिन्छु । अस्तु !

पतिका मनमा मेरा फुरेका भावनाहरू।
पाई लेखनीको स्पर्श व्यक्तिए कविता बनी ।।
उहाँको चित्तले पाओस् चिरशान्ति सदा भनी ।
प्रकाशन गरी विद्वद्वर्गमा गर्छु अर्पण ।।

सरस कोमल पद्य समन्वित
सुकविका कविता गरी सङ्ग्रह ।
परिचयादि समेटी विनिर्मित
सुजनमा रचना छ समर्पित ।।

प्रकाशिका
श्रीमती रत्नकुमारी देवी पोख्रेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

भूमिकाखण्डः

भावावर्तका लेखक कवि रोहिणीवल्लभ पोखेलको परिचय १
कवि रोहिणीवल्लभ पोखेलका कृतिहरूको परिचय ३
भावावर्त कवितासङ्ग्रह र यसको नामकरण ३३
भावावर्तमा समाविष्ट कविताहरूको लेखनकाल ३५
भावावर्तका सम्बन्धमा उक्त ग्रन्थका लेखकको भनाइ ३७
भावावर्तमा समाविष्ट कविताहरूको परिचय ३८
निष्कर्ष तथा उपसंहार ५६
भावावर्तः

प्रथमखण्डः

प्रभातवर्णनम् १
हिमालयवर्णनम् २
नेपालवर्णनम् ३
विद्यार्थि-जीवनम् ४
वसन्तवर्णनम् ५
ग्रीष्मवर्णनम् ५
शरद्वर्णनम् ६
सन्ध्यावर्णनम् ७
हेमन्तवर्णनम् ८
सस्कृतस्य महत्त्वम् ९
वसन्तश्रीः १०
शुभाभिनन्दनम् १२
श्रीहनूमद्वैभवामृतम् १४
भावानुबन्धनम् १६
मतिहानिं न तनोति मृत्खनिः १८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्ध्वगा पदवी २२
नगापगा २४
पिच्छिला रथ्या २६
स्फुटपद्यानि २७

द्वितीयखण्डः

श्रीद्‌नायबबडागुरुवर्याणां जुनानाथपण्डितानां शुभाऽभिनन्दनम् २९
शुभाशंसनानि ३१
स्फुटपद्यानि ३२
सुवर्णम् ३६
स्वर्गीयश्रीपालशर्मणे श्रद्धाञ्जलिः ३७
वृक्षः ३८
स्फुटपद्ये ४०
शुभकामना ४०
महामण्डलेश्वरश्री१०८स्वामीश्वरानन्दमहाभागानां शुभाऽभिनन्दनम् ४१
शुभाभिनन्दनम् ४३
स्फुटपद्यानि ४४
नववर्षाभिनन्दनम् ४५
हिमालयो वा महिमालयो वा ४५
सरस्वत्या महः ४५
विकासायोद्यता वयम् ४६
पयोधरसंस्थितिः ४७

तृतीयखण्डः

भोलानाथझाशर्मणोऽभिनन्दनम् ४९
विविधपद्यावलिः ५०
काष्ठमण्डपः ५३
पञ्चवटी ५४
विभावना ५७
राजा ६०
गद्यनिबन्धनम् (प्राक्कालिकम्) ६१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिकाखण्ड:

भावावर्तका लेखक कवि रोहिणीवल्लभ पोख्रेलको परिचय

ओखलढुङ्गा जिल्लाको चनौटे नारायणस्थानमा पुर्ख्यौली बसोबास भई हालको सिराहा जिल्लाको भवानीपुर गा.वि.स. बाखर छपरी गाउँमा बसाइँ सरी आएका आत्रेयगोत्री रघुनाथ पोख्रेल र उनकी धर्मपत्नी विष्णुप्रिया देवीको ज्येष्ठ सुपुत्रका रूपमा उक्त बाखर छपरी गाउँमै १९९५/८/१५ मा (२०१८/८/१४ को हे.प. बलदेव झाको हस्ताक्षर रहेको प्रमाणपत्रका आधारमा) कवि रोहिणीवल्लभ पोख्रेलको जन्म भएको थियो ।[१] उनले प्रारम्भिक शिक्षा गाउँमै (भारतको जयनगरमा) प्राप्त गरेको भए पनि पछि जनकपुर गई राममन्दिरका साथै ज्ञानकूपबाट उच्च शिक्षा प्राप्त गरेका थिए । कामेश्वरसिंह संस्कृत विश्वविद्यालय (तात्कालिक विहार-संस्कृत-समिति) बाट ई. १९४८ मा प्रा. व्याकरण विषयमा प्राचीनमध्यमा, ई. १९५० मा साहित्य विषयमा प्राचीन शास्त्री र ई. १९५२ (वि.सं. २००९) मा साहित्य विषयमा प्राचीन आचार्य परीक्षा उत्तीर्ण गरेका उनले 'अखिलभारतवर्षीया-ध्यात्मिक-संस्कृत-विश्वविद्यालय (वाराणसी) बाट ई. १९५३ (वि.सं. २०१०) मा हिन्दी विषयमा आचार्य परीक्षा उत्तीर्ण गरी 'साहित्यरत्न' पदवीसमेत प्राप्त गरेका थिए । सम्पन्न परिवारमा जन्मिएकाले औपचारिक शिक्षा पूरा गरेपछि घरगृहस्थी सञ्चालनमा लागेका रोहिणी गाउँका मनोनित प्रधानपञ्चसमेत भएका थिए । पछि पैसा खर्च नगरेकाले प्रधानपञ्चको निर्वाचनमा पराजित भएका र पैतृक सम्पत्तिमा अंशबण्डा भएकाले पारिवारिक समस्याबाट केही मुक्त भएका उनी २०२५ सालतिर शिक्षण पेसाप्रति आकर्षित भए । २०२५/७/२५ बाट अस्थायी नियुक्ति र २०२६/१/१ बाट स्थायी नियुक्ति पाई याज्ञवल्क्य संस्कृत महाविद्यालयबाट पहिले नेपाली शिक्षकका रूपमा र पछि संस्कृत शिक्षकका

१. लेखककी धर्मपत्नी रत्नकुमारी देवीबाट प्राप्त जानकारीअनुसार रोहिणीवल्लभ पोख्रेलको जन्म मिति १९८५ साल भाद्र हरितालिकाका दिन भएको थियो । यही नै उनको वास्तविक जन्मतिथि हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा अध्यापन पेसामा संलग्न भएका उनी २०३० सालसम्म उक्त महाविद्यालयमै कार्यरत रहेका थिए। त्रिभुवन विश्वविद्यालयको समस्तर निर्धारणसम्बन्धी नियममा आबद्ध हुनु पर्ने भएकाले २०२७/२०२८ सालतिर वाराणसेय संस्कृत विश्वविद्यालय (सम्पूर्णानन्द) बाट साहित्य विषयमा आचार्य परीक्षा उत्तीर्ण गरे। नयाँ शिक्षा लागू भएपछि संस्कृत अध्ययन संस्थानबाट उप-प्राध्यापक पदमा नियुक्ति पाएका उनको २०३०/४/१ गतेदेखि या.ल.ना विद्यापीठ (मटिहानी, महोत्तरी) मा पदस्थापन हुन्छ। २०३३ साल चैत्र १४ गतेदेखि २०३५ साल श्रावण २ गतेसम्म पिण्डेश्वर विद्यापीठ (धरान, सुनसरी) र २०४७/४/२२ गतेदेखि २०४८/१/८ गतेसम्म केन्द्रीय विद्यापीठ (बेलझुण्डी, दाङ) मा अध्यापन गरे तापनि बाँकी समय उनी उक्त या.ल.ना. विद्यापीठमा नै सेवारत रहन्छन्। उनी श्री ५ को सरकार राष्ट्रिय शिक्षा समितिबाट २०३५ सालको शिक्षा दिवस पुरस्कारबाट सम्मानित हुन्छन्। २०३६ सालमा त्रिभुवन विश्वविद्यालयबाट अनिवार्य नेपाली विषयको विशिष्ट परीक्षा दिई शास्त्री तह उत्तीर्ण गरेका उनी मूलतः साहित्य विषयका उप-प्राध्यापक भए तापनि २०३६ सालसम्म नै नेपाली र संस्कृत साहित्यका (प्राप्त प्रमाणपत्रका आधारमा) उप-प्राध्यापकका रूपमा कार्यरत रहन्छन्। २०३७/०३८ सालको शिक्षक विकास कार्यक्रमअन्तर्गत २०३८/३/५ गतेदेखि लागू हुने गरी तीनबर्से अध्ययन बिदा पाई सम्पूर्णानन्द सं.वि.वि.बाट कैलासपति त्रिपाठीको ? निर्देशकत्वमा कार्यकारण-भावमूलकानामलङ्काराणां समीक्षात्मकमध्ययनम् शीर्षकमा अनुसन्धानात्मक शोधप्रबन्ध तयार गरी ई. १९८७ मा विद्यावारिधि उपाधि प्राप्त गर्दछन्। २०४५ साल आषाढ २७ गतेबाट या.ल.ना.वि.पी. मटिहानीमा प्राचार्य पदमा नियुक्त भई प्रशासनिक अनुभव प्राप्त गरेका, केही समयपछि उक्त पदबाट र आन्तरिक विवादका कारण २०४९/३/२० देखि अध्यापन पेसाबाटै राजिनामा दिएका उनले २०५२/६/१० मा नश्वर पाञ्चभौतिक शरीरलाई विसर्जन गर्दछन्। आजीवन नै नेपाली भाषा र संस्कृतभाषाको सेवामा समर्पित, सरल स्वभाव र मधुर व्यवहारका धनी, सरस्वतीका वरदपुत्र यिनै रोहिणीवल्लभ पोखेलद्वारा रचित आरम्भिक फुटकर कविताहरूको सङ्ग्र हो **भावावर्तः**।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि रोहिणीवल्लभ पोख्रेलका कृतिहरूको परिचय

संस्कृत, नेपाली र मैथिली भाषामा कलम चलाउने रोहिणीवल्लभले संस्कृत तथा नेपाली भाषामा अनेक पुस्तकाकार कृतिहरूको रचना गरेका छन्। यहाँ संस्कृत र नेपाली दुबै भाषामा लिखित, प्रकाशित तथा अप्रकाशित पुस्तकाकार सम्पूर्ण कृतिहरूको मूलतः लेखन क्रमानुसार परिचय प्रस्तुत गरिन्छ –

१. धातुपाठकारिकावली (लेखन समय – २००७)

शवादिविकृतिभाजां धातूनां कारिकावली ।
अनूद्यते सुबोधाय रोहिणीशर्मणामुना ।।

भन्ने प्रतिज्ञाका साथ आरम्भ गरिएको विद्यार्थी अवस्थामै लिखित प्रस्तुत धातुपाठकारिकावलीमा व्याकरणको प्रसिद्ध ग्रन्थ सिद्धान्तकौमुदीका दशगणमा पठित धातुहरूलाई अलग–अलग अनुष्टुप् छन्दमा ठाउँ ठाउँमा उदितादिका साथै परस्मैपदादि निर्देशन गर्दै पद्यबद्ध गरिएको छ । पद्यानुरोधले गर्दा कुनै कुनै धातु तलमाथि पारिएको छ भने धातुको अनुरोधले गर्दा कतिपय आवश्यक ठाउँमा पनि सन्धि गरिएको छैन । उपसंहार पद्यमा पनि एक ठाउँमा छन्दोभङ्ग भएको छ। कुतूहलतावश आरम्भ गरिएको प्रस्तुत ग्रन्थ २००७ सालमा लेखिसकिएको थियो भन्ने कुरा निम्नलिखित ग्रन्थान्तका दुई पुष्पिकापद्यबाट थाहा पाइन्छ–

सप्ताभ्रव्योमेक्षण(२००७)वैक्रमेसिते मरीचीनां मालिनि चाधिकन्यकम् ।
समापितेयं सुधियां मुदे चिरं प्रकल्पतां रोहिणीशर्मणो नतिः ।।१।।

कुतूहलाविष्टमना मनागयं प्रवर्तमानश्चपलोनुवादने ।
प्रमोदहेतोः कृतिनां सुलोहला न जायते बालवचःप्रवृत्तिः ।।२।।

प्रस्तुत पुस्तकमा भ्वादिगणीय धातु २३५ पद्यमा, अदादिगणीय धातु २५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा अध्यापन पेसामा संलग्न भएका उनी २०३० सालसम्म उक्त महाविद्यालयमै कार्यरत रहेका थिए। त्रिभुवन विश्वविद्यालयको समस्तर निर्धारणसम्बन्धी नियममा आबद्ध हुनु पर्ने भएकाले २०२७/२०२८ सालतिर वाराणसेय संस्कृत विश्वविद्यालय (सम्पूर्णानन्द) बाट साहित्य विषयमा आचार्य परीक्षा उत्तीर्ण गरे। नयाँ शिक्षा लागू भएपछि संस्कृत अध्ययन संस्थानबाट उप-प्राध्यापक पदमा नियुक्ति पाएका उनको २०३०/४/१ गतेदेखि या.ल.ना विद्यापीठ (मटिहानी, महोत्तरी) मा पदस्थापन हुन्छ। २०३३ साल चैत्र १४ गतेदेखि २०३५ साल श्रावण २ गतेसम्म पिण्डेश्वर विद्यापीठ (धरान, सुनसरी) र २०४७/४/२२ गतेदेखि २०४८/१/८ गतेसम्म केन्द्रीय विद्यापीठ (बेलझुण्डी, दाङ) मा अध्यापन गरे तापनि बाँकी समय उनी उक्त या.ल.ना. विद्यापीठमा नै सेवारत रहन्छन्। उनी श्री ५ को सरकार राष्ट्रिय शिक्षा समितिबाट २०३५ सालको शिक्षा दिवस पुरस्कारबाट सम्मानित हुन्छन्। २०३६ सालमा त्रिभुवन विश्वविद्यालयबाट अनिवार्य नेपाली विषयको विशिष्ट परीक्षा दिई शास्त्री तह उत्तीर्ण गरेका उनी मूलतः साहित्य विषयका उप-प्राध्यापक भए तापनि २०३६ सालसम्म नै नेपाली र संस्कृत साहित्यका (प्राप्त प्रमाणपत्रका आधारमा) उप-प्राध्यापकका रूपमा कार्यरत रहन्छन्। २०३७/०३८ सालको शिक्षक विकास कार्यक्रमअन्तर्गत २०३८/३/५ गतेदेखि लागू हुने गरी तीनबर्से अध्ययन बिदा पाई सम्पूर्णानन्द सं.वि.वि.बाट कैलासपति त्रिपाठीको ? निर्देशकत्वमा कार्यकारण-भावमूलकानामलङ्काराणां समीक्षात्मकमध्ययनम् शीर्षकमा अनुसन्धानात्मक शोधप्रबन्ध तयार गरी ई. १९८७ मा विद्यावारिधि उपाधि प्राप्त गर्दछन्। २०४५ साल आषाढ २७ गतेबाट या.ल.ना.वि.पी. मटिहानीमा प्राचार्य पदमा नियुक्त भई प्रशासनिक अनुभव प्राप्त गरेका, केही समयपछि उक्त पदबाट र आन्तरिक विवादका कारण २०४९/३/२० देखि अध्यापन पेसाबाटै राजिनामा दिएका उनले २०५२/६/१० मा नश्वर पाञ्चभौतिक शरीरलाई विसर्जन गर्दछन्। आजीवन नै नेपाली भाषा र संस्कृतभाषाको सेवामा समर्पित, सरल स्वभाव र मधुर व्यवहारका धनी, सरस्वतीका वरदपुत्र यिनै रोहिणीवल्लभ पोखेलद्वारा रचित आरम्भिक फुटकर कविताहरूको सङ्ग्र हो **भावावर्तः**।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि रोहिणीवल्लभ पोख्रेलका कृतिहरूको परिचय

संस्कृत, नेपाली र मैथिली भाषामा कलम चलाउने रोहिणीवल्लभले संस्कृत तथा नेपाली भाषामा अनेक पुस्तकाकार कृतिहरूको रचना गरेका छन्। यहाँ संस्कृत र नेपाली दुबै भाषामा लिखित, प्रकाशित तथा अप्रकाशित पुस्तकाकार सम्पूर्ण कृतिहरूको मूलतः लेखन क्रमानुसार परिचय प्रस्तुत गरिन्छ –

१. धातुपाठकारिकावली (लेखन समय – २००७)

शवादिविकृतिभाजां धातूनां कारिकावली ।
अनूद्यते सुबोधाय रोहिणीशर्मणामुना ।।

भन्ने प्रतिज्ञाका साथ आरम्भ गरिएको विद्यार्थी अवस्थामै लिखित प्रस्तुत धातुपाठकारिकावलीमा व्याकरणको प्रसिद्ध ग्रन्थ सिद्धान्तकौमुदीका दशगणमा पठित धातुहरूलाई अलग–अलग अनुष्टुप् छन्दमा ठाउँ ठाउँमा उदितादिका साथै परस्मैपदादि निर्देशन गर्दै पद्यबद्ध गरिएको छ । पद्यानुरोधले गर्दा कुनै कुनै धातु तलमाथि पारिएको छ भने धातुको अनुरोधले गर्दा कतिपय आवश्यक ठाउँमा पनि सन्धि गरिएको छैन । उपसंहार पद्यमा पनि एक ठाउँमा छन्दोभङ्ग भएको छ। कुतूहलतावश आरम्भ गरिएको प्रस्तुत ग्रन्थ २००७ सालमा लेखिसकिएको थियो भन्ने कुरा निम्नलिखित ग्रन्थान्तका दुई पुष्पिकापद्यबाट थाहा पाइन्छ–

सप्ताभ्रव्योमेक्षण(२००७)वैक्रमेसिते मरीचीनां मालिनि चाधिकन्यकम् ।
समापितेयं सुधियां मुदे चिरं प्रकल्पतां रोहिणीशर्मणो नतिः ।।१।।

कुतूहलाविष्टमना मनागयं प्रवर्तमानश्चपलोनुवादने ।
प्रमोदहेतोः कृतिनां सुलोहला न जायते बालवचःप्रवृत्तिः ।।२।।

प्रस्तुत पुस्तकमा भ्वादिगणीय धातु २३५ पद्यमा, अदादिगणीय धातु २५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्यमा, जुहोत्यादिगणीय धातु १३ पद्यमा, दिवादिगणीय धातु ४२ पद्यमा, स्वादिगणीय धातु १० पद्यमा, तुदादिगणीय धातु ४६ पद्यमा, रुदादिगणीय धातु १० पद्यमा, तनादिगणीय धातु ४ पद्यमा, क्र्यादिगणीय धातु १८ पद्यमा र चुरादिगणीय धातु १०३ पद्यमा समेटिएका छन् । अन्त्यमा अनुक्ता धातवस्त्वत्र विज्ञेयाः सुविचक्षणैः भनिएको छ । नमुनाका लागि प्रस्तुत पुस्तकको प्रथम पद्य हेरौँ–

भूसत्तायां भवेद्धातुः परस्मैपदसंज्ञकः ।
एधवृद्धौ समाख्यातः स्पर्धः सङ्घर्षणे तथा ।।१ ।।

स्मरण रहोस् लेखकले **काव्यप्रकाशः** (२००९) ध्वन्यालोक र कारिकावलीका मूल पद्यहरूको सङ्ग्रह गरेको पाइन्छ । काव्यप्रकाशः श्लोकसङ्ग्रहको आरम्भमा यस्तो लेखिएको छ –

वाग्देवीमभिवन्द्याथ मम्मटोक्तिसुधासिताम् ।
कारिकां धीविलासानां मनसोपास्य कारिकाम् ।।१ ।।
व्याख्यानगहनां प्रेक्ष्यं कारिकां कीर्णतां गताम् ।
आवर्तितुमनूदितां विधत्ते वल्लभोभयः ।।२ ।।

२. **महाभारतीय–यक्षयुधिष्ठिर–संवाद** (प्रकाशन वर्ष – २०१७)

पशुपति पुस्तक भण्डार काठमाडौंबाट ऋषभदेव शर्मा रेग्मीको परिचय नामक भूमिकासहित प्रकाशित **महाभारतीय–यक्षयुधिष्ठिर–संवाद** महाभारतको वनपर्वमा रहेको यक्ष–युधिष्ठिर संवादको नेपाली भाषामा गरिएको पद्यानुवाद हो। वसन्ततिलका छन्दमा ६३+३ = ६६ श्लोकमा रचित प्रस्तुत पुस्तकले लेखकको अनुवादकला र लेखकत्वसमेत झल्काउँछ । मूलको अनुष्टुप् छन्दलाई वसन्ततिलका छन्दमा अनुवाद गर्दा आवश्यक पर्ने अतिरिक्त शब्दहरूको समेत चयन गरिएको छ । अतएव ग्रन्थ छायाँनुवादजस्तो नभई भावानुवादजस्तो बन्न गएको छ र अनुवादकको लेखकत्वसमेत प्रकट भएको छ । प्रश्नोत्तरमा क्रमबद्धता भए तापनि मूलका एउटा पद्यमा भएका प्रश्न तथा उत्तरहरू तलमाथि गरिएको छ । मूलमा यक्ष र युधिष्ठिर संवादसित सम्बद्ध ७४ पद्य रहे तापनि प्रस्तुत काव्यमा ६३ पद्यमात्र रहेकाले मूलका केही पद्यहरूको अनुवाद गरिएको छैन भन्ने स्पष्ट हुन्छ । प्रस्तुत काव्य नै लेखकको प्रथम प्रकाशित रचना भए तापनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसपूर्व नै उनका फुटकर रचनाहरू पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका थिए भन्ने कुरा ऋषभदेव शर्माको परिचयबाट थाहा पाइन्छ । उदाहरणका लागि प्रस्तुत ग्रन्थको एउटा पद्य यसप्रकार छ –

आश्चर्य के ? कुन सुखी जगमा महान ?
के हो प्रवृत्ति कुन मार्ग यहाँ प्रधान ?
यै हो नि सम्झ अब अन्तिम प्रश्न बाबू,
एकेकको विशद उत्तर झट्ट देऊ ।।

प्रस्तुत ग्रन्थको विश्लेषणका सन्दर्भमा उपजीव्यसँगको तुलनात्मक अध्ययन र भाषिक अध्ययन अपेक्षित देखिन्छ ।

३. **क्षमाप्रार्थना** (लेखन समय – २०१७ ?)

नेपाली भाषामा वसन्ततिलका छन्दमा ७५ पद्यमा संरचित **क्षमाप्रार्थना** भक्तिकाव्य (स्तुतिकाव्य) हो, जसलाई लेखकले नेपाली मुक्तक काव्य भनेका छन् । यहाँ जीवनमा गर्नुपर्ने शास्त्रनिर्दिष्ट परोपकारमय र परलोकसाधक कुनै पनि सत्कर्म नगरिए तापनि दया देखाई मलाई क्षमा दिनुहोस् भनी भगवान्सँग नम्र प्रार्थना गरिएको छ । प्रथम पद्य र अन्तिम पद्यबाहेकका सबै पद्यका चतुर्थ चरणमा **माफी म पाउँ अपराध दयानिधान** भनिएको छ । काव्यको अन्त्यमा अनन्तकोटि ब्रह्माण्डका निर्माता भगवान्सँग भक्ति दिनुहोस् भनी वर मागिएको छ । प्रस्तुत ग्रन्थको अध्ययनबाट लेखकलाई शास्त्र र लोकव्यवहार अनुकूलको इतिकर्तव्यताको बोध थियो भन्ने बुझिन्छ । भौतिकवादतर्फ उन्मुख हुँदै धनसञ्चयका लागि गरिने विभिन्न कार्यले वास्तविक सुख दिन सक्दैन र कल्याण पनि हुँदैन भन्ने आशय व्यक्त गरिएको छ । वेद तथा पुराण आदिद्वारा प्रतिपादित कार्यद्वारा नै पारमार्थिक सुख र कल्याण हुन्छ भनिएको छ । भगवान्सँग क्षमाप्रार्थना गर्ने सन्दर्भमा सामाजिक विकृति र विसङ्गतिको पनि उद्घाटन गरिएको छ । युवावस्थामा लेखिए तापनि प्रस्तुत ग्रन्थ वृद्धावस्थामा वैराग्यले युक्त भएका लेखकले रचना गरेको कृति जस्तो बनेको छ । जीवनाथ शर्मा झाद्वारा संस्कृत भाषामा लिखित सम्मतिमा २०१७/११/११/७ मिति अङ्कित भएकाले अप्रकाशित प्रस्तुत ग्रन्थको रचना २०१७ सालमा भएको मात्नु पर्दछ । सरल तथा भावप्रधान 'क्षमाप्रार्थना' काव्यका दुई पद्य यहाँ नमुनाका रूपमा प्रस्तुत गरिन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फोस्रा अनेक थरिका उपमा भिरेर सत्शास्त्रका वचनलाई खिसी गरेर ।
चोखो जुठोतिर पनि दिइएन ध्यान, माफी म पाउँ अपराध दयानिधान ।।५७।।
साना अबोध शिशुको गरने विवाह स्वर्वासको मनमहाँ भइ बेस चाह ।
वास्ता नराखिकन दुर्गतिका महान माफी म पाउँ अपराध दयानिधान ।।६६।।

दोस्रो उदाहरणले लेखकको भक्ति बढ्दो सामाजिक चेतनाको प्रतिकूल थिएन भन्ने स्पष्ट हुन्छ । वर्णाश्रम धर्मप्रति आस्था प्रकट गरिए तापनि त्यसभित्र रहेका विकृतिको पनि उद्घाटन गरिएको छ । जस्तै–

आचारको प्रणतिको रति छैन होस विप्रत्वको मनमहाँ मद मान उग्र ।
ईर्ष्या र दैन्यगतिले अति सत्त्वहीन, माफी म पाउँ अपराध दयानिधान ।।३१।।

यहाँ चाकडी प्रथाको तीव्र विरोध प्रकट गरिएको छ ।

४. अनुग्रहः (सुदामाचरित्र, लेखन समय २०१७/०१८ ?)

श्रीमद्भागवतादि पुराणमा प्रसिद्ध ब्राह्मण सुदामा र द्वारकाधीश श्रीकृष्णको मित्रतामा आधारित, सुदामाको गरिबी र भगवद्भक्तिका साथै श्रीकृष्णको मित्रवत्सलता र परोपकारिता (अनुग्रह) लाई अभिव्यञ्जित गर्ने अनुग्रह (सुदामा चरित) विभिन्न खण्डमा विभक्त वसन्ततिलकादि छन्दको प्रयोग गरिएको ३०० जति पद्य भएको मौलिक खण्डकाव्य हो । सायंकालमा पतिको सेवा गरिरहेकी सुदामाकी पत्नीद्वारा आफूहरूको दयनीय अवस्था प्रकट गर्दै सुदामालाई द्वारका जान आग्रह गरेको वर्णनबाट आरम्भ गरी द्वारका पुगी फर्केका सुदामा आफ्नो भव्यमहलमा प्रवेश गरेसम्मको इतिवृत्त समेटिएको प्रस्तुत काव्यमा मूलतः श्रीमद्भागवत् पुराणको दशम स्कन्धको ८१/८२ अध्यायलाई उपजीव्य बनाइएकाले अन्य अतिरिक्त कथानकको माध्यमबाट फूलबुट्टा भर्ने काम गरिएको छैन । वसन्ततिलका छन्दमा रचिएको र ब्राह्मणीको एकहोरो गन्थन समेटिएको प्रथम खण्डमा ब्राह्मणीले पहिले आफ्नो र आफ्नो घर परिवारको दयनीय अवस्था देखाएकी छन् र आफ्ना विद्वान् पतिलाई पौरोहित्य, ज्योतिषदर्शन, अध्यापन आदि कुनै पेसा अङ्गालेर कठिन जीवन मार्गलाई सरल बनाउन आग्रह गरेकी छन् भने अन्त्यमा द्वारकाधीश श्रीकृष्ण स्वयं जगदीश भएकाले उहाँलाई भेट्न जानुहोस् हाम्रो कल्याण हुनेछ भनी अनुरोध गरेकी छन् । अर्कादिन बिहानै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उठेकी ब्राह्मणी एकातर्फ भगवदाराधनामा तल्लीन देखिन्छिन् भने अर्कातिर अरुणोदयको जागरणपछि द्वारकातिर प्रस्थान गर्न लागेका सुदामामा उत्साह, स्फुर्ति र प्रसन्नता देखिन्छ । शुभ शकुन देखेर प्रसन्न भएका सुदामाले आफै ती शकुनहरूको लामो विश्लेषण गरेका छन् । बाटामा कल्पनालोकको मित्र मिलनको सुखद अनुभूतिमा उनी हराएका छन् । सायंकालमा चन्द्रोदयसँगै द्वारका पुगेका सुदामाले मित्रमिलनपछि बाटामा फर्केर आउँदा श्रीकृष्णले आफूलाई सम्पत्ति नदिएकामा विभिन्न तर्क गर्दै आफ्नो मनलाई समाल्न सकेका छन् तर साँझको समयमा आफ्नो गाउँ नजिक पुग्दा आफ्नो पुरानो झोपडी आदि केही पनि नदेख्दा मन समाल्न नसकी करुणक्रन्दन गरेका छन् । दोहोरो वार्तालापलाई भन्दा एकोहोरो गन्थनलाई लेखकले बढी महत्त्व दिएका छन् । सुरुको ब्राह्मणीको व्यक्त गन्थन र मध्यको ब्राह्मणको अव्यक्त गन्थनलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । लेखक गरिबीको कारुणिकता र भक्तिको उदात्तता प्रकट गर्न पूर्ण सफल भएका छन् । ब्राह्मणीको मुखबाट प्रकट गरिएको गरिबीपनाले निम्नवर्गीय नेपाली समाजको वास्तविकता पनि प्रकट गरेको छ । वियोगिनी छन्दमा लेखिएको ब्राह्मणीको भगवत्स्तुति र ब्राह्मण सुदामाको अन्त्यको विलाप आकर्षक बनेको छ। श्रीमद्भागवतमा वर्णित अक्रूरको व्रजगमन र सुदामाचरित्र प्रसङ्गको **दरिद्रा सीदमाना सा** वाक्यबाट लेखक प्रभावित भएको पाइन्छ । नेपाली भाषामा लेखिएको कुनै पुरानो सुदामा चरित्रको पनि यसमा प्रभाव परेको हुनसक्छ । गरिबी र भगवद्भक्तिलाई प्रकट गर्ने दुई पद्य यहाँ प्रस्तुत गरिन्छ –

तुन्छू दिनैदिन रती सिउनी अडिन्न,
गाँसे कति किसिमका टुकुरा गनिन्न ।
सारी भयो पतरिका झञि प्राणनाथ !
राख्ने कसोरी मञिले अव लोक लाज ।।२०।।
शरणागत दीन हीन छु असहारा भइ पाउ पर्दछु ।
अपराध सबै भुलीकन, हरनूहोस कुयोगको क्षण ।।१० ।।

प्राप्त प्रथम तथा द्वितीय पाण्डुलिपिका आधारमा प्रस्तुत पुस्तकको लेखनकाल थाहा पाउन सकिँदैन तापनि नेपाली काव्य लेखनको क्रममा २०१७/१८ सालतिर यसको लेखन भएको हुनसक्छ । प्रस्तुत ग्रन्थको प्रकाशन हुन सकेमा नेपाली खण्डकाव्यको परम्परामा एउटा महत्त्वपूर्ण ग्रन्थ थपिने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. प्रश्नोत्तरी (प्रकाशन वर्ष - २०१९)

प्रश्नोत्तरी भाषा र गुनिला कुरा शीर्षकमा २०१९ सालमा पं. कृष्णप्रसाद उपाध्यायको परिचय नामक भूमिकासहित प्रकाशित कृति हो **प्रश्नोत्तरी** । प्रस्तुत काव्यमा ५१ पद्य भएको जगद्गुरु शङ्कराचार्यद्वारा रचित अध्यात्मप्रधान प्रश्नोत्तरीलाई नेपाली भाषामा उपजाति छन्दमा पद्यवद्ध अनुवाद गरिएको छ । धेरै पहिले आदिकवि भानुभक्तद्वारा नेपाली भाषामा यसको अनुवाद गरिएको भएता पनि रोहिणीवल्लभद्वारा गरिएको अनुवादको आफ्नै विशेषता रहेको छ । अतुल शान्तिप्रदायक अध्यात्ममार्गतर्फ उन्मुख बनाउने प्रस्तुत पुस्तकलाई कल्याणकारक अनेक उपदेशले युक्त भएकाले अझै पनि उपादेय छ भनी रोहिणीवल्लभद्वारा अनुवाद गरिएको हो । अनुवादकका प्रश्नोत्तरीको अन्त्यमा रहेका पुष्पिकापद्यहरूबाट पनि उक्त कुरा स्पष्ट हुन्छ । प्रश्नोत्तरीको एउटा उदाहरण यसप्रकार छ–

> **विद्या भनूँ लौ कसलाई जाती ? जो लान्छ अध्यात्मविषे समाती ।**
> **के हो अहो ज्ञान भनी प्रसिद्ध? जो मुक्तिको कारण सर्वसिद्ध ।।१९।।**

प्रश्नोत्तरी भाषा र गुनिला कुरा शीर्षक दिइए तापनि ग्रन्थको अन्त्यमा **दुर्जन, गुनिला कुरा** र **आदर्श शिक्षा** नामक तीन मौलिक कविता पनि समावेश गरिएका छन् । पाँच पद्य भएको र प्रत्येक पद्यका अन्त्यमा **ठान्छन् विवेकी जन दुर्जन तेसलाई** भनी पद्यपूर्ति गरिएको **दुर्जन** कवितामा दुर्जनको लक्षण बताइएको छ । अनुष्टुप् छन्दमा ४१ पद्य रचित **गुनिला कुरा** कविता लेखनाथ पौड्यालको **नैतिकता** कविताको शैलीमा लेखिएको छ । यसलाई नैतिक कविताहरूको सङ्गालो पनि भन्न सकिन्छ । शार्दूलविक्रीडित छन्दमा १९ पद्यमा संरचित **आदर्श शिक्षा** कवितालाई पनि नैतिक कविताकै श्रेणीमा राख्न सकिन्छ । यसमा विशेषतः मानवका लागि प्रकृतिप्रदत्त आदर्श शिक्षाको वर्णन गरिएको छ । प्रस्तुत सङ्ग्रहमा सङ्कलित अनुवाद़परक र मौलिक दुबै कविता आध्यात्मिक दृष्टिले महत्त्वपूर्ण छन् र दुर्लभ मानवजीवनलाई सफल बनाउन अभिप्रेरित गरिरहेका छन् । यक्ष–युधिष्ठिर संवादको अनुवाद गरिसकेका लेखकको प्रस्तुत प्रश्नोत्तरी अनुवाद पनि सफल बनेको छ । प्रस्तुत सङ्ग्रहमा सङ्कलित कविताहरूको नमूनाका लागि गुनिला कुरा कविताबाट दुइटा पद्य उपस्थापन गरिन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू गौरव आफैले कहदैन महाजन ।
रत्नले आफनू मोल गर्दैन हलुको हुन ।।
कुनै काम पनि धेर सुभलो हुन्न जाननु ।
उदार बनिदा धेर मारिए कर्ण सम्झनू ।।

द्रष्टव्य – शङ्कराचार्य, भानुभक्त र रोहिणीका प्रश्नोत्तरीको तुलनात्मक अध्ययन अपेक्षित छ ।

६. विनतिपुष्पाञ्जलिः (सुमनःस्तवकः, प्रकाशन वर्ष – २०३९)

विनतिपुष्पाञ्जलिः (सुमनःस्तवकः) २०३९ सालमा प्रकाशित विभिन्न समयमा रचिएका विभिन्न देवदेवीका स्तुतिपरक स्फुटकर कविताको सङ्ग्रह अर्थात् स्तुतिकाव्य हो । आफ्ना पूज्य पिता श्रीरघुनाथलाई समर्पण गरिएको र लेखकको प्रथम प्रकाशित संस्कृत रचनाका रूपमा रहेको प्रस्तुत सङ्ग्रहमा सङ्कलित **श्रीहनूमद्वैभवामृतम्**को रचना २०३३ सालको आरम्भमा गरिएको हो । **शिवाराधनम्**अन्तर्गतको प्रथम कविता २०३६ सालको आश्विन महिनामा रचना गरिएको थियो भने अन्तिम **वैदेही विनतिः** कविताअन्तर्गतका दुबै स्फुटकर कविताहरू पनि २०३६ सालको असौज महिनामा नै रचिएका थिए । **शिवाराधनम्** अन्तर्गतको अन्तिम कविता लेखकले २०३६ सालमा लिखित वृत्तवाटिकामा (प्राप्त अपूर्ण पाण्डुलिपिका आधारमा) समावेश गर्न चाहेको बुझिन्छ । अतः अर्को ठोस प्रमाण प्राप्त नभएसम्म प्रस्तुत काव्यलाई २०३३ देखि २०३६ सालसम्म रचिएका भक्तिपरक कविताहरूको सङ्ग्रह मान्नुपर्छ । प्रस्तुत सङ्ग्रहमा सङ्कलित भुजङ्गप्रयातम् छन्दमा १० पद्यमा चरित **श्रीमदहनूमद्वैभवामृतम्**मा पवनपुत्र हनुमान्को स्तुति गर्दै उनीबाट कल्याणको कामना गरिएको छ । प्रथम पद्य शार्दूलविक्रीडित छन्दमा र अन्य पद्य उपजाति छन्दमा रचिएको ८ पद्य भएको **अभ्यर्थनाष्टकम्** कवितामा भगवान् शङ्करको आराधना गरिएको छ । वंशस्थ छन्दमा ६ पद्यमा संरचित **आशंसनम्** कवितामा भगवान्सँग आफ्नो उद्धारको याचना गरिएको छ । **शिवाराधनम्** कविताको प्रथमखण्डमा रहेका ६ पद्यमा र द्वितीयखण्डमा रहेका २० पद्यमा वसन्ततिलका छन्दको प्रयोग गरिएको छ तापनि द्वितीयखण्डमा रहेका सबै पद्यका अन्त्यमा **वन्दे महेश शिव ते चरणारविन्दम्** भनिएको छ । तृतीयखण्डमा रहेका ८ पद्यमा भने शारङ्गी छन्दको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग गरिएको छ । सम्पूर्ण कवितामा शिवका विभिन्न लीला र रूपाकृतिको स्मरण गर्दै आफ्नो अनुपम भक्ति प्रकट गरिएको छ । समस्यापूर्ति परम्परालाई अवलम्बन गर्दै रचना गरिएको **श्रीरामवन्दना** कवितामा **वन्दे महापुरुष! ते चरणारविन्दम्** भन्दै दशरथनन्दन श्रीरामको आराधना गरिएको छ । **वैदेही-विनतिः** कविताको प्रथमखण्ड **वन्दे जगज्जननि! ते चरणारविन्दम्** को समस्यापूर्ति गर्दै वसन्ततिलका छन्दको ४२ पद्यमा रचिएको छ भने द्वितीयखण्ड शिखरिणी छन्दमा ८ पद्यमा रचिएको छ । जगज्जननी जानकीका चरणारविन्दको वन्दना गर्दै उनमै शरणागतिको प्रार्थना गरिएको छ । समग्र कवितासङ्ग्रहले लेखकको धार्मिक भावनालाई अलङ्कृत शैलीमा प्रकट गरेको छ । उदाहरणका लागि **शिवाराधनम्**अन्तर्गतको एउटा पद्य प्रस्तुत गरिन्छ–

त्वामाशुतोषमवगत्य विभो! पुरस्ताद् बद्धाञ्जलिर्ह्यहमुपस्थित आदराद्वा।
आगः शतैरुपहताच्छकृतिर्विहस्तो नान्यं विदामि शरणं भुवि नीलकण्ठ! ।।६।।

७. धरानविजयपुरपरिचयः

२०३३ सालमा या.ल.ना. विद्यापीठ मटिहानीबाट उप–प्राध्यापक रोहिणीवल्लभको पिण्डेश्वर विद्यापीठ धरानमा सरुवा हुन्छ र **धरानविजयपुरपरिचयः** आदि अनेक काव्य तथा खण्डकाव्यका रचयिता कवि रोहिणीवल्लभको काव्यलेखनको उत्कर्षकाल आरम्भ हुन्छ । **धरानविजयपुरपरिचयः** पूर्वाञ्चलको सुनसरी जिल्लामा पर्ने धरान, विजयपुर र त्यसका परिसरमा रहेका मठमन्दिर आदिलाई विषयवस्तु बनाई मूलतः अनुष्टुप् छन्दमा लेखिएको परिचय प्रधान काव्य हो । प्रस्तुत काव्यको प्रारम्भिक लेखन २०३३ साल चैत्रमा आरम्भ गरी २०३४ साल ज्येष्ठमा समाप्त गरिएको थियो । तत्काल नै यसमा धेरै पद्यहरू थपिएका थिए । मूलखण्डमा पिण्डेश्वरपीठ, नन्दी, गणेश, अष्टभुजादेवी, दत्तात्रेय, रुद्राक्षारण्य, सरस्वतीकुण्ड, विद्यापीठ, दन्तकाली, भीमसेन, बालकुमारी, पञ्चकन्या आदिको किंवदन्ती र ऐतिहासिक पृष्ठभूमिका आधारमा वर्णन गरिएको छ । परिवर्धन प्रसङ्गमा **गादी गणेशस्थान** र **हनुमान् मन्दिर**को पनि वर्णन गरिएको छ । प्रस्तुत काव्यको आरम्भिक अंश **पिण्डेश्वरप्राङ्गणम्** शार्दूलविक्रीडित छन्दमा रचिएको छ तापनि बाँकी अंश लगभग अनुष्टुप् छन्दमा रचिएको छ । **विद्यापीठ सुषमा** शीर्षकअन्तर्गतका दुई पद्य उदाहरणका रूपमा प्रस्तुत गरिन्छ –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वन्द्वमुद्भूय सन्धुक्ष्य कर्म तत्पुरुषात्मकम् ।
अव्ययीभावसम्पन्ना च्छटा ब्रहुब्रीहीयते ।
समासान्तं बहूद्देशं श्रयन्ती नैकशेषधीः ।
विहस्यतेत्र प्रकृतिर्वृत्तिसङ्घटना पटुः ।।

विद्यापीठ सुषमाअन्तर्गत चन्द्रकान्तिः, समीरलीला, सौरीस्थितिः र मार्गको पृथक्-पृथक् वर्णन गरिएको छ । सौरी स्थितिको एउटा पद्य हेरौँ–

रससम्पदमादातुं प्रतापोदग्रविग्रहः ।
स्फुरत्करोपि शान्तात्मा ग्रहराजो मृदूयते ।।

अन्य प्रसङ्गमा भीमसेनको वर्णन परक एउटा अर्को पद्य पनि हेरौँ–

भीमोपि सुन्दराकारः पाण्डवोपि शितिद्युतिः ।
सगदोऽप्यगदाकारो महासत्त्वोऽप्यसत्त्वभृत् ।।

यहाँ द्विजराजति, विदग्धचरितायतेजस्ता नामधातुको प्रयोग गरिएको छ । विभिन्न अलङ्कारको माध्यमबाट काव्यलाई अलङ्कृत बनाउने प्रयास पनि गरिएको छ ।

द्रष्टव्य – प्राप्त प्रारम्भिक लेखनका आधारमा प्रस्तुत विवरण तयार गरिएको हो । लेखकले तात्कालिक संस्कृत अध्ययन संस्थानका अध्यक्ष (डीन) लाई २०३७/८/४ मा सम्बोधन गरी लेखेको निवेदनका आधारमा प्रस्तुत **धरानविजयपुरपरिचयः**को मूल तथा अन्तिम पाण्डुलिपि संस्कृत अध्ययन संस्थानमा प्रकाशनार्थ पठाइएको थियो भन्ने थाहा पाइन्छ । पुनश्च तात्कालिक म.सं.वि.का उपकुलपतिको जनकपुर भ्रमणका समयमा उपकुलपतिलाई नै सम्बोधन गरी लेखेको निवेदनमा समेत यसको मूल पाण्डुलिपि विश्वविद्यालयमा (प्रकाशनका लागि) पठाइएको र शिक्षाध्यक्ष कार्यालयमा रहेको भनिएको छ । प्रस्तुत कवितासङ्ग्रह सम्पादन गर्ने सन्दर्भमा विश्वविद्यालयमा खोजी गर्दा पनि मूल पाण्डुलिपि प्राप्त हुन सकेन । कतैबाट मूल पाण्डुलिपि प्राप्त भएमा यसको यथार्थ आकृति ज्ञात हुनेछ ।

८. अभिनवमेघदूतम् (लेखन समय – २०३४, प्रकाशन वर्ष – २०४१)

अभिनवमेघदूतम् कालिदासको विश्वप्रसिद्ध कृति मेघदूतलाई आदर्श मानी वसन्ततिलका छन्दमा २०३४ सालमा संस्कृत भाषामा लिखित तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्कालिक त्रि.वि.संस्कृत अध्ययन संस्थानबाट २०४१ सालमा प्रकाशित महत्त्वपूर्ण खण्डकाव्य हो । सम्भवतः (काव्यमीमांसाको प्रकाशन समय थाहा नभएकाले) लेखकको संस्कृत भाषामा लिखित प्रकाशित दोस्रो कृति **अभिनवमेघदूतम्** नै हो । यहाँ मेघलाई मार्गनिर्देशन गर्ने बहानाले भारतका केही महत्त्वपूर्ण सहरहरूका साथै नेपालका अधिकांश महत्त्वपूर्ण स्थानहरूको विस्तृत चर्चा गरिएको छ । कालिदासको कान्ताविरही यक्षले मेघलाई रामगिरि आश्रमबाट आफ्नो सन्देश लिई अलकासम्मको यात्रा गर्न अनुरोध गरेको छ भने रोहिणीको राष्ट्रभक्त विरही पुरुषले मेघलाई वैद्यनाथधामबाट आफ्नो सन्देश लिई भारतका बनारस, अयोध्या हुँदै लुम्बिनीबाट नेपालमा प्रवेश गरी तराईको बाटो हुँदै जनकपुरसम्म पुगी त्यहाँबाट सिधै ठाडो उडी चन्द्रागिरि पर्वतमा पुगेर त्यहाँबाट पूर्वाञ्चलको दर्शन गर्दै पश्चिमको रारा दह (ताल) सम्म पुग्न अनुरोध गरेको छ । कालिदास र रोहिणी दुबैका काव्यले मेघलाई प्रेयसीसमक्ष सन्देश पुऱ्याउने सन्देशवाहकका रूपमा प्रयोग गरेका छन् तापनि कालिदासको यक्ष प्रिया विरहव्यथाले पीडित देखिन्छ भने रोहिणीको प्रियाविरही नायक देशभक्तिको भावनाले व्याकुल बनेको पाइन्छ । अतएव मेघदूतमा विप्रलम्भ शृङ्गार अभिव्यञ्जित भएको छ भने **अभिनवमेघदूतम्** मा राष्ट्रिय भावना छताछुल्ल भएको छ । कालिदासले बाटो केही टेढो भए पनि मेघलाई उज्जयिनीतिर लगेका छन् तर रोहिणीले मेघको बाटो पुरै घुमाउरो बनाइदिएका छन् । **अभिनवमेघदूतम्**मा नेपालका लुम्बिनी, त्रिवेणी, देवघाट, जनकपुर, चन्द्रागिरि, दामन, कौशिकी कोका, काठमाडौं, रिडी, मुक्तिनाथ, राराताल आदि ठाउँको वर्णन गरिएको छ । अतएव मेघदूतलाई आदर्श मानी रचना गरिएको भए तापनि प्रस्तुत पुस्तक मेघदूतभन्दा दुई गुना ठूलो बनेको छ र लेखकको स्वदेशभक्ति पूर्णतः अभिव्यञ्जित भएको छ ।

प्रस्तुत काव्यबाट उदाहरणका लागि विरही पुरुषले मेघलाई काठमाडौंमा रहेको श्रीकृष्ण मन्दिरको दर्शन गर्नु भनी अनुरोध गरेको एउटा पद्य यसप्रकार छ –

कृष्णोऽसि कृष्णपदमाश्रयितुं विदूरं दृष्टिं निधेहि समुदग्रतरानुबोधः ।
तद्भारतस्य महिमाकृतिशिल्पसीम श्रीकृष्णमन्दिरमुदारधियाऽथ पश्य ।।११५।।

द्रष्टव्य – (१) लगभग मेघदूतको भावलाई ग्रहण गरी मेघदूतस्य तन्वी छायाँ लेख्न बसेका लेखकको लेखनी १९ श्लोकमा पुगेपछि वनारसतिर फर्कदै भागीरथीको पावनताले आकृष्ट हुँदै आफ्नै कवित्वको प्रवलतामा मेघदूतको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छायालाई पन्छाई स्वतन्त्र उडान गर्न थाल्दछ र अभिनवमेघदूतम् जन्मिन्छ । आरम्भिक लेखनको अवलोकन र लेखकको तत्काल लिखित पद्यबद्ध निवेदनबाट उक्त कुरा थाहा हुन्छ । अतः प्रस्तुत पुस्तकको आरम्भिक लेखन समाप्तिपछि ग्रन्थका आरम्भिक पद्यहरू पूर्ण परिमार्जन गरिएको थियो । परिमार्जन पछि प्रणयकम् नामकरण गरिएको ग्रन्थ अभिनवमेघदूतम्को रूपमा प्रकाशित हुन्छ ।

(२) प्रकाशित 'अभिनवमेघदूतम्' मा लेखकको भूमिका मात्र समावेश गरिएको छ तापनि उक्त काव्यका लागि पिण्डेश्वर विद्यापीठका तात्कालिक उप-प्राध्यापक श्री स्थानेश्वर गौतमको पद्यवद्ध सम्मति, पाल्पाली कवि माधव देवकोटाको सम्मति र भारतीय विद्वान् भागीरथीप्रसाद त्रिपाठीको सम्मति पाइन्छ । यी मध्ये भागीरथप्रसाद त्रिपाठीको मन्तव्य महत्त्वपूर्ण छ । जसमा काव्यको विश्लेषण गर्दै कविमा भविष्यमा महाकाव्य लेख्ने क्षमता भएको कुरा गरिएको छ ।

(३) २०३७/८/४ मा तात्कालिक संस्कृत अध्ययन संस्थानका अध्यक्ष (डीन) लाई सम्बोधन गरी लेखिएको निवेदनमा पटकपटक गरी संस्कृत अध्ययन संस्थानमा बुझाइएका भनी दिइएका पुस्तकहरूको सूचीमा १ नम्बरमा रहेको प्रणयकम् काव्य 'अभिनवमेघदूतम्' नै हो ।

९. मेघदूतम् (लेखन समय - २०३४)

मेघदूतम् कालिदासको मूल मेघदूत खण्डकाव्यको मन्दाक्रान्ता छन्दलाई छाडी मूलकै भाव ग्रहण गरी वसन्ततिलका छन्दमा **अभिनवमेघदूतम्**को लेखनपछि तुरुन्तै २०३४ सालमै लेखिएको पद्यबद्ध संस्कृत रचना हो । मेघदूतको प्रतिपद्यगत भावलाई आंशिक ग्रहण गर्दै लेख्न थालिएको काव्य **अभिनवमेघदूतम्**मा परिणत भएपछि लेखकले प्रस्तुत काव्यको रचना गरेका हुन् । यसमा पूर्वमेघको मात्र पद्यानुवाद गरिएको छ । भाव मूलकाव्यकै भए तापनि शब्दचयन आदि अनुवादककै भएकाले काव्य स्वतन्त्र र मौलिकजस्तो लाग्दछ । उदाहरणका लागि एउटा मूल पद्य र त्यसको अनुवादित पद्य क्रमशः प्रस्तुत गरिन्छ -

स्थित्वा तस्मिन् वनचरवधूभुक्तकुञ्जे मुहूर्तं
तोयोत्सर्गद्रुततरगतिस्तत्परं वर्त्म तीर्णः ।
रेवां द्रक्षस्युपलविषमे विन्ध्यपादे विशीर्णां
भक्तिच्छेदैरिव विरचितां भूतिमङ्गे गजस्य ।।(मूल १९)।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थित्वा मुहूर्तमिव रम्यविहारभूमौ
तोयातिसर्जनधृताऽऽशुगतिस्ततो यान् ।
रेवां विलोकयसि तामथ विन्ध्यपादे
भक्त्योज्झितां ललितभूतिमिवेभगात्रे ।।(अनुवाद १९)।।

एउटा अर्को अनुवादित पद्य हेरौँ–

तन्वन् मृदुश्रुति रुतं पटुसारसानां किञ्जल्ककोमलरसैरधिवासितान्तः ।

शिप्रामरुन्नुदति प्रातरिहाबलानां कामश्रमं प्रिय इवार्थनचाटुकारः ।।३२।।

द्रष्टव्य – **मेघदूतम्**को आरम्भिक लेखन समाप्त भएपछि यसका १८ पद्यको पुनर्लेखन गरिएको थियो । पुनश्च उपर्युक्त २०३७/८/४ को निवेदनमा उल्लेख भएअनुसार संस्कृत अध्ययन संस्थानमा प्रकाशन गरिदिनका लागि पठाइएका पाण्डुलिपिहरूमा प्रस्तुत **मेघदूतम्** पनि रहेको थियो । विश्वविद्यालयमा रहेको भनिएको वा अन्य कुनै पाण्डुलिपि प्राप्त भएमा यथार्थ स्वरूप अगाडि आउनेछ ।

१०. काव्यमीमांसा (लेखन समय – २०३४, २०५१)

काव्यमीमांसा राजशेखर **यायावरीय**द्वारा संस्कृत भाषामा मूलतः गद्यमा लेखिएको कविशिक्षापरक लक्षणग्रन्थको संस्कृत भाषामा गरिएको पद्यबद्ध रूपान्तरण हो । २०३४ साल चैत्रमा आरम्भ गरी २०३५ साल वैशाखमा प्रथम अध्यायदेखि पञ्चम अध्यायसम्मको लेखन समाप्त गरिएको थियो । क्रमशः अगाडिको केही अंश लेखी लेखनकार्यलाई विराम दिइएको थियो । लेखकका प्रकाशित ग्रन्थहरूको सूचिमा रहेको **काव्यमीमांसा** (पञ्चम अध्यायपर्यन्त) सम्भवतः २०३६ सालमा वा त्यसपछिं भारतीय विद्वान् भागीरथप्रसाद त्रिपाठी र तात्कालिक संस्कृत अध्ययन संस्थानका निमित्त अध्यक्ष (डीन) राधाकृष्ण अधिकारीको भूमिकासहित प्रकाशित भएको छ । पुनश्च ६ अध्यायदेखि १८ अध्यायसम्मको पद्य रूपान्तरण धेरैपछि गरिएको हो । यो रूपान्तरण २०५१ साल वैशाखमा पूर्ण भएको थियो । अतः काव्यमीमांसा रूपान्तरणलाई लेखकको अन्तिम रचनाको रूपमा पनि लिन सकिन्छ । मूलतः अनुष्टुप् छन्दमा रूपान्तरण गरिएको प्रस्तुत ग्रन्थको उद्देश्य पद्यको सरल र आकर्षक शैलीद्वारा सुकुमार मति भएका विद्यार्थीहरूलाई विषयवस्तुको बोध गराउनु हो भन्ने कुरा लेखकको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनाइबाट पुष्ट हुन्छ । पुनश्च लेखकले स्वलिखित काव्यमीमांसाको पञ्चम अध्यायसम्मको नेपाली भाषामा गद्यानुवाद पनि गरेको पाइन्छ । उक्त अनुवाद पनि २०४५ सालपछि गरिएको हुनसक्छ । लेखकले राजशेखरको परिचय पनि संस्कृत पद्यमा दिएका छन् । पार्वतीका चरणको वन्दना गर्दै, सारगर्भित गद्यमा लेखिएको काव्यमीमांसालाई पद्यबद्ध बनाउँदै छु भन्दै लेखकद्वारा प्रस्तुत काव्यको शास्त्रसङ्ग्रह नामक प्रथम अध्याय यसरी आरम्भ गरिएको छ-

दिदेश गिरिशो रम्यं शास्त्रं काव्यकलाञ्चितम् ।
स्वयंभ्वादिचतुःषष्ट्यै शिष्येभ्यो विधिवत् पुरा ।।१ ।।
मानसानात्मजान् सोऽपि समाध्यापयदादरात् ।
तेषु सारस्वतो देववन्द्योऽभूत् काव्यपूरुषः ।।२ ।।
दिव्येन चक्षुषा देवस्त्रिकालज्ञोऽयमात्मभूः ।
त्रिलोकीहितमिप्सँस्तं न्ययुङ्तैतत्प्रचारणे ।।३ ।।

नमुनाका लागि लेखकद्वारा गरिएको उक्त तीन पद्यको अनुवाद प्रस्तुत गरिन्छ-

अति प्राचीन समयमा भगवान् शिवले स्वयम्भू आदि चौसठ्ठी शिष्यलाई काव्यविद्याका विधिशास्त्रको उपदेश दिनुभयो ।।१ ।।

जसमध्ये पहिला ठहरिने शिष्य स्वयम्भूले त्यो शास्त्र आफ्ना मानसपुत्र जसमा सरस्वतीका छोरा काव्यपुरुष पनि थिएलाई पढाए ।।२ ।।

दिव्यदृष्टिद्वारा भूत, भविष्य र वर्तमान तीनै समयको गतिविधि नियाल्न र ठम्याउन सक्ने ती स्वयम्भूले स्वर्ग, मर्त्य र पाताल यी तीनै लोकको भलो होस् भन्ने मनसायले काव्यपुरुषलाई 'बाबू तीनैलोकमा गएर काव्यविद्याको प्रचार र प्रसार गर' भनी अह्राए ।।३ ।।

गुणसमयस्थापना नामक १५ अध्याय यसरी आरम्भ गरिएको छ-

असतो-गुणवर्गस्य स्थापना कविकर्मसु ।
भवत्येवं हि सर्वत्र कवीनां समयादियम् ।।१ ।।
यशोहासप्रभृतीनां शौक्ल्यं कार्ष्ण्यं च पाप्मनाम् ।
क्रोधानुरागयोः शश्वल्ल्यौहित्यं स्युर्निबन्धने ।।२ ।।

आवश्यताअनुसार विस्तृत व्याख्यासमेत गरिएको लेखकको स्वलिखित काव्यमीमांसाको नेपाली गद्यानुवाद पनि महत्त्वपूर्ण छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टव्य – २०३७/८/४ को निवेदनमा उल्लेख भए अनुसार संस्कृत अध्ययन संस्थानमा प्रकाशन गरिदिनका लागि पठाइएको **काव्यमीमांसा**मा पञ्चम अध्यायसम्मको संस्कृत पद्यानुवाद मात्र थियो किनकि नेपाली भाषानुवाद २०४५ सालपछि गरेजस्तो लाग्दछ । ६ अध्याय पछिको संस्कृत पद्यानुवाद पनि २०४६ सालपछि गरेको बुझिन्छ । प्रस्तुत भावावर्त कवितासङ्ग्रह सम्पादन गर्ने क्रममा संस्कृत अध्ययन संस्थानमा बुझाइएको र प्रकाशित दुबै काव्यमीमांसा उपलब्ध हुन सकेनन् ।

११. बकसंहारः (लेखन समय – २०३५)

व्यासप्रणीत आर्षमहाकाव्य महाभारतको आदिपर्वमा वर्णित बकासुरवध वर्णन प्रसङ्गलाई उपजीव्य बनाई रचना गरिएको **बकसंहारः** आख्यानमूलक संस्कृत खण्डकाव्य हो । २०३५ साल आषाढबाट आरम्भ गरी २०३५ साल असौज महिनामा लेखिसकिएको प्रस्तुत खण्डकाव्य लेखकका **अभिनवमेघदूतम्** र **मिथिलासौरभम्**भन्दा सरल र प्रवाहमय छ । सवा तीन सय जति श्लोक भएको प्रस्तुत खण्डकाव्यमा उपेन्द्रवज्रा+इन्द्रवज्राको ११ अक्षरे उपजाति, इन्द्रवंशा+वंशस्थको १२ अक्षरे उपजाति र वियोगिनी छन्दको प्रयोग गरिएको छ। प्रसाद गुणमय प्रस्तुत काव्यमा अलङ्कृत शैलीको प्रयोग गरिएको छ रं विशेषतः करुणरस आस्वाद्य बनेको छ । लेखकले उपजीव्यमा वर्णित घटना तथा वार्तालापलाई नै मूल विषय बनाएका छन् र प्रसङ्गान्तरको सिर्जनातर्फ खासै चासो देखाएका छैनन् । **बकसंहारः** शीर्षकअनुसार नै खण्डकाव्य वीररसप्रधान भई ओजस्वी रचना र गाढबन्धयुक्त हुनुपर्दथ्यो तापनि उपजीव्यअनुसार नै लेखकको ध्यान करुणरस सिर्जन प्रति बढी केन्द्रित बनेको छ । कुन्तीका मुखबाट पाँच-पाँच भाइ बलवान् पुत्रहरू हुँदाहुँदै पनि आफूसहित पुत्रहरूले अनेक कष्ट सहनु परेको कारुणिक चित्र काव्यको आरम्भमा उपस्थापन गरिएको छ । खण्डकाव्यमा प्रस्तुत आलाप एकचक्रापुरीमा भएको देखाइएको छ तापनि उपजीव्यमा लाक्षागृहबाट भागेकै दिन रातको समयमा भएको देखाइएको छ । अन्य कारुणिक वार्तालाप उपजीव्यकै क्रमानुसार एकचक्रापुरीमै भएका छन् ।

उपजीव्यमा (अनुष्टुप् छन्दमा) अनेक अध्यायमा वर्णित घटनालाई समेटिएको प्रस्तुत खण्डकाव्यको आरम्भमा पूर्ववृत्तको सङ्क्षिप्त विवरण प्रस्तुत गर्दै माता कुन्तीसहितका पाँच पाण्डवको एकचक्रापुरीमा आगमनको कारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखाइएको छ । करुण क्रन्दन सुनेपछि कुन्ती र भीमका बीचमा भएको वार्ता, ब्राह्मण, ब्राह्मणी, ब्राह्मणपुत्री र ब्राह्मणपुत्रको कारुणिक वार्तालापका साथै भीमद्वारा बकासुरको संहार क्रमशः वर्णन गरिएको छ । द्विजदम्पतिको कारुणिक आर्तालापमा वियोगिनी छन्द आकर्षक बनेको छ र अबोध द्विजबालकको उत्साहपूर्ण कथनले घटनालाई अर्कैतर्फ मोडेको छ । आततायी बकासुरको दुश्चरित पूर्णतः प्रकट हुन सकेको छैन भने बकासुरको संहार गर्ने पवननन्दन कुमार भीमको चारित्रिक विकासमा पनि खासै ध्यान दिइएको छैन । महाभारतलाई उपजीव्य बनाए तापनि पञ्चपाण्डवको भीक्षाचर्यादि दैनन्दिनी र करुणरस विस्तारमा लेखकले स्वप्रतिभाको प्रशस्त उपयोग गरेका छन् । राष्ट्र र राजतन्त्रप्रतिको स्नेह यहाँ पनि लेखकको मानस पटलबाट टाढा हुन सकेको छैन ।

द्विजस्यानुतापः शीर्षकअन्तर्गत एउटा करुण पद्य उदाहरणार्थ प्रस्तुत गरिन्छ–

धिगिदं ननु जीवितं हतं गतसारं विपदावृतं पुनः ।
सततं विपरीतवर्त्मना हततत्त्वं विधिना शठेन वा ।।१ ।।

द्रष्टव्य – प्रकाशन गरिदिनका लागि संस्कृत अध्ययन संस्थानमा प्रस्तुत पुस्तक पनि पठाइएको थियो भन्ने कुरा उपर्युक्त मिति २०३७/८/४ को सं.अ.सं. का अध्यक्षलाई सम्बोधन गरिएको निवेदनबाट थाहा पाइन्छ । २०३६ सालमा उप–प्राध्यापक स्थानेश्वर गौतमले प्रस्तुत काव्यमा ४ पद्यको सम्मति प्रकट गरेको पाइन्छ। पुनश्च लेखकले २०४७ सालमा तात्कालिक म.सं.वि. शिक्षाध्यक्ष कार्यालयमा प्रकाशन गरिदिन भनी निवेदनसहित प्रस्तुत पुस्तक अन्य तीन पुस्तकका साथमा दर्ता गराएका थिए भन्ने बुझिन्छ । हाल कुनै पनि पाण्डुलिपि उपलब्ध हुन सकेन । घरमा रहेको एक मात्र प्रारम्भिक पाण्डुलिपिका आधारमा प्रस्तुत विवरण तयार पारिएको हो । लेखकले पुस्तकको परिष्कृत पाण्डुलिपि विश्वविद्यालयमा दर्ता गराउँदा काव्यको उत्तरार्द्धमा केही संशोधन गरेका हुन सक्छन् ।

१२. नेपालगौरवम् (लेखन समय – २०३६)

नेपालगौरवम् नेपालसम्बद्ध महत्त्वपूर्ण विषयका साथै नेपालभित्रका विभिन्न महत्त्वपूर्ण स्थानहरूको वर्णन गरिएको स्वदेशभक्तिपूर्ण खण्डकाव्य हो। यसको प्रारम्भिक लेखन विभिन्न समयमा २०३५/०३६ सालमा भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको पुनर्लेखन २०३६ सालपछि गरिएको हो । छविलाल पोखरेल, कृष्णप्रसाद उपाध्याय र स्थानेश्वर गौतमको भूमिकासहितको प्रथम **नेपालगौरवम्**मा विशेषत पूर्वाञ्चलमा अवस्थित १३ स्थानको वर्णन गरिएको थियो । पिण्डेश्वर बसाइको उत्तरार्द्धमा आरम्भ गरिएको हुनाले नेपालको पूर्वमा रहेका क्षेत्र (स्थान) हरूको विशेष वर्णन गरिएको हुनसक्छ । प्रथम लेखनले लेखकको राष्ट्र र राष्ट्रियताप्रतिको प्रेम प्रकट गर्दछ भने द्वितीय (परिष्कृत र परिवर्द्धित) लेखनले राष्ट्र र राष्ट्रियताका साथै राजतन्त्रप्रतिको प्रेम वा भक्तिसमेत प्रकट गर्दछ । वर्ण्य स्थलहरूको शीर्षक निर्धारण पनि प्रथम लेखनको भन्दा भिन्नै छ । पशुपतिनाथदेखि जनकपुरधामसम्मका १९ शीर्षकमा लेखिएको **नेपालगौरवम्**मा प्रायः वसन्ततिलका छन्दको प्रयोग गरिएको छ र अलङ्कृत (साहित्यिक) शैली अपनाइएको छ । लेखक जनकपुरवासी भएकाले अन्त्यमा जनकपुरको परिचय दिएका हुन सक्छन्। २०४२ सालतिर लेखकले स्वलिखित **नेपालगौरवम्**मा नेपाली गद्यानुवादसमेत गरेको पाइन्छ । यसबाट नेपाली टीका भएको भए संस्कृत भाषा नजान्नेहरूले पनि विभिन्न स्थानको परिचय पाउने थिए भन्ने छविलाल पोखरेल (प्रथम लेखनको भूमिका) को अभिलाषा पूर्ण भएको छ । पुनर्लिखित **नेपालगौरवम्**को **रुरुक्षेत्रम्** शीर्षकअन्तर्गतको एउटा पद्य उदाहरणका रूपमा प्रस्तुत गरिन्छ–

अस्माऽपि यस्याः पयसि प्रलीनं सुवर्णतत्त्वं विवरितुमीष्टे ।
मुकुन्दसारूप्यमुपेत्य चैवं लोके सपर्यां लभते प्रभावात् ।।५ ।।

१९ शीर्षकमा विभक्त सम्पूर्ण **नेपालगौरवम्**को नेपाली गद्यानुवाद पूर्ण र महत्त्वपूर्ण रहेको छ ।

द्रष्टव्य – संस्कृत अध्ययन संस्थानका डीनलाई सम्बोधन गरी लेखिएको उपर्युक्त २०३७/८/४ को निवेदनमा दिएको विवरणअनुसार संस्कृत अध्ययन संस्थानमा बुझाइएको पाण्डुलिपिमा यहाँ उल्लेख गरिएको प्रथम पाण्डुलिपिकै संशोधित रूप मात्र थियो । २०४७ सालमा तात्कालिक म.सं.वि. शिक्षाध्यक्ष कार्यालयमा प्रकाशनका लागि प्रस्तुत **नेपालगौरवम्** दर्ता गराउँदा मूल र स्वलिखित नेपाली अनुवादको समन्वय गरिएको साथै यहाँ उल्लिखित दोस्रो पाण्डुलिपिको परिष्कृत रूप बुझाइएको हुनसक्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. बुद्धिविनोदः (लेखन समय - २०३६)

बुद्धिविनोदः कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा नेपाली भाषामा लेखिएको **बुद्धिविनोद**को संस्कृत पद्यानुवाद हो । २०३६ साल श्रावणमा आरम्भ गरिएको प्रस्तुत काव्यको लेखन २०३६ सालकै श्रीकृष्णजन्माष्टमीमा समाप्त गरिएको थियो भन्ने कुरा लेखकको भनाइबाट थाहा पाइन्छ । मूलमा ६२ श्लोक भएको प्रस्तुत पुस्तकको अन्त्यमा रहेका पुष्पिका पद्यहरूमा अनुवादकले **बुद्धिविनोद** (प्रश्नोत्तरी) को अनुवादतिर प्रवृत्त हुनुको कारण देखाएका छन् । **तलाई मालुम छ कि यो कुरा मन** भनी चतुर्थ चरण पुरा गरिएको र दार्शनिक प्रश्नहरूले युक्त भएको तर लेखक स्वयंद्वारा उत्तर नदिएको प्रौढकाव्य **बुद्धिविनोद**को एउटा अनुवादित उदाहरण यसप्रकार छ -

मुक्तावलीवाऽधिकभासुरान्ता द्युतिर्ह्यनन्तानुनिशं यदुच्चैः ।
लसत्यदः किम्? च किमर्थमित्थम्? जानासि रे स्थान्त! प्रवृत्तिमेताम् ।।५।।

अर्को उदाहरण -

विनश्वरं देहमिदं वयस्तत् चलं, ह्यनावर्ति गतं दिनञ्च ।
नान्तः स्फुटं किन्नु सुखेऽसि व्यग्रम्? जानासि रे स्वान्त! प्रवृत्तिमेताम् ।।६१।।

द्रष्टव्य - लेखकले उपर्युक्त म.सं.वि.का उपकुलपतिलाई सम्बोधन गरी लेखेको पत्रमा प्रकाशनका लागि पठाइएका र विश्वविद्यालयमा जीर्ण बन्दै गइरहेका भनिएका पुस्तकहरूको सूचीमा **बुद्धिविनोद** अनुवाद पनि रहेको छ ।

१४. मिथिलासौरभम् (लेखन समय - २०३६, प्रकाशन वर्ष २०४१)

मिथिला (जनकपुर) को पौराणिक, ऐतिहासिक, सामाजिक, धार्मिक आदि विशेषतालाई अभिव्यक्त गर्ने **मिथिलासौरभम्** लेखककै भनाइअनुसार अलङ्कृत काव्य हो । २०३७ सालमा लेखिएको र विभिन्न व्यक्तिको आर्थिक सहयोगमा २०४२ सालमा लेखकद्वारा लिखित नेपाली भाषा टीकासहित प्रकाशित भएको प्रस्तुत अलङ्कृत तथा प्रौढ काव्यमा लेखकको कवि व्यक्तित्व उत्कर्षमा पुगेको छ । काव्य मूलखण्ड र परिशिष्टखण्ड गरी दुई खण्डमा विभक्त छ । योगी नरहरिनाथ, आचार्य शेषराज, भरतराज मन्थलीय र बालकृष्ण उपाध्यायको भूमिकासहित प्रकाशित **मिथिलासौरभम्**को मूलखण्डमा प्राचीन मिथिलाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौरवको मुक्तकण्ठले प्रशंसा गरिएको छ । लेखकको प्रतिभाले मिथिलापुरीलाई कतै प्राचीन पूर्वीय मनीषीहंरूजस्तो देख्दछ भने कतै ती मनीषीहरूद्वारा प्रतिपादित सिद्धान्त वा ग्रन्थहरूजस्तो देख्दछ । समग्र नेपालको परिवेशभित्र जनकपुरलाई हेर्ने सन्दर्भमा लेखकले नेपालमा जन्मिएका स्वनामधन्य काव्यकारहरूको पनि स्मरण गरेका छन् । प्रस्तुत काव्यको लेखनमा संस्कृतका विशिष्ट काव्यहरूका साथै नेपाली कविहरूका काव्यहरूको पनि प्रभाव परे जस्तो बुझिन्छ । अप्रकाशित अवस्थामा रहेको माहिष्मती नगरीको अलङ्कृत वर्णन गरिएको सुकृतिदत्त पन्तको **कार्तवीर्योदयम्** महाकाव्यले मिथिलापुरीको वर्णनमा प्रभाव पारे जस्तो लाग्दछ । नेपालका मनीषीहरूको चर्चा गर्ने सन्दर्भमा लेखकले स्वयं नै सुकृतिदत्तको नाउँ स्मरण गरेका छन् । मिथिलाका प्राचीन तथा आधुनिक युगका विद्वान्हरूका साथै नेपालका स्वसमकालिक लब्धप्रतिष्ठ विद्वान् तथा प्राध्यापकहरू पनि लेखकका मानसपटलबाट टाढा भएका छैनन् । मिथिलापुरीलाई महाभाष्यजस्तो प्रतीत गराउँने एउटा पद्य हेरौँ–

सञ्ज्ञाचयैः पुनरुदारपदोपसर्गैः सत्प्रत्ययैः प्रकतिरूपपरम्परौघैः ।
साधूक्तिसन्निधिवपुर्गुणवृद्धिदीर्घभावाश्रयेयमवनिः फणिवागिवात्र ।।१५।।

काव्यमा उपमा अलङ्कारको प्रशस्त प्रयोग गरिएको छ र मुक्तावलीयति, शास्त्रायते जस्ता नामधातुको पनि प्रचूर प्रयोग गरिएको छ ।

काव्यको परिशिष्टखण्डमा समयक्रमले गर्दा जङ्गलमा परिणत भएको मिथिलाको पुनरन्वेषण र पुनर्निमार्णका साथै आधुनिक मिथिलाका विशेषताहरूको चर्चा गरिएको छ । जानकी मन्दिरको निर्माण तथा विभिन्न कुण्ड र सागरहरूको चर्चा गर्दै आधुनिक मिथिलाको निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने साधुसन्तको प्रशंसा गरिएको छ । पन्ध्र दिने मिथिला परिक्रमाको चर्चा गरिएको परिशिष्ट खण्डको एउटा पद्य यसप्रकार छ–

दशाधिकैः पञ्चदिनैर्निरन्तरं चैकेन वाऽह्वा समुपासितुं चिरात् ।
जनोनवद्याचरणं समर्थयन् प्रत्यब्दमस्याः कुरुते प्रदक्षिणाम् ।।३४।।

द्रष्टव्य – २०४३/२/२९ गतेको लेखकलाई सम्बोधन गरी लेखिएको कार्तवीर्योदयमहाकाव्यस्य समीक्षात्मकमध्ययनम् विषयमा विद्यावारिधि (पिएच् डी) उपाधिको लागि शोधकार्य गरिरहनु भएका अनुसन्धाता श्री चन्द्रेश्वर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाध्यायको निर्देशकमा यहाँलाई नियुक्त गर्ने भन्ने मिति २०४३/१/२२ मा बसेको त्रि. वि. संस्कृत अनुसन्धान समितिको बैठकले निर्णय गरेकाले निजको निर्देशकमा रहने यहाँको स्वीकृति छ वा छैन यस विषयको जानकारी यथाशीघ्र पठाइदिनुहुन निर्देशनानुसार अनुरोध छ भन्ने पत्र र प्रकाशित **मिथिलासौरभम्** काव्यको १४०औँ पद्यले लेखक **कार्तवीर्योदय**महाकाव्यसित परिचित थिए भन्ने कुरा बुझिन्छ ।

द्वितीय संस्करणका सन्दर्भमा–

चाहेर पनि मैथिली भाषानुवादसहित प्रकाशित गर्न नसकेको **मिथिला-सौरभम्**लाई लेखकले मैथिली भाषानुवादसहित २०४४ सालमा प्रकाशित गर्न चाहेको बुझिन्छ । **मिथिलासौरभम्**का स्वलिखित पद्यहरूमा लेखक स्वयंले नै मैथिली भाषानुवाद पनि गरेका थिए । लेखकले **मिथिलासौरभम्**को मूलखण्डमा एउटा श्लोक बढाए तापनि खासै परिवर्तन गरेको पाइँदैन तर परिशिष्टखण्डमा भने परिवर्तन वा परिवर्द्धन गरेका छन् । एउटै मात्र खण्ड र ३६ पद्य भएको परिशिष्टलाई तीनखण्डमा विभक्त गरिएको छ र क्रमशः १३+२१+२०=५४ पद्य पुऱ्याइएको छ । प्रथमखण्ड पुरै पछि लेखिएको हो भने द्वितीय र तृतीयखण्डमा केही पद्य मात्र थपिएका हुन् । तीनै परिशिष्टमा पनि मैथिली अनुवाद गरिएको छ। प्रस्तुत संस्करणका लागि डा. धीरेन्द्र झा **धीरेन्द्र**द्वारा मैथिली भाषामा लिखित भूमिकासमेत रहेको छ ।

१५. श्री५वीरेन्द्रोपायनम् (लेखन समय – २०३७)

गोरक्ष (गोर्खा) देशीय राजपरम्परा शीर्षकको आरम्भिक भूमिका बाहेकका पाँच पुष्पका रूपमा रहेका पाँच प्रकरणमा विभक्त **श्री५वीरेन्द्रोपायनम्** मूलतः राजभक्तिपरक काव्य हो । २०३५ सालमा श्री ५ वीरेन्द्रको राज्याभिषेक भइसकेपछि वीरेन्द्रलाई नै केन्द्रबिन्दु बनाई रचना गर्न आरम्भ गरिएको र २०३७ सालमा नै प्रारम्भिक लेखन गरिसकिएको यस काव्यमा सम्पूर्ण शाहवंशीय इतिहास प्रस्तुत गरिएको छ र अन्त्यमा मङ्गलकामना समेत गरिएको छ । शास्त्रीय छन्दमा रचित २०० भन्दा बढी पद्य भएको र साहित्यिक दृष्टिले महत्त्वपूर्ण प्रस्तुत काव्यमा गोविन्द शर्मा विमलद्वारा रचित समच्छन्दी नेपाली पद्यानुवादसमेत संलग्न छ । अलग अलग वैचारिक धरातललाई अवलम्बन गर्ने दुई सहपाठी सहृदयी मित्रहरूको साहित्यिक सङ्गमलाई महत्त्वपूर्ण मान्नु पर्दछ ।

प्रस्तुत ग्रन्थको भूमिकात्मक आरम्भिक खण्डमा विशाल नेपालको निर्माण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने शाहवंशका प्रथम यशस्वी राजा पृथ्वीनारायण शाहको राज्यारोहणपूर्वको शाहवंशको अभ्युदयसम्बन्धी ऐतिहासिक पृष्ठभूमि देखाइएको छ । हिमालय पर्वतबाट आरम्भ गरिएको मूलखण्डको प्रथम पुष्पमा सम्पूर्ण नेपालको परिचय दिँदै यसका विशेषताहरू देखाइएका छन् । द्वितीय पुष्पमा पृथ्वीनारायण शाहको व्यत्वित्वका साथै उनीपछिका राजाहरूको इतिवृत्तको चर्चा गर्दै राणातन्त्रको अभ्युदयसम्मको इतिवृत्त समेटिएको छ । राजा त्रैलोक्यवीरविक्रमको चर्चासँगै आरम्भ गरिएको तृतीय पुष्पमा राष्ट्रपिताका रूपमा चिनिने राजा त्रिभुवनका इतिवृत्तका साथै राजा महेन्द्रका योगदानको चर्चा गरिएको छ । यस्तै चतुर्थ पुष्पमा राजा वीरेन्द्रका विकास र शान्तिप्रियतादि गुणको चर्चा गरिएको छ भने पाँचौं पुष्पमा वैदिक मङ्गलकामनासहित आशीर्वचनको प्रस्तुति गरिएको छ । समग्र काव्यमा लेखकको अन्तरात्माबाट प्रस्फुटित भएको राजभक्ति र राष्ट्रभक्ति अभिव्यञ्जित भएको छ ।

द्रष्टव्य - मूलकाव्यको लेखन २०३७ सालमा भएको थियो तापनि लगभग २०४४ सालसम्म पनि लेखकले यसको परिमार्जन र परिवर्धन गरेका थिए भन्ने कुरा प्राप्त पाण्डुलिपि र लेखकले प्रकाशनका लागि विभिन्न ठाउँमा पाण्डुलिपि पठाउँदा लेखेका पत्रबाट थाहा पाइन्छ । उपर्युल्लिखित मिति २०३७/८/४ को पत्र प्रस्तुत काव्यको पहिलो पाण्डुलिपि संस्कृत अध्ययन संस्थानमा प्रस्तुत गर्दा लेखिएको हो । यसमा रहेको मूलखण्ड ने.सं.वि शिक्षाध्यक्ष कार्यालयमा प्राप्त भयो । उक्त पहिलो पाण्डुलिपिमा नेपाली पद्यानुवाद थिएन । प्रस्तुत ग्रन्थ प्रकाशनप्रतिको आग्रहले गर्दा श्री ५ को सरकार सूचना मन्त्रालय, संस्कृत अध्ययन संस्थान, ने.रा.प्र.प., म.स.वि. आदि ठाउँमा पाण्डुलिपि पठाइएको थियो । पुस्तक प्रकाशन हुन नसकेपछि २०४५ सालतिर राघवालङ्कार आदिका लेखकहरूले झैं रोहिणीले पनि वैराग्य भावना जागृत भइ ईश्वरको स्तुति नगरी तुच्छ मानवको स्तुति गरें भनी पश्चात्ताप गरेको पाइन्छ । सम्भवतः त्रिलोकेश्वरोपायनम् काव्य यसैको प्रतिक्रिया हो ।

१६. वृत्तवाटिका (लेखन समय - २०३७)

वृत्तवाटिका ३६ वटा छन्दहरूको परिचायक वाटिका (बगैचा) हो भन्ने कुरा लेखकद्वारा प्रस्तुत गरिएका प्रकाशनीय ग्रन्थहरूको सूचीबाट थाहा पाउन सकिन्छ । भिन्नभिन्न विषयवस्तु र भिन्नभिन्न शीर्षक भएका ३६ वटा कविता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(मुक्तक पद्यहरू) प्रसिद्ध ३६ वटा शास्त्रीय छन्दमा रचना गरी लेखकले छन्दको ज्ञान गराउँदै काव्यको रसास्वादन गराउन चाहेको बुझिन्छ। २०३६ साल कार्तिकबाट आरम्भ गरी २०३७ सालको आरम्भतिर समाप्त गरिएको **वृत्तवाटिका**को उत्तरार्द्ध प्राप्त पाण्डुलिका आधारमा त्यति स्पष्ट हुन सक्दैन । यहाँ १) विद्युन्माला छन्दमा **हिमालयः** कविता, २) विद्युल्लेखा छन्दमा **वसन्तः** कविता, ३) शशिवदना छन्दमा **शशी** कविता, ४) मदलेखा छन्दमा **मदलेखा** कविता, ५) प्रमाणिका छन्दमा **विभावना** कविता, ६) इन्द्रवज्रा छन्दमा **धनम्** कविता, ७) उपेन्द्रवज्रा छन्दमा **प्रातः** कविता, ८) उपजाति छन्दमा **सन्देशः** कविता, ९) रथोद्धता छन्दमा **कुवरराणातन्त्रोदयः** कविता, १०) स्वागता छन्दमा **श्रीपशुपतिनाथः** कविता, ११) शालिनी छन्दमा **विद्यालोकः** कविता, १२) दोधक छन्दमा **चेतना** कविता, १३) तोटक छन्दमा **सन्देशः** कविता, (१४–१५) वंशस्थ र इन्द्रवंशा छन्दमा **चिद्विलासः** कविता, (१६–१७) वंशस्थ र इन्द्रवंशाको उपजाति छन्दमा **शरदो विलासः** कविता, १८) द्रुतविलम्बित छन्दमा **विनतिः** कविता, (१९) स्रग्विणी छन्दमा **विचरणम्** कविता, २०) प्रहर्षिणी छन्दमा **सारस्वती रीतिः** कविता, २२) वसन्ततिलका छन्दमा **बलीभवन्तं ताम्रचूडं प्रति** कविता, २३) मालिनी छन्दमा **शिवाशंसनम्** कविता र शीर्षकरहित एक अन्य कविता, २४) सारङ्गी छन्दमा **भूतेश्वरः** कविता, २५) चामर छन्दमा **निर्वाणः** कविता, २६) पञ्चचामर छन्दमा **पर्यालोचनम्** कविता, २७) शिखरिणी छन्दमा **पदवी** कविता, २८) पृथ्वी छन्दमा **जगद्रुचिः** कविता, यस्तै मन्दाक्रान्ता छन्दमा **तमाखुस्तवः** कविता, चर्चरी छन्दमा **मदिरा–गौरवम्** कविता, शम्भु छन्दमा **सत्पद्या पान्थः** कविता रचिएका छन् । प्रायः प्रस्तुत काव्यमा सङ्कलित कविता क्रमशः लेखिएका हुन् तापनि उत्तरार्द्धका केही कविताको निश्चित लेखन समय निर्धारण गर्न सकिँदैन। **बलीभवन्तं ताम्रचूडं प्रति** र **भूतेश्वरः** कविता ग्रन्थ लेखनभन्दा पहिले लेखिएका हुन् । प्रत्येक विषय र छन्दमा लेखकको कलम निर्बाधरूपमा चल्न सक्दथ्यो भन्ने कुरा प्रत्येक कवितामा पाइने आस्वाद्यताले प्रमाणित गर्दछ । पिण्डेश्वर विद्यापीठका प्राध्यापक छविलाल पोखरेल र टीकाप्रसाद वस्तीले प्रस्तुत काव्यमा भूमिका लेखेको पाइन्छ । काव्यबाट प्रभावित भएर होला टीकाराम वस्तीले आफ्नो भूमिकाको शीर्षक **मनोरमेयं खलु वृत्तवाटिका** राखेका छन् । प्राप्त कविताहरूमा न्यूनतम ३/४ पद्यदेखि अधिकतम ३०/३२ पद्य रहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टव्य – विश्वविद्यालयमा प्रकाशनका लागि पठाइएको भन्ने वा अन्यत्र प्राप्त हुन सक्ने अन्तिम पाण्डुलिपि प्राप्त भएमा प्रस्तुत काव्यको पूर्ण कलेवर अवगत हुनेछ । प्रस्तुत कविता सङ्ग्रहमा सङ्कलित शास्त्रीय छन्दमा रचित कविता साहित्यिक दृष्टिले महत्त्वपूर्ण र विश्लेषणीय छन् ।

१७. नैतिकता (लेखन समय – २०३७)

कवि रोहिणीवल्लभद्वारा नैतिकता शीर्षकमा लिखित दुई प्रकारका पुस्तकहरू छन् । उक्त दुबै पुस्तकहरूको नैतिकता 'क' र नैतिकता 'ख' शीर्षक राखी सामान्य परिचय प्रस्तुत गरिन्छ ।

नैतिकता 'क'

नैतिकता 'क' तात्कालिक रायल नेपाल एकेडेमीद्वारा २०२२ साल ज्येष्ठ २९ गतेका दिन आयोजित कविता महोत्सवका लागि श्री ५ महेन्द्रद्वारा प्रस्तावित नैतिकता शीर्षकमा नरेन्द्रकेशरी पौडेलद्वारा नेपाली भाषामा लिखित तथा २०२३ सालमा बनारसबाट प्रकाशित नैतिकता मुक्तक काव्यको संस्कृत पद्यानुवाद हो । अनुवादकद्वारा २०३७ साल ज्येष्ठमा अनुवाद गरिएको प्रस्तुत काव्यमा वंशस्थ + इन्द्रवंशा = उपजाति छन्दमा रचिएका १०८ पद्य रहेका छन् । प्रशंस्य नैतिकता सबै ठाउँबाट हरायो भन्ने भावना प्रत्येक पद्यमा प्रकट गरिएको छ । एउटा उदाहरण हेरौँ–

मातुः पितुर्भूमिपतेः क्षितेस्तथा न साधु सम्बन्ध उताद्य गौरवम् ।
गता विलीनाऽन्तरिता मनुष्यता हा हन्त हा नैतिकता नशत् क्व वा? ।।१०३।।

नैतिकता 'ख'

हा ! हन्त !! हा !!! नैतिकता यता उता !!! (पद्यावली) शीर्षक दिइएको नैतिकता 'ख' कविता नैतिकता 'क' कै भावशैली र छन्दको अवलम्बन गरी नैतिकता 'क' को अनुवादपछि लगत्तै २०३७ साल ज्येष्ठ महिनाको पूर्वार्द्धमै रचना गरिएको ७४ श्लोक भएको मौलिक काव्य हो । यसको एउटा उदाहरण यसप्रकार छ–

यत्तत्त्वमाध्याय तदत्र भूतले सुपर्वलोकोपि न पर्ववान् मतः ।
स एव वेदार्थविधिर्विलुम्पितो हा ! हन्त !! हा !!! नैतिकतान्धिता बत ।।१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुबै काव्यमा नैतिकता विलीन हुँदै गइरहेको र स्वच्छन्दता, दुराचार, विकृति आदि बढ्दै गइरहेकामा चिन्ताप्रकट गरिएको छ र परोक्ष रूपमा नैतिकतायुक्त समाजको कामना गरिएको छ । यति हुँदाहुँदै पनि दुबै काव्यका बीचमा सूक्ष्म अन्तर भने पाइन्छ । प्रथम कवितामा आधुनिक पाश्चात्य सभ्यताले देशलाई आक्रान्त बनाएकाले नैतिकता खस्किएको हो भन्ने भावना प्रवल रूपमा आएको छ भने द्वितीय कवितामा हामीले आफ्नो सम्पत्तिका रूपमा रहेका आर्यसंस्कृति परम्परा तथा वेद–पुराणादिलाई बिर्सिई वैज्ञानिकतातर्फ बढी उन्मुख भएकाले नैतिकताको समस्या बेहोर्नु परेको हो भन्ने कुरा प्रखर रूपमा प्रकट गरिएको छ। राष्ट्र, राष्ट्रियता र राजतन्त्रप्रतिको स्नेह प्रकट गरिएको छ र सुशासनको कामनासमेत गरिएको छ । एकातर्फ आध्यात्मिकतालाई बिर्सन हुन्न भन्ने सन्देश दिइएको छ भने आर्कातर्फ अरूको मुख ताक्ने र परावलम्बी हुने प्रवृत्ति त्यागी आफ्नै देशमा भएका साधन तथा स्रोतहरूको अधिकतम उपयोग गरी स्वावलम्बी बन्न प्रेरणा प्रदान गरिएको छ । अन्तमा एउटा अर्को पद्य–

स्वतन्त्रता नास्तिकता विलासिता समानता भौतिकवादवादिता ।
आदर्शरूपा ह्यभवन् यदेह ता हा ! हन्त !! हा !!! नैतिकता क्व दुर्गता ।।

द्रष्टव्य – लेखकले तात्कालिक संस्कृत अध्ययन सस्थानका अध्यक्ष र म.सं.वि.का उपकुलपतिलाई सम्बोधन गरी लेखेको पत्रमा प्रकाशनका लागि पठाइएका र हाल संस्कृत अध्ययन संस्थान र विश्वविद्यालयमा रहेका भनिएका पुस्तकको सूचीमा नैतिकता पनि पर्दछ । पुनश्च २०४७/९/११ गतेका दिन म.सं.वि. शिक्षाध्यक्ष कार्यालयमा द.नं. ३२०, ३२१, ३२२ र ३२३ मा क्रमशः प्रकाशनका लागि प्रस्तुत गरिएका लेखकका **काव्यप्रणयम्, बकसंहारः, नेपालगौरवम्** र **नैतिकता** दर्ता गरिएका थिए । दर्ता गरिएको नैतिकता मूल थियो वा अनुवाद अहिले भन्न सकिन्न।

१८. काव्यप्रणयम् (साहित्यकाव्यम्, लेखन समय – २०३७)

काव्यप्रणयम् साहित्य (काव्यशास्त्र/लक्षणग्रन्थ) सँग सम्बद्ध ३१४ पद्य भएको (उपसंहार बाहेक) साहित्यिक काव्य हो । ५८+९=६७ श्लोक भएको काव्यप्रणयको प्रथम लेखन २०३७ साल ज्येष्ठमा आरम्भ भई २०३७ साल आषाढमा समाप्त भएको थियो । यसको पुनर्लेखन तथा परिवर्द्धन २०३७ सालकै मध्यभागमा गरिएको थियो । काव्यबिम्बम्, कविव्यापृत्तिः, विद्या, प्रतिभा, कला, कल्पना,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिः, अभ्यासः, व्युत्पत्तिः, कवित्वम्, कविता, कविः, काव्यम्, शब्दः, अभिधा, लक्षणा, व्यञ्जना, वृत्तीनां वर्तनम्, सङ्केतग्रहविधिः, लक्षणाभिदाः, तात्पर्याख्यावृत्तिः, व्यञ्जनाविवेकः, काव्यात्मविमर्शः, ध्वनिः, ध्वनिभेदाः, गुणीभूतव्यङ्ग्यम्, रसवृत्तेराकलना, आचार्याणाम् (भामहादीनाम्) धारणा, रससूत्रविमर्शः, रसप्रतीतिः, स्थायिभांवः, भावप्रकृतिः, तद्भेदाः, ध्वनिप्रस्थानस्याकूतम्, दोषः, गुणः, रीतिः, अलङ्कारः जस्ता शीर्षकमा विभक्त प्रस्तुत काव्यमा काव्यशास्त्रसित सम्बद्ध प्रायः सम्पूर्ण तत्त्वको साहित्यिक शैलीमा परिचय प्रस्तुत गर्दै ती–ती तत्त्वहरूको यथासम्भव विश्लेषणात्मक पद्यबद्ध प्रस्तुतीकरण पनि गरिएको छ। अलङ्कार शीर्षकअन्तर्गतका दुई पद्य यसप्रकार छन्–

स्वल्पैर्वचोभिः सुविरूढमूलं प्रोल्लास्य भावैकपरं महार्थम्।
भाषामुदारां वितरितुकामः प्रयत्नवानास नृणां निसर्गः ।।२९९।।
सोऽयं मनोग्राहितयोपपन्नो वाचां प्रयोगः सुपरिष्कृतात्मा।
मनीषीभिस्तत्त्वधियोपनीतः सोऽसावलङ्कार इतीह वेशः ।।३००।।

दोषः शीर्षकअन्तर्गतको एउटा अर्को पद्य हेरौँ–

साक्षात्तया चाथ परम्पराध्वनाऽपकर्षमुद्भावयतेऽङ्गिनः सतः।
सोयं मतो दोष इति ह्यसद्रुचिर्बुधैवचस्तत्त्वनियोजिताशयैः ।।२८२।।

पुनश्च प्रस्तुत काव्यमा लेखकको **किञ्चिन्निवेदनम्**का साथै डा. कैलासपति त्रिपाठीको सम्मतिसमेत पाइन्छ र काव्य आफ्ना पूज्य पिता श्री रघुनाथलाई समर्पण गरिएको छ। विषयवस्तुको प्रतिपादन र शीर्षक निर्धारणमा समेत द्वितीय लेखनमा पूर्ण परिमार्जन गरिएको छ।

द्रष्टव्य – तात्कालिक संस्कृत अध्ययन संस्थानमा प्रकाशनका लागि २०३७/३/२२ मा **काव्यप्रणयम्** र **वाङ्निबन्धनम्**सँगै दर्ता गरिएका थिए। मूल्याङ्कनकर्ता श्री तीर्थराज सुवेदीको– **काव्यप्रणय राम्रो तर क्लिष्ट, गुणस्तर राम्रै भएकाले प्रकाशनार्ह, लेखनमा अनुभूत हुने क्लिष्टता परिष्कार गर्दै लगेमा प्रयास प्रशंसनीय** भन्ने मूल्याङ्कनका आधारमा प्रकाशनका लागि वाल्मीकि क्याम्पसमा पठाई २०३७/१२ को पत्रद्वारा संशोधित अंशसमेत काठमाडौं पठाइदिन अनुरोध गरिएकामा केकति कारणले काव्य प्रकाशित हुन सकेन थाहा छैन। दर्ता गरिएको काव्यप्रणयभन्दा पुनर्लिखित काव्यप्रणय विस्तृत हुनु पनि एउटा कारण हुनसक्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. द्रव्यलेखा (पद्यावली, लेखन समय - २०३७)

न्यायदर्शनको प्रसिद्ध ग्रन्थ मुक्तावलीको संस्कृत पद्यानुवाद हो द्रव्यलेखा। उपेन्द्रवज्रा र इन्द्रवज्राको उपजाति छन्दमा २०३७ सालको उत्तरार्द्धमा रचित प्रस्तुत काव्यमा नव्यन्याय दर्शनद्वारा स्वीकृत नौ द्रव्यहरूको वर्णन गरिएको छ। आरम्भमा १५ पद्य (१) **क्षितिः** शीर्षकमा १८ पद्य, (२) **जलम्** शीर्षकमा १० पद्य, (३) **आकाशम्** शीर्षकमा १५ पद्य, (४) **वायुः** शीर्षकमा १० पद्य, (५) **दिक्** शीर्षकमा ५ पद्य, (६) **आत्मा** शीर्षकमा २९+३९=६८ पद्य, (७) **तेजः** शीर्षकमा ७ पद्य, (८) **मनः** शीर्षकमा १० पद्य, (९) **कालः** शीर्षकमा ४ पद्य, (१०) **अन्धकारम्** शीर्षकमा ११ पद्य गरी जम्मा १७३ पद्य प्रस्तुत काव्यमा रहेका छन् । यस्तै परिशिष्ट खण्डमा ९+२=११ पद्य रहेका छन् । शाब्दबोधलाई पनि परिशिष्टमा स्वीकार्दा थप ३० पद्य हुन जान्छन् । **शक्तिः** शीर्षकमा ७, **शक्तिग्रहविधानम्** शीर्षकमा ६, **लक्षणा** शीर्षकमा २१ अतिरिक्त पद्यहरू समेत रहेका छन् । काव्यको मूलखण्डमा ९ द्रव्यको चर्चा गरिएको छ र १० औँ **अन्धकारम्** शीर्षकमा अन्धकारलाई तेजको अभावात्मक तत्त्व मानिएको छ । नित्या पृथ्वीको परिचय दिने प्रस्तुत काव्यको एउटा उदाहरण यसप्रकार छ–

खण्डत्वमायाति न यत्कदाचित् तथास्ति यत्सावयवे न चात्र ।
तन्न्यायशास्त्रे परमाणुसंज्ञां विगाहते सूक्ष्मदृगेकमुद्राम् ।। क्षितिः ७।।

२०. वाङ्निबन्धनम् (लेखन समय - २०३७)

वाङ्निबन्धनम् व्याकरणसम्बद्ध विषयवस्तुलाई अवलम्बन गरी २०३६/२०३७ सालतिर रचना गरिएका साहित्यिक पद्यावलीहरूको सङ्ग्रह हो । वाङ्निबन्धनम्का दुईवटा पाण्डुलिपि उपलब्ध छन् । प्राप्त दुबै पाण्डुलिपिमा २६/२६ पद्य रहेका छन् तर दुबैमा रहेका पद्यहरू भने अलग अलग छन् । दुबैमा व्याकरणका मुनित्रय र उनका सिद्धान्तका साथै पाणिनिका अष्टाध्यायीका सूत्रहरू पद्यका आधार बनेका छन् । पुरानो कापीमा केरमेटसहित प्राप्त **'वाङ्निबन्धनम्' 'क'** को एउटा उदाहरण यसप्रकार छ–

वेदोक्तिरूपस्य विवेचनाचणो नाद्योप्यसौ पाणिनिरद्वितीयः ।
सूक्ष्मेक्षिकार्थाकलनाद्वचस्तते-स्तत्त्वं यथावत् समुपानयत् स्फुटम् ।।१५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'वाङ्निबन्धनम्' 'ख'को पनि एउटा उदाहरण हेरौँ–

गुणस्य दीर्घस्य च भावकर्मणो-राख्यातवृत्तेश्च कृतां प्रसारतः ।
समासरूपोपधिसर्गसङ्गतो गिरां विधिर्नैकविधोऽत्र भाषते ।।२२ ।।

द्रष्टव्य – लेखकले २०३७ सालमा प्रस्तुत काव्य तात्कालिक संस्कृत अध्ययन संस्थानमा प्रकाशनका लागि पठाएका थिए । २०३७/९/३० गतेका दिन डिन कार्यालयले लेखकलाई पठाएको पत्रका आधारमा मूल्याङ्कनका लागि पठाइएको प्रस्तुत ग्रन्थको सन्दर्भमा मूल्याङ्कनकर्ता हरिप्रसाद आचार्यको मूल्याङ्कन यसप्रकार थियो– **रचनेयं व्याकरणविषयेव प्रतीयते । परन्तु भावं यथार्थं वोधयितुं शब्दाः समर्था न सन्तीवेति प्रतिभाति । प्रतिपाद्यविषयविशदनाय प्रसादगुणविशिष्टया रचनया भाव्यमिति** । पुनश्च प्रकाशनका लागि पठाउँदा लेखकले दुबै **वाङ्निबन्धनम्**को संयोजनका साथै परिष्कार तथा परिवर्द्धन गरेका हुन सक्छन् ।

२१. भावावर्तः (कवितासङ्ग्रहः, लेखन समय २०३०–२०३४)

भावावर्तः मूलतः २०३० सालदेखि लिएर २०३४ सालका बीचमा लेखिएका कविताहरूको सङ्ग्रह हो । सङ्ग्रहात्मक स्वरूप नभेटिएकाले कविताहरूको सङ्ग्रह गरिएको वा सङ्ग्रह गर्न चाहेको कवितासङ्ग्रह हो **भावावर्तः** भन्न सकिन्छ । २०३० सालदेखि २०३४ सालसम्म प्रशस्त फुटकर कविताको लेखन र अभ्यासपछि लेखक मझौला रूप खण्डकाव्यतर्फ प्रवृत्त भएको पाइन्छ । **भाववर्तमा** सङ्कलन गर्न चाहेको **श्रीहनुमद्वैभवामृतम्** **विनतिकुसुमाञ्जलिमा** प्रकाशित भएको पाइन्छ । शिक्षण कार्यमा संलग्न भएदेखि पिण्डेश्वर बसाइसम्मका विभिन्न समयमा फुरेका भावहरूको आवर्त नै **भावावर्त** हो भन्ने कुरा लेखकको **किञ्चिन्निवेदनम्**बाट थाहा पाउन सकिन्छ । प्रस्तुत सम्पादन भावावर्त कविता सङ्ग्रहसित सम्बद्ध भएकाले विस्तृत परिचय पछि प्रस्तुत गरिने छ ।

२२. त्रिलोकेश्वरोपायनम् (लेखन समय – २०४७)

त्रिलोकेश्वरोपायनम् रोहिणीवल्लभद्वारा लेखिएको पद्यकाव्य (खण्डकाव्य) हो । २०३७ सालमा राजा वीरेन्द्रको प्रशंसा गर्दै **श्री५वीरेन्द्रोपायनम्** काव्य लेखेका लेखकले उक्त काव्य कतैबाट प्रकाशन हुन नसकेकाले र उक्त प्रशंसात्मक काव्य लेखेबापत कतैबाट उचित सम्मान समेत प्राप्त गर्न नसकेकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराग्य भावनाले युक्त भई प्रस्तुत **त्रिलोकेश्वरोपायन्** काव्यको रचना गरेका हुन् कि भन्ने कुरा **वाङ्मुखम्**मा लेखिएको **भोगाहिनाऽविरतमागिलितस्य जन्तोश्चर्यां निरुच्य बत ! वाणि ! कदर्थिताऽसि र यन्मे भवत् सुखचो वितथं नृनुत्या** भन्ने पद्यांशहरूले सङ्केत गर्दछन् । दाङ जिल्लाको बेलझुण्डीमा रहेको संस्कृत विश्वविद्यालयको प्राङ्गणमा अवस्थित त्रिलोकेश्वर महादेवलाई शीर्षक बनाइएको प्रस्तुत काव्यमा त्रिलोकेश्वर महादेवलाई नै आराध्यदेवका रूपमा उपस्थापन गरिएको छ । दाङको मङ्गल कामनाकासाथै नटेश्वर शङ्कर र विद्याकी अधिष्ठात्री देवी सरस्वतीको स्तवन गर्दै आरम्भ गरिएको प्रस्तुत काव्यको मूलमा वसन्ततिलका छन्दमा रचिएका १०९ पद्य रहेका छन् भने आरम्भमा भूमिकाका रूपमा **वाङ्मुखम्** र **विल्वाटवी** (बेलझुण्डी) कविता रहेका छन् । भावार्द्र भएर शिवजीको आराधना गर्दै लेखकले उनमा नै आत्मसमर्पण गरेका छन् । छिल्लिकोटको काखमा र कालिका मालिकाको छत्रछायामा रहेको बेलझुण्डीमा स्थापित त्रिलोकेश्वर महादेवलाई काशीमा अवस्थित विश्वनाथ नै मानिएको छ । जस्तै–

निःश्रेयसाय भुवि जन्मभृतां चिराय जाग्रन् महेश निवशस्यधिकाशि मूर्तः ।
तद्वद्दुराधिहतिघातमुपागतानां त्राणाय किं पदमधा त्वधिदाङ्गमीश! ।।

प्रस्तुत काव्यमा रहेका कतिपय पद्यहरूले पुष्पदन्तद्वारा रचित **शिवमहिम्नः स्तोत्रम्**को स्मरण गराउँछन् । जस्तै–

दूरस्य दूरममरेश ! भवान् विभाव्यश्चैवं समीपमवभासि समीपकस्य ।
क्षोदिष्ट एवमजरामरवत्प्रतीकस्त्र्यक्षो ह्यमुत्र प्रतिभासि महिष्ठ एकः ।।८८।।

शिवभक्तिपरक अलङ्कृत एउटा पद्य यसप्रकार छ–

शूलं निवारयसि जन्मभृतां त्रिशूलिन् रक्षस्यहो पुरमिहाक्षवतां पुरारे! ।
सौख्यं तनोष्यविरतं भुवि कृत्तिवास! त्वच्चेष्टितस्य लसतीश! परो विलासः ।।२३।।

२३. मेघदूतम्

मेघदूतम् कालिदासको विश्वविख्यात काव्य **मेघदूतम्**को मूलकै मन्दाक्रान्ता छन्दलाई अवलम्बन गरी गरिएको नेपाली पद्यानुवाद हो । यसमा पूर्वमेघका १२६ पद्यका साथै परिशिष्टका रूपमा थपिएका केही अन्य पद्यहरूको पनि नेपाली छायाँनुवाद गरिएको छ । अनुवादको रसास्वादनका लागि एउटा पद्य यहाँ प्रस्तुत गरिन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिँड्दा हिँड्दा थकित बनिए पाउ राखी थकाई
मेट्ने अग्ला शिखरहरू छन् कैयुँ राम्रा पहाडी ।
जाँही ताही सिम र झरना प्यून लाग्दा पियास,
बाटो लाग्दा कठिन परने छैन कौनै फसाद ।।२६ ।।

लेखनसम्बन्धी तिथि–मिति निश्चित नभएको प्रस्तुत मेघदूतम्को अनुवाद पनि लेखकद्वारा स्वजीवनको उत्तरार्द्धमा २०४२ सालपछि गरिएको अनुभव हुन्छ । मेघदूतम्को प्रसिद्धि र साहित्यिक उत्कर्षले नै लेखकलाई वारंवार मेघदूतम्प्रति आकृष्ट बनाएको हुनसक्छ ।

२४. बालिवधम् (लेखन समय – २०५०)

बालिवधम् २०५० सालमा आरम्भ गरिएको अपूर्ण आख्यानमूलक खण्डकाव्य हो । ××× चिह्नद्वारा विभिन्न खण्डमा विभक्त पवननन्दन हनुमान्को स्मरण गर्दै आरम्भ गरिएको प्रस्तुत खण्डकाव्य सरस पुष्पहरूमा सञ्चरण गरिरहेका भ्रमराका मधुर गुञ्जनले, फलेका फलका भारले झुकेका र हरियापातहरूले युक्त निविडवृक्षहरूले, कलकल शब्द गर्दै बगिरहेका नदीहरूले, मधुरशब्द गर्दै विचरण गरिरहेका हंसादि पन्छिहरूका साथै विकसित पद्मादि पुष्पहरूले युक्त तडागादिले, आकाशमा स्वच्छन्द उडान गरिरहेका पन्छिहरूले र वनमा सानन्द विचरण गरिरहेका जङ्गली जनावरहरूले सुशोभित सुमेरु पर्वतको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै अगाडि बढेको छ । उक्त सुमेरु पर्वतमा तपस्या गरिरहेका ब्रह्माजीका आँखाबाट झरेका शीतल आँशुका थोपाबाट ऋक्षरजानामक वानरको उत्पत्ति भएको, अचानक चिप्लिएर तलाउमा डुब्दा उक्त वानर सुन्दर रूपसौन्दर्यसम्पन्न वानरीमा परिणत भएको, अकस्मात् आएका काममोहित इन्द्रले उनका शिरमा वीर्यपतन गराउँदा बालीको र घुम्दै आइपुगेका मोहित सूर्यले ग्रीवामा वीर्यपतन गराउँदा सुग्रीवको जन्म भएको, दुई पुत्रको प्राप्तिपछि वानरकै रूपमा प्राप्त भएको ऋक्षरजालाई वानरराजको पदवी प्राप्त भएको कुरा लिखित पाँच खण्डमध्येको प्रथम खण्डमा वर्णन गरिएको छ । वानरहरूको परम्परागत राजधानी किष्किन्धामा बाली राजा र सुग्रीव युवराज भएको, उनीहरूको क्रमशः तारा र रुमासँग विवाह सम्पन्न भएको, युद्ध गर्न आएको महीषरूप दुन्दुभि राक्षसलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालीले मारेको, मायामय दानव मयपुत्रसँग युद्ध गर्न गुफाभित्र पसेका बाली एक महिनासम्म पनि नफर्केकाले निराश र भयभीत सुग्रीवले राज्य सम्हालेको साथै मयलाई मारी आएका बालीद्वारा निर्वासित सुग्रीव मन्त्री हनुमान् आदिका साथमा शत्रु बालीद्वारा अगम्य ऋष्यमूक पर्वतमा बस्न थालेसम्मको घटना बाँकी खण्डहरूमा क्रमशः वर्णन गरिएको छ । लेखकले सुन्दरानन्दद्वारा लिखित अध्यात्म रामायणलाई काव्यको उपजीव्य बनाए जस्तो लाग्दछ । लेखकको प्रकृतिवर्णन मनोहर छ । उदाहरणका लागि दुई पद्य यहाँ उपस्थापन गरिन्छ–

वृक्षाः प्रसूननिकरोल्लसिताग्रभागा गुञ्जन्मधुव्रतकलोन्मुदिता विभान्ति ।
मुग्धस्मितेन कुतुकोद्धुरितान्तराला वल्ली वितानरुचिरुत्मयतेऽनुवेलम् ।।
भास्वत्करोऽपि मृदुतामुपधाय मित्रो मन्दं विसर्पति जगद्रुचिकृन्नभस्तः ।
भावातिरेकमहसा महतो मनस्वी स्थाने समाहितधिया मतिमान् विभाति ।।

एउटा अर्को अलङ्कृत पद्य हेरौँ–

आह्वस्त बालिनमदभ्रबलं युयुत्सुर्मायामयो मयसुतो समराय दृप्तः ।
सिंहः प्रसुप्तमिव चञ्चलतामुपेतो दन्ताबलो मदबलादनवेक्षितान्तः ।।

२५. अन्त्यकर्मपद्धतिः

अन्त्यकर्मपद्धतिः साहित्यसित नभई कर्मकाण्डसित सम्बद्ध ग्रन्थ हो । मर्नुभन्दा पहिले र मरिसकेपछि १३ दिनसम्म हिन्दुहरूले धार्मिक विधिअनुसार गर्नुपर्ने और्ध्वदैहिक क्रियालाई यहाँ लिपिबद्ध गरिएको छ । बजारमा पाइने कर्मकाण्डसम्बन्धी पुस्तकहरूमा अशुद्धि धेरै हुने भएकाले र कुनै धार्मिक व्यक्तिद्वारा अनुरोधसमेत गरिएकाले प्रस्तुत ग्रन्थ लेखिएको हुनसक्छ । सङ्कलनात्मक प्रस्तुत ग्रन्थलाई सरल बनाउने कोसिस गरिएको छ र अन्त्यमा बुँदागत रूपमा आशौचसम्बन्धी निर्णय दिइएको छ । यसमा खासै मौलिकता झल्किँदैन तापनि व्यवस्थित रूपमा यसको प्रकाशन हुने हो भने दधिराम मरासिनीद्वारा लिखित अन्त्यकर्मपद्धतिको समकक्ष बन्न सक्ने देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्कर्ष

रोहिणीवल्लभ पोखेलद्वारा लिखित पुस्तकहरूको विवरण प्रस्तुत गरिसकेपछि उनका समग्र काव्यबाट अभिव्यक्त हुने वैशिष्ट्यका सम्बन्धमा दुई–चार शब्दहरू लेख्नु उचित नै ठहर्ला । रोहिणीवल्लभ प्रखर कविव्यक्तित्वका साथै सूक्ष्म समालोचकीय व्यक्तित्व भएका अनुसन्धाता समेत हुन् । हामी उनमा स्वतन्त्र कवित्वका साथै अनुवादकत्वसमेत भएको पाउँछौँ । उनले संस्कृत साहित्यका साथै काव्यशास्त्रको गहिरो अध्ययन गरेका थिए र व्याकरणका साथै न्याय आदि दर्शनमा उनको अभिरुचिका साथै दखल पनि थियो । **वाङ्निबन्धनम्** र **द्रव्यलेखा** यसका ज्वलन्त उदाहरण हुन् । कतिपय कविता र काव्यले लेखकको ऐतिहासिक तथा भौगोलिक ज्ञानलाई प्रकट गर्दछन् । **श्री५वीरेन्द्रोपायन्, नेपालगौरवम्**जस्ता काव्य यसका प्रमाणका रूपमा रहेका छन् । उनी अनुसन्धानको सारको रूपमा प्राप्त वस्तुलाई कविताको रूपमा प्रकट गर्ने क्षमता राख्दथे भन्ने कुरा **मिथिलासौरभम्, काव्यप्रणयम्** आदि ग्रन्थको अध्ययनबाट प्रमाणित हुन्छ । प्रस्तुत विवरणमा उल्लेख नगरिएको **कार्यकारणभाव-मूलकानामलङ्काराणां समीक्षात्मकमध्ययनम्** नामक विद्यावारिधि शोधप्रबन्धले उनको सूक्ष्म विश्लेषण क्षमतालाई प्रकट गर्दछ । राष्ट्र, राष्ट्रियता र राजतन्त्रप्रति उनको अगाध आस्था देखा पर्दछ । धर्म र संस्कृतिप्रतिको स्नेह उनको ढुकढुकी भएर रहेको पाइन्छ । उनले नेपालमा रहेका महत्त्वपूर्ण स्थानहरूको ऐतिहासिक धार्मिक र किंवदन्तीमूलक विवरण साहित्यका माध्यमबाट प्रकट गरी तिनीहरूको महत्त्व उजागर गर्न चाहेको बुझिन्छ । संस्कृत, नेपाली र मैथिली भाषाका ज्ञाता पोख्रेलका नेपाली र संस्कृतमा लिखित कृति खण्डकाव्य स्तरसम्म विस्तार भएको पाइन्छ भने मैथिली भाषामा उनी अनुवाद र स्फुटकर लेख रचनामै सीमित रहेको देखिन्छ । संस्कृत भाषामा लेखिएका कृतिहरू सबैभन्दा महत्त्वपूर्ण देखा पर्दछन् । समग्रमा भन्नु पर्दा लेखकका कृतिहरू गुणात्मक र परिमाणात्मक दृष्टिले महत्त्वपूर्ण र प्रशंसनीय छन् साथै तिनको प्रकाशन हुन सकेमा लेखकको कीर्ति चिरस्थायी हुने र राष्ट्रले पनि महत्त्वपूर्ण ग्रन्थरत्न प्राप्त गर्ने देखिन्छ । लेखकका पुस्तकाकार कृतिहरूका साथै प्रकाशित तथा अप्रकाशित काव्यहरू प्रकाशनमा ल्याउन र अनुसन्धानसमेत गर्न विद्वान्हरूलाई झकझकाउन सकोस् भनी लेखकका आरम्भिक र आभ्यासिक स्फुटकर कविताहरूको सङ्ग्रह भावावर्तको सम्पादन गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्त कवितासङ्ग्रह र यसको नामकरण

भावावर्तः कवि रोहिणीवल्लभका २०३०-२०३४ सालसम्म लेखिएका फुटकर कविताहरूको सङ्ग्रह हो । त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको तात्कालिक संस्कृत अध्ययन संस्थानमा **श्री५वीरेन्द्रोपायनम्** नामक उपायन काव्य प्रकाशनार्थ प्रस्तुत गर्दा लेखकले उक्त संस्थानका अध्यक्ष (डीन) लाई सम्बोधन गरी मिति २०४७/८/४ मा लेखेको निवेदनमा संस्कृत अध्ययन संस्थानमा प्रकाशनार्थ दिइएका पुस्तकहरूको सूचीमा 'भावावर्त' पनि समावेश गरेको हुनाले २०३८ सालभन्दा पहिले नै यसको पुस्तकाकार पाण्डुलिपि तयार पारिएको थियो भन्ने बुझिन्छ तर उक्त पाण्डुलिपि कतै प्राप्त हुन सकेन । कवितालाई पुस्तकाकार बनाउँदा तयार गरेको अन्य पुस्तकहरूको जस्तो आरम्भिक पाण्डुलिपि पनि प्राप्त हुन सकेन । अनेक काव्यहरूको माध्यमबाट आफ्नो प्रखर प्रतिभा प्रकट गरेका लेखकका आभ्यासिक कविताहरू त्यसै नष्ट भएर नजाऊन् भनी प्रस्तुत कविता सङ्ग्रहको सम्पादन गरिएको हो ।

भावावर्त कविता सङ्ग्रहमा कति कविता समावेश गरिएका थिए र कुनकुन कविता समावेश गरिएका थिए भन्ने कुरा निश्चयात्मक रूपमा भन्न सकिंदैन तर भावावर्तको पुनः संरचना तयार पार्ने प्रयास गरिएको छ । भावावर्तको प्रथमखण्डमा समावेश गरिएका कविताहरू २०३०-२०३४ मा लेखिएका हुन् तापनि द्वितीयखण्डमा समाविष्ट कविताहरूमध्ये केही कविताहरू २०३५ सालमा लेखिएका पनि छन् । तृतीयखण्डमा २०३७ सालसम्म लेखिएका कविताहरू पनि समावेश गरिएको छ । लेखकले २०३०-२०३६ सालका बीचमा धेरै फुटकर कविताहरू लेखेका थिए । उक्त कविताहरूमध्ये देवस्तुतिपरक कविताहरू **विनतिकुसुमाञ्जलिः** कवितासङ्ग्रहमा समावेश गरी प्रकाशन गरिएकाले यहाँ समावेश गरिएको छैन । नेपालसित सम्बद्ध कविताहरू **नेपालगौरवम्** काव्यमा समावेश गरिएको हुनाले ती कविताहरू पनि यहाँ समावेश गरिएका छैनन् । अवशिष्ट प्राप्त सम्पूर्ण संस्कृत कविताहरू यहाँ समावेश गरिएका छन् ।

लेखकको इच्छानुसार **भावावर्त** नामकरण गरिएको प्रस्तुत कवितासङ्ग्रहमा लेखककै इच्छानुसार विषय क्रमलाई महत्त्व नदिई लेखन क्रमलाई नै महत्त्व दिइएको छ । लेखकले **भावावर्त** कवितासङ्ग्रहमा समावेश गर्न चाहेका (रातो मसीद्वारा **भावावर्त**को सङ्केत गरिएका) कविताहरू प्रथमखण्डमा राखिएका छन् भने उक्त समयमा नै लेखिएका अन्य कविताहरू द्वितीय खण्डमा राखिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेष उद्देश्यद्वारा लेखन आरम्भ गरिएका, एउटा अलग डायरीमा प्राप्त र प्रकीर्णरूपमा उपलब्ध कविताहरू तृतीयखण्डमा समावेश गरिएका छन् । परिशिष्टखण्डमा रोहिणीवल्लभद्वारा २०१२ सालतिर लेखिएका छोटा कथाहरू पनि राखिएका छन् ।

भावावर्तको प्रथमखण्डमा **मतिहानिं न तनोति मृत्खनिः** कविता बाहेक सबै **भावावर्त** कवितासङ्ग्रहमा समावेश गर्ने सङ्केत गरिएका कविताहरू रहेका छन् । ३३ पद्यमा संरचित महत्त्वपूर्ण कविता भएको हुनाले प्रस्तुत कविता भावावर्तमा समावेश गरिएको हुनसक्छ भनी प्रथमखण्डमा राखिएको छ । **भावावर्त**मा समावेश गर्न खोजिएको **'श्रीमद्धनूमद्वैभवामृतम्' विनतिकुसुमाञ्जलि**मा प्रकाशित भएको भए तापनि यहाँ समावेश गरिएको छ । वाराहाक्षेत्रयात्रा शीर्षकको कविता **नेपालगौरवम्** काव्यमा **वाराहक्षेत्रम्** शीर्षकमा समावेश गरिएको हुनाले र उक्त **नेपालगौरवम्** काव्यको प्रस्तुत कवितासङ्ग्रहका सम्पादकद्वारा नै सम्पादन भइरहेकाले यहाँ समावेश गरिएको छैन । **वृत्तवाटिका** कवितासङ्ग्रहमा शिखरिणी छन्दको उदाहरणका रूपमा राख्न खोजेको पदवी कविता भने लेखकले भावावर्तमा समावेश गर्न चाहेको हुनाले प्रस्तुत सम्पादनमा प्रथमखण्डमा राखिएको छ ।

भावावर्त कवितासङ्ग्रहमा समावेश गर्न चाहेको भनी कुनै सङ्केत प्राप्त नभएका र अन्य कवितासङ्ग्रहमा प्रवेश नपाएका विभिन्न विषयसँग सम्बद्ध साना ठूला कविताहरू द्वितीयखण्डमा राखिएका छन् भने उक्त दुबै खण्डमा नपरेका कविताहरू तृतीयखण्डमा राखिएका छन् । **सुवर्णम्** र **वृक्षः** कवितामा **भावावर्त**को सङ्केत पाइए तापनि क्रस चिह्न (××) को प्रयोग गरिएको हुनाले उक्त दुबै कविता द्वितीयखण्डमा राखिएका छन् । कवितासङ्ग्रहमा कथाहरू राख्नु पर्ने आवश्यकता नभए तापनि रोहिणीवल्लभको लेखनी गद्यमा पनि चल्थ्यो भन्ने कुरा देखाउने र प्राप्त कथाहरू नष्ट नहोऊन् भन्ने उद्देश्यले परिशिष्टमा राखिएका हुन् ।

लेखन क्रमानुसार कविताहरू राखिएको हुनाले सामान्य र विशिष्ट, साना र ठूला एवं एउटै प्रकृतिका कविताहरूलाई एकै ठाउँमा राख्ने कार्य हुन सकेको छैन । कतिपय शीर्षक विहीन कविताहरूमा यथासम्भव अनुकूल शीर्षक दिइएको छ । अधिकांश शीर्षक विहीन मुक्तक कविताहरूको नामकरण गरिएको छ भने केही मुक्तक कविताहरूलाई स्फुटपद्य भनी समावेश गरिएको छ । लेखनक्रमको आग्रहले गर्दा एउटै खण्डमा पनि एकभन्दा बढी ठाउँमा फुट कविताहरू समावेश गरिएका छन् । प्रत्येक खण्डमा रहेका कविताहरूको लेखन समय र तिनको सामान्य परिचय अगाडि प्रस्तुत गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्तमा समाविष्ट कविताहरूको लेखनकाल

तीन खण्डमा विभक्त भावावर्त कवितासङ्ग्रहका प्रत्येक खण्डमा समाविष्ट कविताहरूको लेखनकाल यस प्रकार रहेको छ –

क) प्रथमखण्डमा रहेका कविताहरूको लेखनकाल

क्र.सं.	कविताशीर्षकम्	छन्दः	श्लो.सं.	लेखनकालः
१.	प्रभातवर्णनम्	अनुष्टुप्+वंश.ति.	५	२०३०/१/२०
२.	हिमालयवर्णनम्	अनुष्टुप्+उपेन्द्रवज्रा	६	२०३०/१/२२
३.	नेपालवर्णनम्	वसन्ततिलका	२	२०३०/१/२२
४.	विद्यार्थि–जीवनम्	वंशस्थम्+उपेन्द्रवज्रा	४	२०३०/१/२४
५.	वसन्तवर्णनम्	अनुष्टुप्	३	२०३०/१/२५
६.	ग्रीष्मवर्णनम्	अनुष्टुप्	२	२०३०/२/७
७.	शरद्वर्णनम्	अनुष्टुप्	३	२०३०/६/५
८.	सन्ध्यावर्णनम्	अनु.+व.ति.+वंश.	७	२०३०/६/१५
९.	हेमन्तवर्णनम्	अनुष्टुप्	५	२०३०/९/१०
१०.	संस्कृतस्य महत्त्वम्	अनुष्टुप्	३	२०३०/९/१५
११.	वसन्तश्रीः	वसन्ततिलका	८	२०३२/१/२१
१२.	शुभाभिनन्दनम्	वसन्ततिलका	११	२०३२/९/१४
१३.	श्रीहनुमद्वैभवामृतम्	भुजङ्गप्रयातम्	१०	२०३३/१/१५
१४.	भावानुबन्धनम्	वसन्तति.+सुन्दरी	८	
१५.	मतिहानिं न तनोति मृत्खनिः	सुन्दरी	३३	२०३४/५/२५
१६.	उर्ध्वगा पदवी	शिखरिणी	७	२०३४/५/३०
१७.	नगापगा	द्रुतविलम्बितम्	१८	२०३४/५/३१, २०३४/६/२
१८.	पिच्छिला रथ्या		४	२०३४/६/९
१९.	स्फुटपद्यानि			
	क) विद्यानिधिः संस्कृतम्	शार्दूलविक्रिडितम्	१	२०३४/११/१
	ख) वनम् १ ग) वनम् २		१	२०३४/११/२१
	घ) वनम् ३ ङ) वनावनम्		१	२०३४/११/२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख) द्वितीयखण्डमा रहेका कविताहरूको लेखनकाल

क्र.सं.	कविताशीर्षकम्	श्लो.सं.	लेखनकाल:
१.	श्रीदनायववडागुरुवर्णानां जुनानाथपण्डितानां शुभाभिनन्दनम्	६	२०३०/११/२९
२.	शुभाशंसनानि	६	२०३४/१/१
३.	स्फुटपद्यानि क) प्रभातम् ख) भारवि: ग) माघ: घ) वनम् ङ) जयत्यसौ वसुन्धरा	–	२०३४/१/६
	च) गण्डकी छ) विद्वान् सर्वत्र पूज्यते		२०३४/१/७-८
	ज) कालिदास: झ) वाण: ञ) हर्ष: ट) अद्रिराज: ठ) चन्द्र: ड) माघ: ढ) भूधर: ण) सूक्तम्	–	– – –
४.	सुवर्णम्	९	२०३४/५/३
५.	स्व.श्रीपालशर्मणे श्रद्धाञ्जलि:	९	२०३४/५/१६
६.	वृक्ष:	१३	२०३४/५/२०
७.	स्फुटपद्ये	२	२०३४/५/२३
८.	विजया शुभकामना	१	२०३४/७/६
९.	महामण्डलेश्वरश्री१०८स्वामीश्वरमहाभागाणां शुभाभिनन्दनम्	७	२०३४/११/१०
१०.	शुभाभिनन्दनम्	२	२०३४/११/१८
११.	स्फुटपद्यानि	–	
१२.	नववर्षाभिनन्दनम्	२	२०३५
१३.	हिमालयो वा महिमालयो वा	१	२०३५/१/७
१४.	सरस्वत्या मह:	१	२०३५/१/७
१५.	विकासायोद्यता वयम्	४	२०३५/१/७
१६.	पयोधरसंस्थिति:	१०	२०३५/२/४-५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग) तृतीयखण्डमा रहेका कविताहरूको लेखनकाल

क्र.सं.	कविताशीर्षकम्	छन्दः	श्लो.सं.	लेखनकालः
१.	भोलानाथझाशर्मणेऽभिनन्दनम्	वसन्ततिलका	६	२०३४/४/२१
२.	विविधपद्यावलिः	–	–	२०३५/१०/२४
३.	काष्ठमण्डपः	वसन्ततिलका	२	– – –
४.	पञ्चवटी	वसन्ततिलका+ उपजाति	२+२+२२ = २६	२०३६/१२/१७ २०३७/१/१८
५.	विभावना	वसन्ततिलका	२१	प्र. २०४७

भावावर्तका सम्बन्धमा उक्त ग्रन्थका लेखकको भनाइ

प्रकीर्ण रूपमा रचना गरिएका आफ्ना कविताहरू **भावावर्तः** कविता–सङ्ग्रहका रूपमा प्रकाशन गर्ने भावना जागृत भएपछि लेखकले भूमिकाका निमित्त तयार पारेको खेस्रा लेखन यस प्रकार छ–

किञ्चिन्निवेदनम्–

इह खलु नाऽतिवैदुष्यं कवित्वम्, न वाऽथ रसोल्लोलितमृदुलाकलनारम्भाङ्गणभुवस्तरङ्गततिविलासः । अतो नास्त्येव विशेषवाग्विलासोपगम्यमान–वैशिष्ट्यमपि । तदपि काञ्चित् कविगणनामाश्रयितुमुन्मनीकरोति मां मदीयश्चाञ्चल्यानुशीली स्वभावः । अस्तु ।

सुरभारतीशुश्रूषणभावनयोद्धुरितयोत्कण्ठया यथामति सम्प्रेरितो यदा प्रभृति शिक्षणक्षेत्रे प्रविष्टस्तत एवाद्याऽवधि यदा कदा मनसि समुज्जृम्भितान् भावान् निबध्नन्नासम् । यन्नाम धरानपिण्डेशितुः शरणमवाप्य मत्कृते निरतिशयां नवनवायितां हरिद्विनवलयितां प्रतिक्षणं सुरुचिमावहन्तीं प्रकृतेर्मञ्जुलां पर्वतीयां छटां दर्शं दर्शं मोहादुच्छ्वासितानां क्षणिकभावानामावर्तो भावानामावर्तनेन सङ्घटितवपुर्वा **भावावर्तः**। प्रायशोऽत्र निबन्धनोपक्रमेणैव संयोजिताः सन्ति भावाः । तन्नु स्वारस्यरसस्रोतो–ललितप्रवृत्तीनां पीयूषभाजां भाषितानां प्रणयिनां लब्धवर्णानां चक्षुषोरन्तस्तुषायमाणा वा बालक्रीडनानीव वा सोत्प्रासानुरागितां चेत्तनितुं प्रभवेयुर्यदि कृत्यकृत्यमात्मानं विभावयिष्यामि । तदत्र तेषां रुचिरेव प्रमाणम् ।

अन्ते च संस्कृताध्ययन–संस्थानस्याऽङ्गभूतं स्वमाकलयन् तदुपकारित्वेन समर्पयन्नेतत् विरमामि वाक्पलवनप्रपञ्चादिति ।

विनीतो रचयिता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्तमा समाविष्ट कविताहरूको परिचय

प्रस्तुत **भावावर्त** कवितासङ्ग्रह तीन खण्डमा विभक्त भएको हुनाले प्रत्येक खण्डमा रहेका सम्पूर्ण कविताहरूको अलग-अलग परिचय प्रस्तुत गरिन्छ ।

क) प्रथमखण्डमा समाविष्ट कविताहरूको परिचय

लेखक रोहिणीवल्लभ पोखेलद्वारा **भावावर्त**मा समावेश गर्ने सङ्केत गरिएका र प्रस्तुत सङ्ग्रहमा प्रथमखण्डमा समावेश गरिएका कविताहरू निम्नानुसार छन्-

१. प्रभातवर्णनम्

चारवटा अनुष्टुप् छन्दमा लेखिएका र एउटा वसन्ततिलका छन्दमा लेखिएको पद्यसमेत गरी जम्मा ५ पद्यमा संरचित **प्रभातवर्णनम्** कवितामा प्रातःकालको अलङ्कृत वर्णन गरिएको छ । प्रातःकालको मनोहर सौन्दर्य चारैतिर फैलिरहेको, रातभर एकछत्र साम्राज्य चलाएको चन्द्रमा मलिन हुँदै गइरहेको अनि सूर्य उदाइरहेको दृश्य उपस्थापन गरिएको छ । कवितालाई अलङ्कृत पार्दै प्राभातिक छटा क्षमावान् पुरुषको प्रतिमा जस्तो छ भनी उपमा अलङ्कारको प्रयोग गरिएको छ । जस्तै-

मित्रोदयमभीप्सन्ती परं रागमुपेयुषी ।
प्राभातिकी विभा भाति प्रतिभेव क्षमावतः ।।२ ।।

समासोक्ति अलङ्कारको एउटा सुन्दर उदाहरण यसप्रकार छ-

भानोः संश्लेषमिच्छन्तीं प्राचीं प्रेक्ष्य कलाश्रयाम् ।
व्यलीयत शनैर्म्लायन्नुदात्ताऽऽशयवान् विधुः ।।४ ।।

२. हिमालयवर्णनम्

जम्मा ६ पद्यमा संरचित **हिमालयवर्णनम्** कविताका सुरुका दुई पद्यमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ भने बाँकी चार पद्यमा उपेन्द्रवज्रा छन्दको प्रयोग गरिएको छ । अन्तिम पद्यको दोस्रो चरणमा भने वंशस्थ छन्दको लक्षण घट्दछ । सबैको चित्तवृत्तिलाई आफूतर्फ आकर्षित गर्ने र देवताहरूद्वारा पनि सम्मानित विभिन्न ऐश्वर्यका साथै अनेक सामर्थ्यले युक्त हिमालयको मानवीकरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ । झट्ट हेर्दा दुर्गम र जड जस्तो लाग्ने हिमालय विद्वान्हरूझैँ परोपकारार्थ द्रवित भइरहेको छ कि जस्तो प्रतीत हुन्छ–

दुरासदो दुरालोकः प्रकृत्या जडवानपि ।
सद्यः शिवावलोकोऽयं द्रवन् भाति सुधीरिव ।।२ ।।

शब्दालङ्कारका माध्यमले हिमालय र शिवजीका बीचमा साम्य प्रस्तुत गर्दै यो हिमालय हो कि महिमालय हो भनी सन्देहालङ्कारको सृजना गरिएको छ। एउटा उदाहरण हेरौँ–

सदाशयं मानसमास्थितोऽयं गवाश्रयो भूतिसितो दिगीशः ।
प्रकामहासेन विराजमानो नगाधिराजो नु शशाङ्कचूडः ।।४ ।।

३. नेपालवर्णनम्

वसन्ततिलका छन्दमा २ पद्यमा संरचित **नेपालवर्णनम्** कवितामा नेपालको वैशिष्ट्य प्रतिपादन गरिएको छ । पहिलो पद्यमा प्रजावत्सल राजाहरूद्वारा सुरक्षित, संसारमा विश्वबन्धुत्वको सन्देश फिजाइरहेको, परस्परमा सौहार्दपूर्ण व्यवहारले युक्त नेपाल देश पञ्चायती व्यवस्थाद्वारा सुशोभित भएको छ भनिएको छ भने दोस्रो पद्यमा नेपालमा हिन्दू धर्म भएको, यसले सबैलाई आनन्द प्रदान गरिरहेको, सधै स्वतन्त्रताको सुख अनुभव गरिरहेको भन्ने कुराको चर्चा गरिएको छ ।

४. विद्यार्थि-जीवनम्

सुरुका तीन पद्यमा क्रमशः वंशस्थ छन्द र चौथो तथा अन्तिम पद्यमा उपेन्द्रवज्रा छन्दको प्रयोग गरिएको **विद्यार्थि-जीवनम्** कविताको दोस्रो पद्यको तृतीय चरणमा उपजाति छन्दको मिश्रण गरिएको छ । लेखकका दृष्टिमा सदा शास्त्राध्ययनादिकार्यमा संलग्न रहने हुनाले विद्यार्थी जीवन शुभ हुन्छ । नम्रतादि गुणद्वारा चित्तवृत्तिलाई प्रसन्न र सात्त्विक बनाउन चाहने विद्यार्थी जीवन सयत्न हुन्छ । चित्तको चञ्चलतालाई नियन्त्रण गर्दै, चारैतिर विश्वबन्धुत्वको भावना जागृत गराउँदै विद्वान् गुरुहरूबाट निरन्तर शास्त्रको अध्ययनमा संलग्न रहने विद्यार्थी जीवन मङ्गलमय हुन्छ । समग्रमा भन्नु पर्दा जीवनलाई आवश्यक पर्ने सम्पूर्ण विशेषताहरू आर्जन गरिने विद्यार्थी जीवन जीवनकै महत्त्वपूर्ण कालखण्ड हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. वसन्तवर्णनम्

अनुष्टुप् छन्दमा तीन पद्यमा संरचित वसन्तवर्णनम् कविताको दोस्रो पद्यमा जडतालाई हटाउँदै, पुराना पातहरूलाई खसाउँदै वसन्तर्तु (मधु) पञ्चायती व्यवस्थाझैँ (जडसूत्रवाद हटाउँदै, पुराना पार्टीहरूलाई तल पार्दै) जगत्कल्याणका निम्ति उदाइरहेको छ भनिएको छ । जस्तै–

जडमुन्मूलयन् तूर्णं शीर्णं दलमधः क्षिपन् ।
मधुरैति जगद्दीप्त्यै पञ्चायतविधिर्यथा ।।२ ।।

प्रस्तुत कवितामा नयाँनयाँ भावना जागृत गराउने कोइलीको कुहूरूपी वाणीयुक्त पल्लवावली सुशोभित भइरहेको छ भनिएको छ ।

६. ग्रीष्मवर्णनम्

अनुष्टुप् छन्दका दुई पद्यमा संरचित **ग्रीष्मवर्णनम्** कविताका दुबै पद्यहरूमा उत्प्रेक्षा अलङ्कारको सुन्दर प्रयोग गरिएको छ । पहिलो कवितामा संसार र मानिसमा रहेको सरसताको शोषण गर्दै सूर्य अविवेकी पुरुषझैँ उदाउँछ भनिएको छ भने दोस्रो पद्यमा ताता किरणद्वारा सन्तप्त बनाइरहेको दुष्ट जाली ग्रीष्मर्तुको सूर्यको किरणले जगत्लाई डढाउन चाहिरहेको छ कि भनी उत्प्रेक्षा गरिएको छ।

७. शरद्वर्वनम्

शरद्वर्णनम् अनुष्टुप् छन्दका ३ पद्यमा संरचित छ । कतै लोकको शोक निवारणार्थ प्रशस्त जलको वृष्टि गरेको हुनाले क्षीण बनेको मेघलाई स्वच्छ आकाशले युक्त भएको शरद्ले हेरिरहेको हो कि भन्ने उत्प्रेक्षा गरिएको छ भने कतै फूलेका कमलले युक्त भएको, स्वच्छ जल भएको र भ्रमराहरूको मधुरगुञ्जनरूपी गीतले युक्त तलाउको वर्णन गरिएको छ । पृथ्वी गुणीहरूको व्यवहारजस्तो बनेको छ भनी श्लिष्ट उपमालङ्कारको यसरी प्रयोग गरिएको छ –

भाति मङ्गलभूयिष्ठफलसम्पद्धरा धरा ।
निष्पङ्का सुपथा मृद्वी वृत्तिर्गुणवतामिव ।।३ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. सन्ध्यावर्णनम्

सात पद्यमा संरचित **सन्ध्यावर्णनम्** कविताको दोस्रो पद्यमा वसन्ततिलका छन्दको, सातौँ पद्यमा वंशस्थ छन्दको र बाँकी पद्यहरूमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । अनुष्टुप् छन्दमा छैटौँ अक्षरलाई गुरु बनाउने नियम सर्वत्र पालन गरिएको छैन । प्रातःकालमा उदाई सम्पूर्ण अँध्याराको गर्भमा लीन पदार्थलाई प्रकाशित गर्दै चम्किएका सूर्य क्रमशः मलिन बन्दै जान्छन् भने स्वर्णिम सन्ध्याले क्रमशः सबैको चित्तवृत्तिलाई आकर्षण गर्न थाल्दछ । सूर्यको पतन, सन्ध्याको उदय एवं सन्ध्याकालिक वातावरणको सुन्दर वर्णनयुक्त प्रस्तुत कवितालाई स्वभावोक्ति, उत्प्रेक्षा र उपमा अलङ्कारको मध्यमबाट अलङ्कृत बनाइएको छ। शिष्ट अलङ्कारयुक्त एउटा पद्य यसप्रकार छ–

वृत्तिसङ्करसंश्लिष्टां शब्दानुशासनस्थितिम् ।
पर्यालोचयतीवार्कः सखेदं लोहितेक्षणः ।।६ ।।

९. हेमन्तवर्णनम्

अनुष्टुप् छन्दका ५ पद्यमा संरचित **हेमन्तवर्णनम्**मा अलङ्कृत शैलीको प्रयोग गरिएको छ । हेमन्तको विशेषणका रूपमा कतै मुग्धाशय त कतै दुर्विनीत शब्दको प्रयोग गरिएको छ । कतै हिमालङ्कार धारण गरेको र कामसौन्दर्यले युक्त भएको सहाः (हेमन्त) को आगमनको चर्चा गरिएको छ भने कतै युवा–युवतीलाई हेमन्तले मोहित बनाएको छ भनिएको छ । सम्पूर्ण सौन्दर्यलाई नष्ट गराउने र चिसोपनले सारा संसारलाई पीडा दिने हेमन्त वास्तवमै दुष्ट हृदय भएको राजा जस्तो लाग्दछ–

हेमन्तः प्रभवद् भाति क्ष्माभृदुग्राशयो यथा ।।५ ।।

पुनश्च प्रस्तुत कविता शरद्वर्णनम् पछि राख्नु पर्ने थियो तापनि लेखनक्रमको अनुरोधले गर्दा सन्ध्यावर्णनम् पछि राखिएको छ ।

१०. संस्कृतस्य महत्त्वम्

भावावर्तमा समावेश गर्न खोजिएका, अनुष्टुप् छन्दका तीन पद्यमा संरचित कविताहरूलाई सम्पादनका क्रममा **संस्कृतस्य महत्त्वम्** शीर्षक दिइएको हो । पहिलो पद्यमा आध्यात्मिक भावना विना विश्वबन्धुत्वको र मानवीयताको भावना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पन्न हुन सक्दैन भनिएको छ भने दोस्रो पद्यमा महत्त्वपूर्ण शरीर पाएर पनि मानिसले कर्म–अकर्म र विकर्मको सम्यक् स्वरूप जान्न सक्दैन भनिएको छ । तेस्रो पद्यमा यी सम्पूर्ण कुराहरू जान्न बुझ्न र स्वत्वको संरक्षण गर्नका लागि संस्कृतको संरक्षण र संवर्धन गर्नुपर्छ भनिएको छ ।

११. वसन्तश्रीः

वसन्ततिलका छन्दमा ८ पद्यमा संरचित **वसन्तश्रीः** कवितामा वसन्त ऋतुको आगमन र त्यसको सौन्दर्यको वर्णन गरिएको छ । पुष्पगुच्छारूपी स्तन धारण गरेकी बालसूर्यका किरणद्वारा रञ्जित राता अधर जस्ता पालुवा भएकी भ्रमराको मधुरगुञ्जनरूपी गीतले युक्त भएकी लताली नायिका झैँ शोभित हुन्छे भने पृथ्वी पनि सुशासकद्वारा संरक्षित भएझैँ मनोहर प्रतीत हुन्छ । वसन्त ऋतुमा कतै कोइलीको कुहूकुहू सुनिन्छ भने कतै भ्रमराहरूको गुञ्जन सुन्न पाइन्छ । कतै पुष्पित आम्रवृक्षहरूले हृदयलाई आनन्दित बनाइरहेका हुन्छ भने कतै पुरै जङ्गल नै हरियो भई शोभित भइरहेको देखिन्छ । वसन्तऋतुले सबैलाई आनन्दित बनाएको छ तापनि अयोगीहरूलाई आनन्दित बनाउन सकेको छैन । प्रकृतिको मनोहर वर्णन गरिएको प्रस्तुत कविताको एउटा पद्य उदाहरणका रूपमा प्रस्तुत गरिन्छ–

चञ्चत्पलाशकलिताङ्गविभूषणर्द्धिः पद्मोदयं सुकृतिसन्निधिमावहन्ती ।
मुग्धावलोकविमलान्तरभावतन्वी श्यामा विभाति नवविभ्रमभूर्वनश्रीः ।।८।।

प्रस्तुत कवितामा उपमा, रूपक र उत्प्रेक्षा अलङ्कारको ठाउँ ठाउँमा प्रयोग गरिएको छ । उपमा अलङ्कारको एउटा उदाहरण यसप्रकार छ–

पुष्पाकरे प्रभवति प्रकृतिः प्रगल्भा राजन्वती वसुमतीव विभाति भव्या ।।३।।

१२. शुभाभिनन्दनम्

संस्कृतका कुनै विद्वान् राजगुरुको अभिनन्दनमा लेखिएको र ११ पद्यमा संरचित **शुभाभिनन्दनम्** कवितामा वसन्ततिलका छन्दको प्रयोग गरिएको छ । अभिनन्दनीय व्यक्तित्वलाई सम्पूर्ण विद्या र विवेकको खानि भनिएको छ । आध्यात्मिकतादि विभिन्न गुणले युक्त भएका र सम्पूर्ण दर्शनका ज्ञाताका रूपमा उनलाई चित्रण गरिएको छ । उनका सम्पूर्ण विचारधारा राजसम्मत छन् भन्ने सङ्केत गरिएको छ । काव्यलाई अलङ्कृत बनाउने सन्दर्भमा अभिनन्दनीय व्यक्तित्वमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पूर्ण समासत्व (द्वन्द्व, तत्पुरुष, अव्ययीभाव, बहुव्रीहि) गुणत्व (माधुर्य, ओजः, प्रसाद) र शब्दशक्तित्व रहेको कुरा श्लिष्ट पदहरूको माध्यमबाट व्यक्त गरिएको छ । उनीबाट मानिसले सद्गुण ग्रहण गर्ने गरेको प्रसङ्ग उल्लेख गरिएको छ । अन्त्यमा उनीबाट लोककल्याणको कामना गर्दै उनलाई समेत विविध आशीर्वाद प्रदान गरिएको छ । तीनवटै साहित्यिक गुणहरू अभिनन्दनीय व्यक्तित्वमा रहेका छन् भन्ने देखाइएको एउटा पद्य उदाहरणका रूपमा प्रस्तुत गरिन्छ–

माधुर्यमुद्गिरति साधुविधानरीतिरोजो विभाति विविधीकृतनिर्मितिश्रि ।
लोकं विशोकयति शिष्टमतः प्रसादः सौम्यश्रियस्तव लसन्ति गुणाः समेत्य ।।६।।

समासका नाम सन्निवेश गर्ने आग्रहले गर्दा अव्ययीभाव र बहुव्रीहि शब्दको प्रयोग गर्दा छन्दको नियम उल्लङ्घन हुन गएको छ ।

१३. श्रीहनूमद्वैभवामृतम्

भुजङ्गप्रयातम् छन्दमा १० पद्यमा संरचित **श्रीहनूमद्वैभवामृतम्** पवनपुत्र हनूमान्‌को स्तुतिमा स्तुतिकाव्य परम्पराअनुसार लेखिएको कविता हो । लेखकद्वारा देवदेवीहरूको स्तवन गर्दै लेखेका आफ्ना कविताहरू समेटी **विनति-कुसुमाञ्जलिः** (सुमनःस्तबकः) कविता सङ्ग्रह प्रकाशन गर्दा प्रस्तुत कविता पनि **'श्रीमद्धनूमद्वैभवामृतम्'** शीर्षकमा समावेश गरिएको छ । सम्पादन गर्ने क्रममा प्रस्तुत काव्यमा स्पष्ट नभएका ठाउँमा प्रकाशित पाठलाई आधार मानिएको छ । विनति-कुसुमाञ्जलिमा र प्रस्तुत सम्पादनमा खासै अन्तर नभए तापनि एक दुईवटा शब्दमा अन्तर रहेको छ ।

प्रस्तुत कवितामा अत्यन्त नम्रताकासाथ हनुमान्‌को स्तवन गर्दै आफूलाई सम्पूर्ण रूपमा उनमा समर्पण गरिएको छ । उनीबाट आफ्ना सम्पूर्ण इच्छा आकांक्षाहरूको पूर्तिको अभिलाषा गरिएको छ । यसै क्रममा हनुमान् शरणदाता होऊन्, उदयदिनेवाला होऊन्, रक्षा गरून्, हाम्रा आधार बनून्, हामीलाई दया गरून्, ऐश्वर्य दिनेवाला होऊन्, हाम्रा विरुद्ध भावनाहरू विनाश गरून् र मनका आकांक्षालाई पूर्ण गरून् भनिएको छ । एउटा उदाहरण यसप्रकार छ–

द्रवत्स्वर्ण-पिङ्गाक्ष-कान्तावलोकः स्फुरद्-भास्करो-द्भासि-भासा परीतः।
जगत्त्राण-दीक्षो गभीराक्ष-लक्ष्यो दुरक्षान्तकोऽव्याद्धिरूपाक्षरूपः ।।३ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४. भावानुबन्धनम्

नौ पद्यमा संरचित भावानुबन्धनम् कवितामा वसन्ततिलका छन्दमा रचित छ पद्य र सुन्दरी छन्दमा रचित तीन पद्य रहेका छन् । प्रकृति वर्णनसित सम्बद्ध पद्यहरू भएको प्रस्तुत **भावानुबन्धनम्** कविताको शीर्षकले विभिन्न समयमा उत्पन्न भावहरूको पद्यबद्ध अभिव्यक्ति भन्ने अर्थ अभिव्यक्त गर्दछ । वसन्ततिलका छन्दमा रचित सुरुका तीनवटा श्लोकहरू **नेपालगौरवम्** काव्यमा **सप्तकौशिकीप्रवाहः** शीर्षकमा समेटिएका छन् तापनि बाँकी पद्यहरू उक्त कवितामा नसमेटिएको हुनाले र प्रस्तुत कवितालाई लेखकले भावावर्तमा समेट्न चाहेकाले यहाँ समावेश गरिएको हो ।

प्रस्तुत कविताका कुनै पद्यमा पश्चिम दिशाले मानिसका दृष्टिलाई आफूतिर तानी बाँधेझैं निश्चल बनाइदिन्छ भनिएको छ भने कुनै पद्यमा हिमालयको सौन्दर्यले रसिकलाई आकर्षित गर्दछ भनिएको छ । यस्तै केही पद्यमा अरण्यशोभाको, नेपालको हरियो वनको र वनस्थलीको चर्चा गरिएको छ । कृषकहरूको प्रणयको पनि वर्णन गरिएको छ । वनस्थली स्थितिको वर्णन गरिएको एउटा पद्य यस प्रकार छ–

सहजोद्‌गतसत्त्वसम्पदा जनमुच्चैरुपकुर्वतः सतः ।
भवतीह सदोन्नता गति–रिति वक्तीव वनस्थली–स्थितिः ।।६ ।।

१५. मतिहानिं न तनोति मृत्खनिः (मृत्खनि–संस्तवः)

तेत्तीस पद्य भएको र अन्तिमको एउटा पद्यलाई छाडेर बाँकी पद्यमा अर्धसम सुन्दरी छन्दः प्रयोग गरिएको **मतिहानिं न तनोति मृत्खनिः** लेखकको प्राध्यापनस्थल याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (क्याम्पस) रहेको मटिहानीको स्तुतिमा लेखिएको कविता हो । लामो र महत्त्वपूर्ण प्रस्तुत कवितालाई लेखकले अवश्य नै **भावावर्तः** कविता सङ्ग्रहमा समेटेका थिए भन्ने लागी प्रथमखण्डमा समेटिएको हो । पद्य ३०, ३१ र ३२ अलग्गै कागजका टुक्रामा भेटिएका थिए। ती कविताहरू पनि प्रस्तुत कविताकै अंश भएकाले यहाँ समेटिएको हो । मटिहानी मतिहानी हो भन्ने कथन वा हास्योक्तिलाई खण्डन गर्दै लेखिएको प्रस्तुत कविताको प्रत्येक पद्यका चतुर्थचरणमा **मतिहानिं न तनोति मृतखनिः** वाक्यांश रहेको हुनाले समस्यापूर्ति परम्परालाई अवलम्बन गरी लेखिएको कविता हो भन्न सकिन्छ । यी यी विशेषताले युक्त भएको मृत्खनिः (मटिहानी) ले मतिहानि (बुद्धिको विनाश) गर्दैन भन्ने प्रत्येक कविताको तात्पर्य हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत कवितामा परम्परादेखि नै अध्ययन अध्यापनको केन्द्रका रूपमा रहेको मटिहानीलाई कतै विद्वत्ताको खानी भनिएको छ भने कतै प्राकृतिक सौन्दर्यले युक्त मनोहर स्थलका रूपमा चित्रण गरिएको छ । कतै ऐतिहासिक तथ्यको उद्घाटन गरिएको छ त कतै किंवदन्तीहरूतर्फ सङ्केत गरिएको छ । कतै श्लेषालङ्कारको माध्यमले तात्कालिक विद्वान्हरूको त कतै त्यहाँका साधुसन्त, तथा जनसाधारणका प्रवृत्तिको सङ्केत गरिएको छ । मटिहानीमा भागवतादि पुराणहरूको अध्ययन र कथावाचनादि हुन्छ भन्ने कुराको सङ्केत गर्ने एउटा पद्य नमूनाका रूपमा उपस्थापन गरिन्छ ।

शुकदेवकथानकारवा श्रितगङ्गावतरोद्धुरा श्रुतिः ।
विधिहारिविधेयविश्रुता मतिहानिं न तनोति मृत्खनिः ।।२६ ।।

१६. ऊर्ध्वगा पदवी

शिखरिणी छन्दमा सात पद्यमा संरचित **ऊर्ध्वगा पदवी** उकालो बाटोलाई सम्बोधन गरी लेखिएको कविता हो । टाढाबाट पहाडमा मसिनो रेखाजस्तो देखिने उकालो बाटो (ऊर्ध्वगा पदवी) लाई मानवीकरण गरी तिमी कहाँ जान हिँडेकी हौ भनिएको छ । मर्मभेदी काँडाले युक्त भएकाले र पथिकहरूद्वारा क्षुब्ध गराइएको हुनाले व्याकुल भए तापनि पदवी (बाटा) ले थकाइको अनुभव नभएझैं आफ्नो विशाल हृदय प्रकट गरिरहेको छ । यहाँ पहाडले बाटालाई मोतीको मालाझैं धारण गरिरहेको छ कि जस्ता कविप्रतिभोत्थ अनेक कुराहरू पदवीलाई नै सम्बोधन गरी भनिएको छ । पदवी (बाटा) लाई सम्बोधन गरी प्रश्न गरिएको उउटा पद्य नमुनाका रूपमा प्रस्तुत गरिन्छ–

चिरोद्योगोद्युक्तैः सततमसुमद्भिः प्रतिपदं
तदोच्चैर्भाव्यं तत् कलितगुणरेखं तव वपुः ।
क्रमाल्लुप्ताभोगं बतउ नयनयोर्दूरमयते
विरक्तेवेदानीं पदवि! वियति क्राम्यसि क्व नु ।।७ ।।

१७. नगापगा

नगापगा द्रुतविलम्बित छन्दमा १८ पद्यमा संरचित लामो कविता हो । पहाडी खोलो (खहरे खोलो) भन्ने अर्थ दिने नगापगा कविता २०३० सालको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षाले उन्मत्त बन्दै बगेको 'सेउली' खोलालाई लक्ष्य गरी लेखिएको हो । १४ श्लोक पहिले लेखिएका हुन् भने ४ श्लोक पछि थपिएका हुन् । खोलालाई सम्बोधन गरी लेखिएको प्रस्तुत कवितामा भीषण प्रकृतिको वर्णन गरिएको छ । पहाडबाट डरलाग्दो गरी बग्दै आएको नदीले भीषण युद्ध आरम्भ गरेको जस्तो लाग्दछ । छेउछाउमा भएका रूखहरू उखेल्दै, ढुङ्गामुढा बगाउँदै, गडगड् शब्द गर्दै बग्ने खोलो वास्तवमै डरलाग्दो देखिन्छ । भीषण प्रकृतिको वर्णन गरिएको एउटा पद्य यसप्रकार छ–

क्षणिकगर्जनतर्जनदुर्भगै-र्भ्रमिकुलैः कबलीकृतचिच्चया ।
परिणतिं नु विभावयसि स्फुटं-क्रमहतं जगतां ननु बालिशे! ।।९।।

कविताको उत्तरार्द्धमा नदीलाई जगत्लाई मरुभूमि नबनाउन र शान्त बन्न अनुरोध गरिएको छ । दुबै किनारमा धान फलून्, मानिसले सुखको अनुभव गर्न पाऊन् भनिएको छ । शान्तप्रकृतिमा परिणत हुन गरिएको अनुरोध यस प्रकार छ–

बत! मलीमस-वारिनिषेवया यदपि ते विकृताऽस्ति मनःस्थितिः ।
ननु समीक्ष्य गलद्गतिवज्जलं दयितमाश्रय रोचिरथोद्धुरे! ।।१३।।

१८. पिच्छिला रथ्या

चार पद्यमा संरचित **पिच्छिला रथ्या** चिप्लो बाटोलाई सम्बोधन गरी लेखिएको कविता हो । दृढ ढुङ्गाहरूले मनोहर शरीर बनाएर सबैलाई आनन्द प्रदान गर्ने, बटुवाद्वारा सेवित तँ किन हिलोले युक्त भइस् भनिएको छ । कालोमेघको जलको सम्पर्कले अहिले तेरो शरीर फोहोर भएको हुनाले सङ्गतअनुसारको फल प्राप्त हुन्छ भन्ने कुरा प्रस्ट भएको छ भनिएको छ । बाटाको दुर्गतिलाई उसको दुराशय हो कि भन्ने आशङ्का गरिएको छ । अन्त्यमा कार्दम (हिलो+कर्दम मुनि) वीर्यलाई कापिल (कपिल+कर्दमका छोरा साङ्ख्यदर्शनका प्रवर्तकक कपिल मुनि) तत्त्वका रूपमा देखाउन खोजेका हौ कि भन्ने सन्देह उपस्थापन गरिएको छ । एउटा उदाहरण हेरौँ–

तडिद्द्रसं तं समासाद्य दीप्रं वपुस्तेऽधुना कच्चरत्वानुबिद्धम् ।
समीक्ष्याऽथ चित्ते विभातीह नित्यं फलन्ति प्रभावा हि पात्रानुरूपम् ।।२।।

श्लिष्टार्थ अभिव्यञ्जित गर्ने अन्तिम पद्य यसप्रकार छ–

अवज्ञावलीढागतीरेत्य सद्यो विषण्णा स्थितिस्ते न जागर्ति चित्रम् ।
अये! कार्दमं वीर्यमित्थं विशिष्य चिरात् कापिलं वा समाख्यासि तत्त्वम् ।।४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. स्फुटपद्यानि

भावावर्तः कवितासङ्ग्रहमा समावेश गर्न खोजिएका शीर्षकयुक्त र शीर्षकविहीन मुक्तक कविताहरू लेखनक्रमअनुसार स्फुटपद्यानि शीर्षकमा समेटिएका छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको **विद्यानिधिः संस्कृतम्** कवितामा संस्कृतलाई सम्पूर्ण विद्याहरूको निधि हो भनिएको छ । यसपछि वनम् शीर्षकमा अलग–अलग समयमा लेखिएका तीनवटा मुक्तक कविताहरू समावेश गरिएको छ । पहिलो वनम्मा वासन्ततिलका छन्दमा वनको चर्चा छ भने दोस्रो वनम्मा वनलाई विद्वान् जस्तो मानिएको छ । यस्तै तेस्रो वनम्मा पृथ्वीलाई सरस बनाउने वन सुशोभित हुन्छ भनिएको छ । यस्तै वनावनम् मुक्तकमा वनको संरक्षणलाई महत्त्व दिनाको कारण बताइएको छ ।

ख) द्वितीयखण्डमा समाविष्ट कविताहरूको परिचय

१. श्रीद्वनायबबडागुरुवर्याणां जुनानाथपण्डितानां शुभाभिनन्दनम्

छ पद्यमा संरचित सुरुका चार पद्यमा शार्दूलाविक्रीडित छन्द र अन्त्यका दुई पद्यमा क्रमशः वंशस्थ अनि वसन्ततिलका छन्दको प्रयोग गरिएको **श्रीद्वनायबबडागुरुवर्याणां.....** कविता जुनानाथ नायबबडागुरु पदमा नियुक्त भएपछि उनको अभिनन्दनमा लेखिएको कविता हो । प्रथमपद्यमा विभिन्न वैशिष्ट्यलेयुक्त जुनानाथलाई विद्वत्ताको मूर्ति भएको सङ्केत गरिएको छ भने दोस्रो पद्यमा उनका सद्मन्त्रणाद्वारा सञ्चालित नेपाल रामराज्यजस्तो बनोस् भन्ने कामना गरिएको छ । विभिन्न कारणले परम्परागत संस्कृतमहाविद्यालय हटेको हुनाले जनकपुरमा पुनः त्यसको स्थापना गरियोस् भन्ने माग गरिएको छ तेस्रो पद्यमा । अन्त्यमा नेपालका नयाँ गुरुको प्रशंसाभूमि शोभित हुन्छ भनिएको छ र जनकनन्दिनी जानकीले उनको कल्याण गरून् भन्ने कामना गरिएको छ । जानकीले गुरु जुनानाथको कल्याण गरून् भन्ने पद्य यसप्रकार रहेको छ–

सद्वर्त्म-बद्ध-नियमस्य शुभैकवृत्तेः प्राज्यश्रियो विनयिनः फलवद्विभूतेः ।
हिन्दूत्व-वैभव-विदो भवतोऽतिमात्रं श्रेयस्तनोतु मिथिलाऽवनिजा चिराय ।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. शुभाशंसनानि

शुभाशंसनानि शीर्षकमा प्राप्त पद्यहरूमध्ये प्रारम्भिक पद्यहरू अन्य कविताहरूमा समाविष्ट भएकाले बाँकी वसन्ततिलका छन्दमा ६ पद्यहरू शुभाशंसनानि शीर्षकमा समावेश गरिएको छ । आशीर्वादात्मक यी पद्यहरूमा कतै वाणीका विलासहरू मनमा स्फुरित होऊन् भनिएको छ त कतै वाणीका विलासहरूले विश्लेषणात्मक क्षमता प्रदान गरून् भनिएको छ । निरन्तर शास्त्राध्ययन र साहित्यचिन्तनमा संलग्न व्यक्तिहरूको जीवन सफल बनोस्जस्ता अनेक आशीर्वचनयुक्त पद्यहरू यहाँ रहेका छन् । जस्तै एउटा उदाहरण–

विद्याविलासविलसत्कुतुकोर्मिचञ्चत् स्वारस्यसञ्चितचितो महिमोपलब्धेः ।
शश्वत्कलासुहितभावभृतस्तवाऽयं सौजन्यसङ्गुणितभव्यगुणा मनीषा ।।४।।

३. स्फुटपद्यानि

स्फुटपद्यानि शीर्षकअन्तर्गत विभिन्न शीर्षकका प्रायः मुक्तकाकारका कविताहरू रहेका छन् । **प्रभातम्**मा प्रातःकालिक शोभाको वर्णन गरिएको छ भने **भारवि**मा भारवि सूर्यझैं शोभित हुन्छन् भनिएको छ । **माघ**मा माघकविको वैशिष्ट्य प्रतिपादन गरिएको छ भने **वनम्**मा वनको विशेषता देखाइएको छ । चर्चित उपर्युक्त चारवटै मुक्तक अनुष्टुप् छन्दमा रचिएका छन् । पद्यांशलाई नै शीर्षक बनाइएको र पृथ्वीको वर्णन गरिएको **जयत्यसौ वसुन्धरा**मा पञ्चचामरम् छन्दको प्रयोग गरिएको छ । **गण्डकी** शीर्षकमा तीनवटा मुक्तक कविताहरू रहेका छन् र ती क्रमशः उपेन्द्रवज्रा, वसन्ततिलका र मालिनी छन्दमा रचिएका छन् । अनुष्टुप् छन्दमा लेखिएको **विद्वान् सर्वत्र पूज्यते** र **कालिदासः**मा संस्कृत सूक्तिपरम्पराको अवलम्बन गरिएको छ र प्रकारान्तरले प्रसिद्ध सूक्तिको भावलाई प्रकट गरिएको छ । **बाणः** र **हर्ष**मा क्रमशः तीन र पाँच पद्य रहेका छन् भने बाण शीर्षकका दुई पद्य बाहेकका सबै पद्यमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । संस्कृतका प्रसिद्ध कविहरूलाई समेटी लेखिएको सूक्तिको प्रभाव परेको देखिन्छ । एउटा पद्यमा भुजङ्गप्रयातम् छन्दको र अर्कोमा मालिनी छन्दको प्रयोग गरिएको **अद्रिराज**मा उत्तरदिशातिर रहेको हिमालयको वर्णन पाइन्छ भने 'चन्द्रः' मा चन्द्रोदयको चर्चा पाइन्छ । माघको उदय नहुँदासम्म भारविको महत्त्व देखिन्छ भन्ने संस्कृतको श्लिष्टसूक्तिलाई नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माघमा प्रकारान्तरले श्लिष्ट शैलीमा प्रतिपादन गरिएको छ । स्वागताछन्दमा रचित **भूधरमा** हिमालयको वर्णन गरिएको छ भने **सूक्तम्**मा राजाको आश्रयमा काव्य-कलाको विकास हुन्छ भनिएको छ ।

४. सुवर्णम्

'सुन्दरी' छन्दमा ९ पद्यमा संरचित **सूवर्णम्** कवितामा बहुमूल्य धातु सुनको वर्णन गरिएको छ । पृथ्वीको गर्भबाट निस्कने सुन महत्त्वपूर्ण अलङ्कारको साधन पनि हो । सम्पन्नताको प्रतीक, आफ्नो वर्ण र स्वभावद्वारा अरुलाई आकर्षण गर्न सक्षम सुनका विभिन्न विशेषताहरूको यहाँ वर्णन गरिएको छ । सुनको स्वभावगत वैशिष्ट्यलाई देखाउने एउटा पद्य यसप्रकार छ–

क्वथितेऽवसितेऽथ बोधिते बत! दग्धे सततं तनूकृते ।
अपि वा शतशोऽवखण्डिते न विकारं कलयत्यदः पदम् ।।४।।

शिवजीको तेजजस्तो र विद्वान्हरूद्वारा पनि प्रशंसा गरिएको सुनको महत्त्व चिरविश्रुत छ ।

५. स्वर्गीयश्रीपालशर्मणे श्रद्धाञ्जलिः

विद्वान् सहकर्मी प्राध्यापक श्रीपालशर्माको स्वर्गारोहणको शोकमा लेखिएको '**स्वर्गीयश्रीपालशर्मणे....**' कवितामा वियोगिनी छन्दमा रचित नौ पद्य रहेका छन् । शोकमा डुबेका कविका लेखनीबाट निस्किएका पद्यहरूमा करुण रस अभिव्यञ्जित भएको छ । वियोगिनी छन्दको प्रयोगले करुणरस अझ हृद्य बनेको छ । धेरै समयसम्म अध्यापन पेसामा रही ज्ञानको ज्योति फिँजाएका गुरुको आकस्मिक निधनको खबरले सबै शिष्यहरू शोकाकुल बनेका छन् । आफ्नो अभिभावक गुमाएको अनुभव गरेका छन् । एउटा करुण पद्य यसप्रकार छ–

नियतं नु कृतान्तमूर्तिना कुटिलेनाऽतिबलेन घृष्णुना ।
गमितोऽसि प्रतीतसत्कथो गुरुविद्योऽप्यचिराददृश्यताम् ।।८ ।।

प्रस्तुत कविता पढ्दा रघुवंशमहाकाव्यको अज विलापको स्मरण हुन्छ । कविताको अन्तमा लेखकले पद्यमय मेरो यो श्रद्धाञ्जलिले दिवङ्गत तिम्रो आत्मालाई शान्ति प्रदान गरोस् भन्ने कामना गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. वृक्षः

सुन्दरी छन्दको प्रयोग गरिएको **वृक्षः** कविता १३ पद्यमा संरचित छ। प्रस्तुत कवितामा रूखको उपयोगिता, त्यसको विशेषता प्रतिपादन गर्दै रूखको परोपकारिता देखाइएको छ। आफूलाई सधै परोपकारका निम्ति समर्पण गर्ने महात्माका रूपमा वृक्षलाई उभ्याइएको छ। वृक्षका सबै अवयव परोपकारका लागि हुन्छन् भन्ने एउटा पद्य यसप्रकार छ–

फल-पुष्प-समिद्दलैरथो निखिलैर्वाऽवयवैर्निरन्तरम्।
ललितार्थलसत्-परोदयप्रणयोद्गारि तरोर्हि जीवितम्॥३॥

प्रस्तुत कवितामा अप्रस्तुत प्रशंसा अलङ्कारको प्रयोग गरिएको छ। **वृक्षः** कुनै अज्ञानतामा महापुरुषको प्रशंसामा लेखिएको कविता हो झैं लाग्दछ। अर्को एउटा पद्य यसप्रकार छ–

घनमूर्तितयोद्गता चिरात् कलिताऽनल्पगुणाऽऽकृती रसात्।
शुचिजीवनसङ्गतोदया सुहितार्था प्रकृतिः कृताऽऽत्मनाम्॥५॥

७. स्फुटपद्ये तथा विजया शुभकामना

वृक्ष कवितापछि **स्फुटपद्ये** शीर्षकमा भद्रिकावृत्तमा रचित एउटा मुक्तक छ। त्यसपछि वसन्ततिलका छन्दमा रचिएका सार्धश्लोक रहेका छन्। दुबैमा यथासम्भव शुद्ध पाठ दिने प्रयास गरिएको छ। वसन्ततिलका छन्दमा एक पद्यमा संरचित विजया शुभकामना कवितामा आद्या शक्ति विजया (दुर्गा) ले विजय प्रदान गरुन् भन्ने शुभकामना दिइएको छ।

८. महामण्डलेश्वरश्री१०८स्वामीश्वरानन्दमहाभागानां शुभाभिनन्दनम्

'महामण्डलेश्वर......' कवितामा शार्दूलविक्रीडित छन्दमा रचित ७ पद्यद्वारा महामण्डलेश्वर उपाधिले विभूषित श्री१०८ईश्वरानन्दको अभिनन्दन गरिएको छ। यहाँ ईश्वरानन्दलाई गीताको मर्म बुझेका कर्मयोगमा संलग्न योगी भनिएको छ। बाल्यवस्थाबाट नै विद्यार्जनमा संलग्न भएका र वेदवेदाङ्गको अध्ययन गरेका उनलाई महत्त्वपूर्ण निधि मानिएको छ। बुद्धिपूर्वक आध्यात्मिकताको प्रचार गर्दै तात्त्विक चिन्तनमा संलग्न ईश्वरानन्दले महत्त्वपूर्ण महामण्डलेश्वर उपाधि प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेको चर्चा गरिएको छ । सांसारिक मृगमरीचिकाले आक्रान्त व्यक्तिहरूलाई उद्धार गर्ने अमृतमय गीताको तत्त्वज्ञानदाताको रूपमा ईश्वरानन्दको वर्णन गरिएको छ । वेदान्तदर्शनको निरन्तर मननमा संलग्न रहने, संन्यासदीक्षारूपी धन भएका र अन्य विभिन्न वैशिष्ट्यले युक्त भएका तिम्रा सम्पूर्ण गुण वखान्न सक्दैनौं भनिएको छ। अन्त्यमा 'गोर्खादक्षिणबाहु'जस्तो महत्त्वपूर्ण पुरस्कारद्वारा सम्मानित तिमी नेपालका नै गौरव हौ भनिएको छ । प्रस्तुत कविताको एउटा पद्य यसप्रकार छ-

संसारोग्रमरीचिकामनुसरल्लोकावनायोच्छलत्-
स्वादूर्मि-ग्रथितं गुणानुगुणितं चञ्चन्महा-भा-रतम् ।
गीताज्ञानममन्दममृतरसस्यन्दिप्रवीणार्थितं
योगीन्द्र! त्वमनारतं विपुलयन् तद्रोचिरुज्जृम्भसे ।।४ ।।

९. शुभाभिनन्दनम्

वसन्ततिलका छन्द दुई पद्यमा संरचित **शुभाभिनन्दनम्** विद्यापीठमा नवनियुक्त प्राचार्यको अभिनन्दनमा लेखिएको अलङ्कृत कविता हो । प्रथम पद्यमा विरोधाभास, रूपक र उपमा जस्ता अर्थालङ्कारको रमणीय प्रयोग गरिएको छ । विद्या र ज्ञानमा प्रमुख तिमी नै वास्तवमा प्रमुख हौ भनिएको छ र उनको अभ्युन्नतिको कामना गरिएको छ ।

१०. स्फुटपद्यानि

स्फुटपद्यानि शीर्षकमा कवि रोहिणीवल्लभद्वारा लेखिएका प्रायः मुक्तक शैलीका धेरै कविताहरू समेटिएका छन् । जसमध्ये दुई पद्य भएको **बाणः** कवितामा संसारमा अनेक लेखकहरू भएता पनि तिनीहरूले बाणको समानता राख्न सक्दैनन् र बाण वास्तवमै पञ्चबाण हुन् भनिएको छ । **कालिदासः** कवितामा कालिदासका विशेषताहरू देखाउँदै उनलाई संस्कृतभाषारूपी समुद्रका चन्द्रमा भनिएको छ । **शारदा** कवितामा लोकको शोक निवारणार्थ सधै हातमा वेद धारण गर्ने र हंसमा आरूढ हुने सरस्वतीको वर्णन गरिएको छ । **माघः** कवितमा माघमा उपमा अर्थगौरव र पदलालित्य तीनै गुण रहेको सङ्केत गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११. अवशिष्ट कविताहरू

स्फुटपद्यानिपछि द्वितीयखण्डमा समाविष्ट सबै कविताहरूको रचना २०३५ सालमा भएको हो । वसन्ततिलका छन्दमा दुई पद्यमा संरचित **नववर्षाभिनन्दनम्** कविता २०३५ सालको आगमनको खुसियालीमा लेखिएको हो । प्रस्तुत कवितामा नयाँ वर्षको नयाँ दिनले सन्मार्गतिर प्रवृत्त हुने प्रेरणा प्रदान गरोस् भन्ने सङ्केत गर्दै लेखकले नयाँ वर्षले सबैको कल्याण गरोस् भन्ने कामना समेत गरेका छन् ।

वसन्ततिलका छन्दमा लेखिएको **हिमालयो वा महिमालयो वा** मुक्तक कवितामा विभिन्न विशेषण विशिष्ट (विशेषताले युक्त) हिमालयलाई लक्ष्य गरी कविप्रौढोक्तिद्वारा यो हिमालय हो कि महिमालय हो भनिएको छ । शिखरिणी छन्दमा लेखिएको र सम्पादनका क्रममा **सरस्वत्या महः** नामकरण गरिएको मुक्तक कवितामा विविध विशेषताले युक्त सरस्वतीको चरित्र सर्वश्रेष्ठ छ भनिएको छ ।

चार पद्यमा संरचित 'विकासायोद्यतता वयम्' भन्ने चतुर्थ चरणको समस्यापूर्ति गर्दै उक्त पद्यांशलाई नै शीर्षक बनाइएको **विकासायोद्यता वयम्** कवितामा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । यी–यी विशेषताले युक्त हामीहरू यसरी विकासका लागि उद्यत छौ भनिएको छ । एउटा पद्य हेरौँ–

> **दिगुज्ज्वलनस्वारस्यरसितातुलसम्मदाः**
> **प्रणयोद्गारिभिः कृत्यैः 'विकासायोद्यता वयम्' ।।२ ।।**

१२. पयोधरसंस्थितिः

युवतिका स्तनको वर्णन गर्दै वंशस्थ र इन्द्रवंश छन्दको सम्मिश्रण गरी १० पद्यमा लिखित प्रस्तुत कवितालाई वर्ण्यविषयका आधारमा सम्पादनका क्रममा **पयोधरसंस्थितिः** शीर्षक दिइएको हो । शृङ्गारपरक कवितालेखनतर्फ खासै रूचि नदेखाउने लेखकले हास्यार्थ प्रस्तुत कविता लेखेका हुन सक्छन् । प्रस्तुत कविताबाट एउटा अलङ्कृत पद्य यहाँ नमुनाका रूपमा प्रस्तुत गरिन्छ–

> **नक्षत्रमालाभरणाप्यचन्द्रिका नेपथ्यवित्तापि न पथ्यवृत्तगा ।**
> **परिष्कृताऽऽभाप्यपरिष्कृतान्ता सङ्घट्टते वा प्रमदाभ्रुवाऽधुना ।।५।।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग) तृतीयखण्डमा समाविष्ट कविताहरूको परिचय

१. भोलानाथझाशर्मणेऽभिनन्दनम्

तात्कालिक पञ्चायती व्यवस्थामा सक्रिय राजनीतिमा संलग्न मन्त्री श्री भोलानाथझाको जनकपुर आगमनका अवसरमा २०३२ सालमा या.ल.ना. विद्यापीठमा अभिनन्दन प्रसङ्गमा लेखिएको कविता हो **भोलानाथझा-शर्मणेभिनन्दनम्** । ६ पद्यमा संरचित प्रस्तुत कवितामा वसन्ततिलका छन्दको प्रयोग गरिएको छ । राजा, राजतन्त्र, राजमुकुट र राष्ट्रप्रति अचल आस्था भएका साथै समाजकल्याणमा संलग्न व्यक्तित्वका रूपमा भोलानाथको प्रशंसा गरिएको छ । उक्त कवितामा मालोपमा अलङ्कारयुक्त अन्तिम पद्य यसप्रकार रहेको छ–

ज्योत्स्नेव भातु विमला तव कीर्तिमाला, भगीरथीव भवतात् प्रगतेर्विलासः।
सूरात्मजेव हरिप्रीतिपरा प्रतीतिः कृष्णेव कृष्णप्रणया मतिरेधतां च ।।६।।

२. विविधपद्यावलिः

विविधपद्यावलिः शीर्षकमा २०३५ सालमा लेखिएका अलङ्कृत पद्यहरू समेटिएका छन् । यहाँ यमक, अनुप्रास, उपमेयोपमा अलङ्कारका उदाहरणका रूपमा लेखिएका (सङ्कलन गरिएका) कविताहरू पनि छन् । अन्य अलङ्कारका उदाहरणमा रूपमा लेखिएका कविताहरू **नेपालगौरवम्**बाट लिइएका हुनाले यहाँ टङ्कण गरिएको छैन ।

३. काष्ठमण्डपः

सम्भवतः **नेपालगौरवम्** काव्यमा समेट्न खोजिएको तर उक्त काव्यमा समाविष्ट हुन नसकेको दुई पद्यमा वसन्ततिलका छन्दमा संरचित '**काष्ठमण्डपः**' कविता **भावावर्त**को तृतीयखण्डमा समावेश गरिएको छ । प्रस्तुत कवितामा काठमाडौंको कलात्मकताको वर्णन गरिएको छ ।

४. पञ्चवटी

भावावर्त कवितासङ्ग्रहको तृतीयखण्डमा समेटिएको सबैभन्दा महत्त्वपूर्ण र काव्यकलालङ्कृत कविता हो **पञ्चवटी** । नमस्कारात्मक र आशीर्वादात्मक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलाचरणसहित आरम्भ गरिएको प्रस्तुत कवितामा मङ्गलाचरण पछि भगवान् नारायण तीन भाइका साथ रामनामले अवतीर्ण भएको चर्चा गरिएको छ । अनि पञ्चवटीको आधिकारिक प्राकृतिक सौन्दर्यको मनोहर चित्रण आरम्भ गरिएको छ । प्रस्तुत कवितामा रहेका वसन्ततिलका छन्दमा संरचित मङ्गलाचरणका दुई पद्य र रामावतारको वर्णन गरिएका दुई पद्य २०३६ सालको अन्त्यमा र ११ र १२ अक्षरको उपजाति छन्दको प्रयोग गरिएका अन्य पद्यहरू २०३७ सालको आरम्भमा रचिएका हुन् । प्रस्तुत कविताको सम्पादन गर्ने प्रसङ्गमा प्राप्त भएका दुई पद्यहरू पनि पञ्चवटी कविता लेख्ने प्रसङ्गमा लेखिएका हुनसक्छन् भनी बीचमा राखिएका छन् ।

प्राकृतिक सौन्दर्यले रमणीय भगवान् रामचन्द्रको लीलाभूमि प्रञ्चवटी चिरकालदेखि नै आकर्षणको केन्द्रका रूपमा रहेको छ । फुलेका फूलहरूमा मधुर गुञ्जन गर्दै सञ्चरण गर्ने भमराले युक्त धना जङ्गलले चारैतिरबाट घेरिएको पञ्चवटीमा एउटा सुन्दर पहाड र नजिकमा कलकल गर्दै बग्ने गोदावरी नदी रहेको छ । पञ्चवटीमा रहेको उक्त पहाडको अलङ्कृत वर्णन गरिएको एउटा पद्य यस प्रकार छ –

पुष्पाक्षगुच्छस्तनभज्यमानाऽवलग्नवीरुत्प्रणयावनद्धः ।
अमन्दशर्माम्बुनिधौ निमग्नः स्मितोच्छलत्प्रीतिपरोऽगमोऽत्र ।।६।।

गोदावरी नदीको वर्णन गरिएको एउटा अर्को पद्य यस प्रकार छ–

आरामरम्यं गहनाञ्चलं मुहुः पृषद्भिराराद्रसयन्त्यनुक्षणम् ।।
सरिद्वरेयं मृदुलाशया पुरःसृता प्रशान्ता जनतेव मोदते ।।२०।।

५. विभावना

विभावना कविता भारतीय विद्वान् भागीरथप्रसाद त्रिपाठी 'वागीशशास्त्री'द्वारा लिखित एवं २०४७ सालमा प्रकाशित समालोचनात्मक एवं विश्लेषणात्मक निबन्धहरूको सङ्ग्रह **'संस्कृतवाङ्मयमन्थनम्'** बाट साभार गरिएको हो । वसन्ततिलका छन्दमा २१ पद्यमा संरचित प्रस्तुत कवितामा भारतको मध्यप्रदेशमा जन्मिएर विश्वनाथको सान्निध्यमा भगवती भागीरथी गङ्गाको पावनतटमा अवस्थित बनारसलाई कर्मभूमि बनाएका विशिष्ट विद्वान् श्रीभागीरथप्रसाद त्रिपाठीको प्राज्ञिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यक्तित्वको उद्घाटन गरिएको छ । विभिन्न शास्त्र एवं दर्शनको गहन अध्ययन भएका साथै निरन्तर अध्ययन–अध्यापनमा संलग्न रहने र नयाँ–नयाँ कृतिहरूको माध्यमबाट सबैमा महनीय ज्ञानको प्रसार गर्ने भागीरथप्रसाद वास्तवमै वागीश हुन् भनिएको छ । कालिदास पुरस्कारबाट पुरस्कृत तथा अनेक काव्यका रचयिता भागीरथप्रसादप्रति वर्तमान युगका कालिदास नै हुन् भनी आदर प्रकट गरिएको छ । वाग्योगविद्जस्ता विशेषणद्वारा सरस्वतीका वरदपुत्र 'वागीशशास्त्री'को सम्मानसमेत गरिएको छ । प्रस्तुत कविताले लेखक कविताका माध्यमले विद्वद्वर्गको वैदुष्य प्रकट गर्नसमेत सक्षम थिए भन्ने बुझाउँछ ।

भागीरथप्रसाद त्रिपाठीले रोहिणीवल्लभको 'अभिनवमेघदूतम्' मा भूमिका (अप्रकाशित) लेखिदिएका र रोहिणीवल्लभले पनि भागीरथप्रसादको काव्यमा मन्तव्य लेखिदिएका हुनाले यी दुवै विद्वान्हरूका बीचमा सौहार्दपूर्ण सम्बन्ध थियो भन्ने बुझिन्छ । पुनश्च नेपालमै रहेका नेपाली विद्वान्बाट भारतीय विद्वान्ले भूमिका लेखाउनु वा मन्तव्य लेखिदिन अनुरोध गर्नुमा अवश्य नै रोहिणीवल्लभको विद्वत्ताले भूमिका खेलेको मान्नु पर्दछ । विषयवस्तुका आधारमा भागीरथप्रसादसम्बन्धी अवधारणा भन्ने अर्थ बुझिने र उनकै व्यक्तित्वलाई विषयवस्तु बनाई लेखिएको प्रस्तुत कविताबाट एउटा पद्य नमुनाका रूपमा उपस्थापन गरिन्छ–

विद्याऽवगाहविमलाऽऽशयरोचिषाऽत्र लोकान् विभावयितुमेष गुरुप्रमोदः ।
तत्त्वाम्बुधेर्मृदुकलाधरकोऽच्युतात्मा वाग्योगविल्लसति साधु विभाजितश्रीः ।।२।।

परिशिष्टखण्डका सम्बन्धमा

परिशिष्टखण्डमा लेखकद्वारा २०१३ सालमा लेखिएका ६ वटा लघुकथाहरू रहेका छन् । **गद्यनिबन्धनम्** (प्राक्कालिकम्) शीर्षक राखी लेखिएका यी कथाहरूमध्ये केही कथाहरूमा प्रश्नोत्तरात्मक शैलीको प्रयोग गरिएको छ भने केहीमा अन्तिम पद्यद्वारा कथानकको समर्थन गर्ने पञ्चतन्त्रको शैली प्रयोग गरिएको छ । चौथो र पाँचौँ कथामा क्रमशः **मूर्खः काकः** र **प्रतिस्पर्धा** शीर्षक दिइएको छ भने बाँकी कथाहरू शीर्षक विहीन छन् । पहिलो कथामा कुनै धनी व्यक्तिले स्वार्थी नोकरलाई धनसम्पत्ति दिएर निकाल्नुको कारण के हो भनी प्रश्न गरिएको छ तर उत्तर दिइएको छैन । यस्तै दोस्रो कथामा पत्नी पुत्रसहित पर्यटनका निम्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिँडेको व्यक्ति नौकाबाट कसरी नदी पारि गयो ? भनी प्रश्न गरिएको छ र यहाँ पनि उत्तर दिइएको छैन । तेस्रो कथामा भने सिकारीले एउटा चरो मारेपछि रूखमा कति चरा बाँकी रहे भन्ने प्रश्नको उत्तरमा एउटा पद्य उपस्थापन गरिएको छ । **मूर्खः काकः** र **प्रतिस्पर्धा** शीर्षक दिइएका चौथो र पाचौँ कथामा पञ्चतन्त्रको शैली प्रयोग गरिएको छ । **मूर्खः काकः**मा कौवाको मूर्खता र स्यालको धूर्तता देखाइएको छ भने **प्रतिस्पर्धा**मा दुईवटा भेडाको परस्परको प्रतिस्पर्धाले मृत्यु भएको देखाइएको छ । शीर्षकविहीन छैटौँ कवितामा पनि गणितीय प्रश्नोत्तर शैलीको प्रयोग गरिएको छ । कथानकका रूपमा आएको प्रश्नको एउटा पद्यद्वारा उत्तर पनि दिइएको छ ।

निष्कर्ष तथा उपसंहार

विभिन्न समय र सन्दर्भमा विभिन्न विषयवस्तु अँगाली लेखिएका साथै तीन खण्डमा विभक्त प्रस्तुत कविता सङ्ग्रहमा सङ्कलन गरिएका कविताहरूले लेखकका काव्यगत विशेषताहरूको सङ्केत गर्दछन् । लेखकद्वारा त्रि.वि.वि. संस्कृत अध्ययन संस्थानमा बुझाइएको भनिएको पाण्डुलिपि प्राप्त भएमा यसको मूल कलेबरमा भिन्नता देखापर्न सक्दछ । लेखकद्वारा शिक्षण पेसामा संलग्न भएपछि मूलतः संस्कृत अध्ययन संस्थानको स्थापनासँगै या.ल.ना.विद्यापीठमा पदस्थापना भएपछि खण्डकाव्यस्तरका काव्यहरू लेख्न आरम्भ गर्दासम्मका वि.सं. २०३० देखि २०३४ सम्म रचना गरिएका कविताहरू भावावर्तमा रहेका छन् । शिक्षण पेसामा संलग्न हुनुपूर्व नै नेपाली भाषामा अनेक काव्यको रचना गरेका लेखकले विद्यार्थी अवस्थामा र त्यसपछि पनि संस्कृत भाषामा कविताहरू लेखेका हुनसक्छन् । तर ती संस्कृतका कविताहरू प्राप्त हुनसकेनन् । लेखकको पहिलो प्रकाशित काव्य महाभारतीय यक्षयुधिष्ठिरसंवादका भूमिकाका लेखक ऋषभदेवको कथनानुसार पनि लेखकले स्फुटकर कविताहरू लेखेको र कतिपय कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएको भन्ने बुझिन्छ । यति भए तापनि यहाँ सङ्कलित कविताहरूलाई संस्कृत खण्डकाव्य लेखनपूर्वका आभ्यासिक कविता मात्र सकिन्छ । केही कविताहरू भने खण्डकाव्य लेखनकालमा सिद्धहस्त प्रौढ लेखकका लेखनीद्वारा रचना गरिएका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत कवितासङ्ग्रहमा सङ्कलित कविताहरू प्रारम्भिक र आभ्यासिक भए तापनि यिनमा प्रौढकवित्व झल्कन्छ र प्रतिभा एवं व्युत्पत्तिको मधुर संमिश्रण भएको देख्न पाइन्छ । यहाँ प्रथमखण्डमा वि.सं. २०३० देखि २०३४ सालसम्म रचिएका कविताहरू सङ्कलित छन् भने द्वितीय र तृतीयखण्डमा २०३७ सालसम्म रचिएका कविताहरू पनि समावेश गरिएका छन् । तृतीयखण्डमा २०४७ सालमा प्रकाशित एउटा कवितासमेत साभार गरिएको छ । रोहिणीवल्लभको संस्कृत काव्यलेखनको प्रथम चरणको प्रतिनिधित्व गर्ने यी कविताहरूमा लेखकका काव्यगत प्रवृत्तिहरू पनि प्रकट भएका छन् । कतिपय कविताबाट सरर अर्थ बुझ्न सकिन्छ भने कतिपय कवितामा लेखकीय शैलीका कारण अर्थ बुझ्न घोत्लिनुपर्दछ । वर्ण्यवस्तुको गहिराइमा पुगी तार्किक शैलीमा त्यसको यथार्थलाई प्रतिपादन गर्नु लेखकको एउटा विशेषता हो ।

रोहिणीवल्लभका काव्यमा वर्णनात्मक र वस्तुगत लेखन शैली पाइन्छ । यहाँ सङ्कलित सबै कविताहरू वस्तुगत वर्णनका दृष्टिले महत्त्वपूर्ण छन् । समस्त पदहरूको र अलङ्कृत तथा क्लिष्ट शैलीको प्रयोग गर्नु लेखकको विशेषता नै हो। आकाश रातो भएको छ भन्नलाई **रागश्रियं श्रयति शब्दगुणं क्रमेण** (सन्ध्यावर्णन-२) जस्ता वाक्यहरूको प्रयोग गरिएको छ । **गिलितौतुवलोच्चयोन्दुरुर्विभ-वोच्छायवतीह** (मतिहानी न तनोति मृत्खनिः – २१) जस्ता लामा-लामा र सहज अर्थ प्रतीत हुन नसक्ने पदहरूको प्रयोग भएको देखिन्छ ।

प्रस्तुत काव्यमा विविध शास्त्रीय छन्दका साथै अनुप्रास, उपमा, रूपक, उत्प्रेक्षा, विरोधाभास र समासोक्तिजस्ता अलङ्कारहरूको प्रयोग गरिएको छ । उपमा अलङ्कारको प्रयोग गरिएको एउटा पद्यांश यसप्रकार छ –

पुष्पाकरे प्रभवति प्रकृतिः प्रगल्भा राजन्वती वसुमतीव विभाति भव्या।

अप्रस्तुत प्रशंसायुक्त अर्को पद्य हेरौं –

चरितैर्बहुमानसंवृतैर्जगदुच्चैरवतोऽस्य शाखिनः ।
महिमोच्चयसंस्तुतं चिरान्ननु भातीह गुणाद्भुतं जनुः ।।

वृक्षको प्रशंसामा लेखिएको प्रस्तुत पद्यले कुनै मनस्वी पुरुषको चरित्रलाई व्यक्त गर्दछ । **मलिनायते** (सन्ध्यावर्णनम् – १) जस्ता नामधातुद्वारा उपमालङ्कारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिर्जना गर्ने परिपाटी प्रस्तुत काव्यमा पनि देख्न पाइन्छ । **चूर्णपेशं निपिष्य** (हनुमद्वैभवामृतम्-१०) जस्ता पदहरूको प्रयोग पनि देख्न पाइन्छ । अनुष्टुप् छन्दमा लेखिएका साधारणजस्ता देखिने कविताहरू पनि कलात्मक अभिव्यञ्जनाका दृष्टिले महत्त्वपूर्ण छन् । उदाहरणका लागि निम्नपद्यलाई लिन सकिन्छ –

भाति मङ्गलभूयिष्ठफलसम्पद्धरा धरा ।
निष्पङ्का सुपथा मृद्वी वृत्तिर्गुणवतामिव ।।

अभिनन्दनका सन्दर्भमा व्यक्तिको प्रशंसामा लेखिएका कविताहरूमा समेत अलङ्कृत शैलीको प्रयोग गरेको पाइन्छ। उदाहरणको लागि एउटा पद्य उपस्थापन गरिन्छ –

ज्योत्स्नेव भातु विमला तव कीर्तिमाला, भगीरथीव भवतात् प्रगतेर्विलासः।
सूरात्मजेव हरिप्रीतिपरा प्रतीतिः कृष्णेव कृष्णप्रणया मतिरेधतां च ।।

कवि रोहिणीवल्लभ प्रकृतिका उपासक कवि हुन् । उनका काव्यमा प्रकृतिको वस्तुगत वर्णन पाइन्छ । यहाँ स्थानगत र कालगत दुवै प्रकृतिको वर्णन गरिएको छ । स्थानगत प्रकृतिको वर्णनका दृष्टिले हिमालय, नगापगाजस्ता कविता महत्त्वपूर्ण छन् भने कालगत प्रकृतिका दृष्टिले वसन्तवर्णनम्, शरद्वर्णनम्, ग्रीष्मवर्णनम्, हेमन्तवर्णनम्जस्ता कविता महत्त्वपूर्ण छन् । सन्ध्यावर्णनम् र वसन्तश्रीःजस्ता कविता पनि प्रकृति वर्णनका दृष्टिले उल्लेखनीय छन् । लेखक प्रकृतिले आफूमा वा मानवमा पर्ने वर्णनतिरभन्दा प्रकृति जस्तो देखिन्छ, त्यस्तै चित्रण गर्नतिर प्रवृत्त भएको पाइन्छ । कतिपय पद्यहरूमा प्रकृतिको मानवीकरणसमेत गरको देखिन्छ । क्रमशः उकालो बाटो, खररे खोलो र हिलो बाटोलाई सम्बोधन गरी लेखिएका ऊर्ध्वगा पदवी, नगापगा र पिच्छिला रथ्या कवितामा प्रकृतिको मानवीकरण गरिएको छ । प्रकृतिको अन्तःसौन्दर्यको पनि समुद्घाटन गरिएको छ । अलङ्कृत प्रकृतिको पनि यत्रतत्र प्रयोग पाइन्छ । प्रकृतिमा चेतनताको वर्णन गरिएको एउटा पद्य यसप्रकार छ –

प्रौढस्मिताऽञ्चितसुमस्तबकाभिनम्रा रागोच्छलत्किसलयाधरमञ्जुलान्ता ।
उल्लास्य माधव-विनोदरसं स्मयन्ती प्रोज्जृम्भते मधुरशिल्पभरोद्गता श्रीः।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिकाखण्डः

रोहिणीवल्लभ मूलतः सौम्य प्रकृतिका उपासक भएकाले उनका कवितामा सुन्दर, स्निग्ध र शान्त प्रकृतिको वर्णन पाइन्छ तर **नगापगा** कवितामा वर्षा ऋतुको खहरे खोलालाई वर्ण्य विषय बनाइएको हुनाले रौद्रप्रकृतिको पनि वर्णन देख्न पाइन्छ । लेखकले आफ्नो प्रकृतिअनुसार नै उक्त कविताको अन्त्यमा पहाडी खहरे खोलालाई शान्त र सौम्य बन्न अनुरोध गरेका छन् ।

वर्णनात्मक र तार्किक शैलीमा लेखिएका यी कविताहरूमा आद्यन्त कुनै एक रस अभिव्यक्त हुनसकेको छैन । शृङ्गाररसप्रधान कविताप्रति लेखकको खासै अभिरुचि देखिँदैन । सम्पादनका क्रममा 'पयोधरसंस्थिति' शीर्षक दिइएको कविताबाहेक अन्य कुनै कविता शृङ्गाररसप्रति उन्मुख भएको देखिँदैन । सम्भवतः हास्यात्मक मनोविनोदका निम्ति लेखिएको उक्त कविता मात्रै लेखकको सम्पूर्ण कवितायात्रा मै शृङ्गारतर्फ उन्मुख कविता हो । प्रकृतिवर्णनका सन्दर्भमा भने नायक र नायिकाका बीचको रत्यात्मक स्थायीभाव अवश्य अभिव्यक्त भएको पाइन्छ । करुणरसको सिर्जनामा भने लेखक अवश्य नै सफल छन् । प्रस्तुत सङ्ग्रहमा सङ्कलित 'स्वर्गीयश्रीपालशर्मणे श्रद्धाञ्जलिः' कवितालाई उदाहरणका रूपमा लिन सकिन्छ । नगापगा कवितामा रौद्ररसको स्थायीभाव क्रोधको अभिव्यञ्जना पाइन्छ ।

अपरिष्कृत तथा खेस्रा लेखनबाट सङ्कलित सम्पूर्ण कविताहरू निर्दोष छन् भन्न सकिँदैन । केही पद्यहरूमा हतवृत्तादि सामान्य दोषहरू पनि देख्न पाइन्छ । समग्रमा भन्नुपर्दा कतिपय कसर–मसर भेटिए पनि लेखकका मध्यमाकारका खण्डकाव्य लेखनका पृष्ठभूमिका रूपमा रहेका र उनका उत्तरवर्ती काव्यविशेषताहरूलाई सङ्केत गर्ने यी कविताहरू साहित्यिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छन् । अलङ्कृत वर्णनशैली, प्रकृतिको मनोहर चित्रण र आदरणीय व्यक्तित्वप्रति सम्मानभाव आदिका दृष्टिले पनि कविताहरू महनीय छन् ।

पुनश्च प्रस्तुत कवितासङ्ग्रहमा **विनतिकुसुमाञ्जलिः**, **वृत्तवाटिका** र **नेपालगौरवम्**मा समावेश गर्न खोजिएका कविताहरूबाहेक साना–ठूला सबै कविताहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । कतिपय कविताहरू साफी गरी स्पष्टसँग लेखिएका हुनाले सम्पादन गर्दा खासै अप्ठ्यारो भएन तर कतिपय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविताहरू आफैले मात्र बुझ्ने गरी केरकार गरी लेखिएका हुनाले सम्पादन गर्दा निकै नै परिश्रम गर्नुपऱ्यो । सकेसम्म कुनै पनि कविताहरू नछुटुन् भन्ने उद्देश्य राखिएको हुनाले एउटै अर्थ दिने मुक्तक पद्यहरू एकाधिक ठाउँमा समावेश गर्न पर्ने भयो । प्रस्तुत सङ्ग्रहमा एउटा पेजमा एउटामात्र कविता राख्न वा नयाँ कवितालाई अर्को नयाँ पेजबाट आरम्भ गर्न खोजिएको छ तापनि कतिपय ठाउँमा लेखनक्रमानुसार प्राप्त साना–साना दुईवटा कवितालाई एउटै पेजमा राखिएको छ । रोहिणीवल्लभको व्यक्तित्व र कतित्वबाट साधारण पाठक खासै परिचित नभएका हुनाले सम्पादकीयको आरम्भमा लेखकको साधारण परिचयसहित उनका प्रकाशित तथा अप्रकाशित प्राप्त सम्पूर्ण कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहमा प्रत्येक खण्डमा सङ्कलित कविताहरूको सामान्य चर्चा गरिए तापनि सम्पादकीय विस्तार हुने भयले विस्तृत चर्चा गरिएको छैन । कतिपय कवितामा विशेषतः **मतिहार्नी न तनोति मृत्खनिः** कवितामा प्रयुक्त **यदुनन्दनलीलयाङ्किता, बहुतारकसङ्कुला, विबुधोपधिवैद्यविभ्रमा**जस्ता पदहरूले श्लिष्टार्थको र **गिलितौतुबल०** जस्ता पदहरूले किंवदन्तीहरूको सङ्केत गर्दछन् तर ती विषयहरूको यहाँ निर्देशन गरिएको छैन । मूल ग्रन्थको प्रकाशनपछि यसका सम्बन्धमा अनुसन्धान र विश्लेषण हुने नै छ । जुन समयमा प्रतिभावान् लेखकका मनमा जुन प्रकारका भावनाहरू उत्पन्न भए ती भावनाहरू नै कविताका माध्यमले अभिव्यक्त भएका हुन् । विशेष उद्देश्यविना स्वान्तः सुखाय लेखिएका लेखकका तीनै भावनाहरू नै अहिले सहृदय पाठकसमक्ष पुग्न सफल भएका छन्।

प्रस्तुत कवितासङ्ग्रहलाई यस आकारमा पाठकसमक्ष ल्याउनका लागि विभिन्न महानुभावहरूले पर्याप्त सहयोग पुऱ्याउनुभएको छ । यस प्रसङ्गमा म सर्वप्रथम रचनात्मक कार्यतर्फ लाग्नुपर्दछ भनी प्रेरणा प्रदान गर्नुहुने ने.सं.वि.का शिक्षाध्यक्ष एवं आदरणीय गुरुवर प्रा.डा. भागवत शर्माप्रति कृतज्ञता व्यक्त गर्दछु । मैले गरेको प्रस्तुत सम्पादनको अवलोकन गरी आवश्यक सुझावहरूका साथै आफ्नो अत्यन्त व्यस्त समयमा पनि फुर्सदको क्षण निकाली शुभकामनासमेत प्रदान गर्नुहुने आदरणीय गुरुवर प्रा.डा. वेणीमाधव ढकालप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत कवितासङ्ग्रहको मूल संस्कृतखण्डको सम्पादनमा सहयोग गर्नुहुने डा. केशव प्रपन्नाचार्यप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । भूमिकात्मक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीखण्डको लेखनकार्यमा सहयोग गर्नुहुने अग्रज सहप्रा. केशवराज पोखरेलप्रति आभार प्रकट गर्दछु । यस्तै प्रस्तुत कवितासङ्ग्रहको लेखन तथा प्रकाशनको प्रसङ्गमा आ–आफ्नो तर्फबाट विभिन्न सहयोग गर्नुहुने र सदाशय प्रकट गर्नुहुने उपप्रा. नारायण चालिसे, उपप्रा. दुर्गा घिमिरे, सहायक प्रा. दधिराम दहाल र भाउजू कमला पाखरेलप्रति पनि आभार प्रकट गर्दछु । विभिन्न प्रकारले लेखनकार्यमा यथेष्ट समय उपलब्ध गराउने श्रीमती कमला पोखरेल र छोरा कुलचन्द्र पोखरेलप्रति साधुवाद प्रकट गर्दछु ।

आफ्ना घरमा भएका रोहिणीवल्लभद्वारा लिखित सम्पूर्ण पाण्डुलिपिहरू उपलब्ध गराई सहयोग गर्ने लेखककी धर्मपत्नी श्रीमती रत्नकुमारी पोख्रेल धन्यवादकी पात्र हुनुहुन्छ । वर्तमान अर्थप्रधान समयमा पनि आफ्ना पतिदेवको कीर्ति अमर रहोस् र पाठकले एउटा साहित्यिक रचना प्राप्त गर्न सकून् भन्ने सदाशयद्वारा प्रस्तुत काव्यको प्रकाशनसम्बन्धी सम्पूर्ण अभिभारा वहन गर्ने रत्नकुमारीज्यूप्रति आभार प्रकट नगरी रहनै सकिँदैन । श्रीमती रत्नकुमारी पोख्रेल, उहाँको परिवार र उहाँका ज्वाइँ श्रीमाधवप्रसाद कोइरालाको सदाशयले नै प्रस्तुत ग्रन्थले प्रकाशित भई पाठकसमक्ष आउने अवसर प्राप्त गरेको हो । जनकपुरधाममा अवस्थित आफ्नो घर आउनुभएकी रत्नकुमारीज्यूसमक्ष वार्तालापका प्रसङ्गमा गुरुज्यूले धेरै कविता लेख्नुभएको रहेछ, तिनको प्रकाशन हुन सक्यो भने सबैले पढ्न पाउँथे भनी मैले आफ्नो विचार राख्दा एउटासम्म भए पनि पुस्तक प्रकाशित गरिदिन इच्छा भएको कुरा उहाँले प्रकट गर्नुभएको थियो । उहाँको इच्छानुसार नेपालका विशेषताहरूको वर्णन गरिएको 'नेपालगौरवम्' काव्य सम्पादन गर्ने प्रसङ्गमा प्राप्त भएका स्फुटकर कविताहरूको सङ्कलन गरी सम्पादन गरिएको कवितासङ्ग्रह नै भावावर्त हो । जुन सङ्ग्रहले लेखक परिवारकै सहयोगमा प्रकाशित हुने अवसर प्राप्त गरेको छ । प्रेससम्बन्धी सम्पूर्ण अभिभारासमेत वहन गर्नुहुने प्रकाशिकाका ज्वाइँ माधवप्रसाद कोइरालाज्यू विशेषतः धन्यवादका पात्र हुनुहुन्छ ।

कृतज्ञता समर्पणकै प्रसङ्गमा समयमै टङ्कणसम्बन्धी कार्य गरिदिनुहुने श्रीराजेशप्रति कृतज्ञता प्रकट गर्दछु । टङ्कण गरिएको सम्पूर्ण काव्यलाई कडा परिश्रमसाथ संस्कृतभाषा अनुकूलको वर्णमा परवर्तन गरी अवशिष्ट लेखनको टङ्कणसहित सुन्दर सेटिङसमेत गरी सहयोग गर्ने क्वालिटी लेजर प्रिन्टप्रति कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा प्रस्तुत पुस्तकको लेखन, सम्पादन र मुद्रणकार्यका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि प्रत्यक्ष–अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावप्रति कृतज्ञताका शब्द-सुमन समर्पण गर्दछु । प्रस्तुत सम्पादनले अनुसन्धाताहरूलाई रोहिणीवल्लभका प्रकाशित तथा अप्रकाशित कृतिहरूको अन्वेषण, अनुसन्धान र प्रकाशनमा सहयोग गर्नेछ वा उक्त कार्यप्रति अभिप्रेरित गर्नेछ भन्ने आशा गर्दै विज्ञ पाठकहरूबाट प्राप्त हुने सुझावको समेत अभिलाषा राख्दै सर्वशुक्ला सरस्वतीको चरणारविन्दको स्मरणपूर्वक यस सम्पादकीयबाट विराम लिन चाहन्छु । पुनश्च

सरस्वतीसौम्यदृशा विलोकितः
स्वजन्मना यो धरणीमभूषयत् ।
विष्णुप्रियाश्रीरघुनाथयो सुतः
स रोहिणी शुक्लयशा विराजते ।।

साहित्यरत्नाकरलब्धतत्त्वो
गभीरनागाधिपशास्त्रचञ्चुः ।
परिश्रमेणार्जितगूढबोधो
बिभर्ति देहं यशसाऽवदातम् ।

आजीवनं संस्कृतसंस्कृतेस्तथा
स्वमातृभूमेर्महिमोपवर्णने ।
संलग्नचेता विबुधाग्रणीरयं
नैपालकान् सौम्यपथप्रदर्शयेत् ।

लोपोन्मुखाः सुकृतिना विदुषा प्रणीता
विन्यस्य खण्डतृतये कविता मयाऽत्र ।
सम्पादिता ललितकाव्यकलार्थविज्ञा-
स्तुष्टा भवेयुरनया रसितान्तरालाः ।।

विनीतः सम्पादकः
नुरापति पोखरेल
उपप्राध्यापक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावावर्तः

प्रथमखण्डः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानध्वान्तलीनानां पदार्थानां प्रकाशिनी ।
अर्च्यते कोविदैः शब्द-पुष्पैः शुक्ला सरस्वती ।।१।।
चरन्तीं हंसमारुह्य वन्दितां दानवैरपि ।
नतेन शिरसा स्तौमि भारतीं ज्ञानरूपिणीम् ।।२।।
वामाङ्के निहितां वीणां वादयन्ती शनैः शनैः ।
सारदा शारदा शश्वत् ममऽज्ञानं व्यपोहतु ।।३।।
भावावर्तस्य निर्मातुरेषा रोहिणीशर्मणः ।
अम्लानां पुष्पितां कुर्याद् विततां कीर्तिवल्लरीम् ।।४।।

- सम्पादकः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभातवर्णनम्

यतस्ततो विसर्पन्ती निबध्नन्ती कवेर्गुणम् ।
भाविनी भाति नितरामनुरागमयी स्थितिः ।।
।।१।।
मित्रोदयमभीप्सन्ती परं रागमुपेयुषी ।
प्राभातिकी विभा भाति प्रतिभेव क्षमावतः ।।
।।२।।
रञ्जयन्ती दृशोर्भूमिं जनयन्ती जगन्मुदम् ।
द्योतयन्ती पथश्श्रेष्टान् विभातश्रीर्विराजते ।।
।।३।।
भानोः संश्लेषमिच्छन्तीं प्राचीं प्रेक्ष्य कलाश्रयाम् ।
व्यलीयत शनैर्म्लायन्नुदात्ताऽऽशयवान् विधुः ।।
।।४।।
ज्योत्स्ना-वितान-विमलोऽप्यमृतप्रभोपि
सम्पोषयन्नु निखिलौषधि-वीरुधोऽपि ।
उद्गच्छति प्रखर-कृत्यपरे ग्रहेशे
भव्यो भवन्नपि न भाति कलानिधिर्वा ।।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयवर्णनम्

सज्जीवन-निकायानां स्त्रोतसां प्रभवश्चिरात् ।
सम्भावयति वा कस्य मानसं न हिमालयः ।।
।।१।।

दुरासदो दुरालोकः प्रकृत्या जडवानपि ।
सद्यः शिवावलोकोऽयं द्रवन् भाति सुधीरिव ।।
।।२।।

प्रसूतिराकल्पविधे रसायाः
क्षमाधरेन्द्रो य उदारमूर्तिः ।
अहीनभूषश्च विभूतिचित्रो
हिमांशुचूडो नु विभाति दिक्षु ।।
।।३।।

सदाशयं मानसमास्थितोऽयं
गवाश्रयो भूतिसितो दिगीशः ।
प्रकामहासेन विराजमानो
नगाधिराजो नु शशाङ्कचूडः ।।
।।४।।

सुरेश-सार्थेन समर्चिताङ्घ्रि-
र्यतश्चिरं प्रास्त्रवदत्र गङ्गा ।
महेशहासेन समुज्ज्वलाङ्गो
हिमालयो दीप्रवपुर्विभाति ।।
।।५।।

स्फुरद्द्युतीनां तटिनीजलानां
प्रवाहपूरै रसयञ्जगत्तलम् ।
दिगीश-वृन्दांशविभूतिरेष
हिमालयः कस्य मुदे न जातः ।।
।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालवर्णनम्

भूभृद्वरैः प्रकृतिरञ्जनवृत्तिवित्तै-
राभासितो जगति विश्वजनीनवृत्तः ।
सौहार्द-हार्द-विभवो नयपालदेशः
पञ्चायतेन विधिना हि विकस्वरो यः ।।
।।१।।

हिन्दूत्ववैभवमतुल्यकलं समर्थ्य
दीप्रो गुणैरधिजगत् प्रमदप्रदोऽयम् ।
स्वातन्त्र्यसौख्यमनुभूय चिराय जाग्रद्
विद्योतते हि नयपाल उदूढहासः ।।
।।२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थि-जीवनम्

अधीति शास्त्रेषु गृहीति सद्गुणे
निराकृति व्यग्रमतावनुक्षणम् ।
सतां प्रसङ्गेन विविक्तमानसं
शुभाय विद्यार्थि-जनस्य जीवनम् ।।
।।१।।

गुणैर्विनीतैरवधानवित्तै-
र्विधूय सङ्कल्प-विकल्पवृत्तिम् ।
मनःप्रसादाय चिराय जाग्रद्
विभाति विद्यार्थि-वयः सयत्नम् ।।
।।२।।

विधेयवृत्तं निगृहीत-मानसं
सदाशयं विश्वजनीनमुच्चकैः ।
गुरोर्गुणज्ञात् पठदागमं मुहु-
श्चकास्ति विद्यार्थिवयः सुमङ्गलम् ।।
।।३।।

अपङ्क्ववृत्ति प्रणयैकसिद्धि
क्षणार्धमूल्यं च विदन्महर्घम् ।
विभूतियोगाय नृणां प्रयस्यन्
धिनोति विद्यार्थिवयः सुचित्तम् ।।
।।४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसन्तवर्णनम्

सहकारीं धियं धातुं रणकारं समाह्वयन् ।
सहकारं रसैः सिञ्चन् मधुकारं प्रहर्षयन् ।।
।।१।।
जडमुन्मूलयन् तूर्णं शीर्णं दलमधः क्षिपन् ।
मधुरैति जगद्दीप्त्यै पञ्चायतविधिर्यथा ।।
।।२।।
द्रुतं नवनवोन्मेष-शालिनीयं सरस्वती ।
विद्योतते नवा मुग्धा कुहूवाक् पल्लवावली ।।
।।३।।

ग्रीष्मवर्णनम्

लोकयोरुभयोरारात् स्वारस्यं शोषयन् क्षणात् ।
अविवेकीवोज्जिहीते करैरुग्रो दिवाकरः ।।
।।१।।
नीरमुष्णं मरुत्तीव्रोऽनन्तं सातिशयं खरम् ।।
निदाघार्काऽऽतपो जाल्मो जगद्दग्धुमना नु किम्? ।।
।।२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरद्वर्णनम्

लोकशोकनिरासाय चिरात् प्रक्षीणजीवनम् ।
घनमुद्वीक्षते रागात् किमु स्वच्छाऽम्बरा शरत् ।।
।।१।।

दलत्पङ्कजकिञ्जल्का विमलाऽमृतसम्भृता ।
मिलन्मिलिन्द-गीताली सस्मिता सरसीछटा ।।
।।२।।

भाति मङ्गलभूयिष्ठफलसम्पद्धरा धरा ।
निष्पङ्का सुपथा मृद्वी वृत्तिर्गुणवतामिव ।।
।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्ध्यावर्णनम्

उद्योतयन् पदार्थान् यस्तमोग्रस्तानुदस्थितिः ।
कालक्रमेण गीर्णोऽसौ द्युमणिर्मलिनायते ।।
।।१।।

रागश्रियं श्रयति शब्दगुणं क्रमेण
ताम्राच्छविः सरति सानुभृतां शिरःसु ।
नीडाय बद्धप्रणया विहगाः प्लवन्ते
सान्ध्यो विधिर्जगदसौ कुरुते मनोज्ञम् ।।
।।२।।

जगत् परिभवन् तीव्रैः प्रसारविपुलैः करैः ।
दिष्टसङ्कीर्णविभवो दुर्विधोऽभूद्विभावसुः ।।
।।३।।

प्रणयोद्गारिरोचिर्भिः क्रमाद्रागायितं जगत् ।
सर्वतो भद्रविधये सायं सङ्गच्छते स्फुटम् ।।
।।४।।

प्रीति-प्रकर्ष-विलसत्-कलगीतिमनोहरम् ।
समुल्लसति बद्धालि प्रमदं पत्रिणां कुलम् ।।
।।५।।

वृत्तिसङ्करसंश्लिष्टां शब्दानुशासनस्थितिम् ।
पर्यालोचयतीवाऽर्कः सखेदं लोहितेक्षणः ।।
।।६।।

शनैर्विरागत्वमुपेयुषो रवेः
करप्रसारोऽपि मृदुत्वमागतः ।
विलोलभासां किल लोहिताश्मनां
प्रभाभिराश्लिष्टमिवाऽभवज्जगत् ।।
।।७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेमन्तवर्णनम्

विपाकं लम्भयन् शस्य-लक्ष्मी-लीलां मृदु-प्रभाम् ।
शनैरायाति हेमन्तोऽनिलैर्मुग्धाऽऽशयो विटः ।।
।।१।।
विनीतान्तस्तलं दुन्वन् म्लायन्तं नु वियोगिनम् ।
हिमाशुगैर्हि हेमन्तो दुर्विनीतो विराजते ।।
।।२।।
हैमीमलङ्कृतिं बिभ्रन्मुग्ध-काम-श्रियाऽन्वितः ।
युवजानिरिवाऽभ्येति महीमेष सहाः स्मयन् ।।
।।३।।
हिमोत्किरानिलं तन्वन् जाड्यमालम्भयन् जगत् ।
सहाः सहासमुदितो युवयुग्मं व्यमोहयत् ।।
।।४।।
हिमोत्किरानिलोच्छ्वासैर्म्लापयन् शारदीं छटाम् ।
हेमन्तः प्रभवद् भाति क्ष्माभृदुग्राशयो यथा ।।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सस्कृतस्य महत्त्वम्

भावो विश्वजनीनो हि नोदेत्यन्तर्नृणामिह ।
मानवीया कलाऽप्यारादाध्यात्मिकधियं विना ।।
।।१।।
चिरमर्थकृतामुच्चैः कर्माकर्मविकर्मणाम् ।
गतिं ज्ञातुं क्षमो न स्यात् मानवः पुण्यवज्जनुः ।।
।।२।।
आर्यां सौभागयबहुलां स्वां निष्ठामवितुं ततः ।
संस्कृतस्याऽवनं सम्यक् प्रचारणमपेक्षते ।।
।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसन्तश्रीः

पुष्पाच्छगुच्छकुचमण्डलशोभिनीयं
बालार्करागललिताऽधरपल्लवैवम् ।
गुञ्जन्मधुव्रतवरूथगिरोपगीता
पुष्पाकरेऽधिकमहे रमते लताऽऽली ।।
।।१।।

जाड्यं क्रमेण विनुदन् प्रणयन् प्रणीतं
संलापयन् मधुरया किल संविदेत्थम् ।
संलम्भयन् जगदिदं महतीं विभूतिं
पुष्पाकरोऽयमधिकद्युतिरुज्जिहीते ।।
।।२।।

जाड्योद्गमेन किल दुर्विनयेन शीर्णं
जीर्णान्तरं जगदिदं रमयन् क्रमेण ।
पुष्पाकरे प्रभवति प्रकृतिः प्रगल्भा
राजन्वती वसुमतीव विभाति भव्या ।।
।।३।।

रागश्रियं श्रयति शीर्णदलाऽपि वल्ली,
रासोत्सवं वितनुते मधुपः प्रसूनैः ।
रागेक्षणः परभृतोऽपि कुहूगिरोच्चैः
सङ्गीतसारमधिरौति मधौ प्रमत्तः ।।
।।४।।

पुष्पोद्गमेन ललिताङ्गलताभिरामं
प्रोद्यत्प्रमोदबहलं प्रणयं दिशन्ती ।
रागाधिकालिकलनिक्वणनातिमुग्धा
भावातिरेकमुपयाति रसाल-रीतिः ।।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकोत्तरश्रियमुदञ्चयितुं क्रियावान्
प्रीत्युच्छलत्सुमहसोज्ज्वलितावकाशः ।
भव्योप्यसौ प्रकृतिरञ्जनमात्रवृत्ति-
र्हन्ताऽधुना मधुरयोगिजनं लुनीते ।।
।।६।।

प्रौढस्मिताऽञ्चितसुमस्तबकाभिनम्रा
रागोच्छलत्किसलयाधरमञ्जुलान्ता ।
उल्लास्य माधव-विनोदरसं स्मयन्ती
प्रोज्जृम्भते मधुरशिल्पभरोद्गता श्रीः ।।
।।७।।

चञ्चत्पलाशकलिताङ्गविभूषणर्द्धिः
पद्मोदयं सुकृतिसन्निधिमावहन्ती ।
मुग्धाऽवलोकविमलान्तरभावतन्वी
श्यामा विभाति नवविभ्रमभूर्वनश्रीः ।।
।।८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभाभिनन्दनम्

धर्मस्पृहा विशदयत्यनिशं विकासं
प्रोल्लास्य साधु-समयाऽऽर्जवसौमनस्यम् ।
तत्त्वं श्रितोऽसि ननु लोकहिताय जाग्रद्-
विद्याविलास-विपुलीकृत-दृष्टि-सृष्टिः ।।
।।१।।

आदर्शतां श्रयसि स्वच्छतयाऽऽत्मवृत्ते-
रास्तिक्य-रीति-रसितान्तर-भाववत्या ।
सद्दर्शनीय-गरिम-प्रगुणीकृतश्री-
र्माङ्गल्यमण्डनमिलद्बुपुरोधि नित्यम् ।।
।।२।।

सङ्ख्यानवृत्तिविषया ननु दर्शनाख्या
विद्या विभाति किल पात्रगुणाऽनुरूपम् ।
तत्त्वं तदत्र भवति प्रगतिप्रपन्नं
प्रायश्चकास्ति हि चिराय परम्परीणम् ।।
।।३।।

नीतिं श्रित-श्रुतिसृतिं प्रतिपत्तिदीप्रा-
मास्थाय साधु-नरपालगुरुप्रतिष्ठाम् ।
लोकानुरञ्जनपरस्य विशुद्धवृत्ते-
र्जागर्ति ते नृपमता महितोपलब्धिः ।।
।।४।।

द्वन्द्वं निरस्य किल तत्पुरुषत्वदीप्तं
शौर्यं श्रिते प्रभवति त्वयि सद्गुणाढ्यम् ।
सद्धर्मवर्त्मपथिकोऽव्ययीभावभव्यो
लोकश्रिराय भजते हि बहुव्रीहित्वम् ।।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माधुर्यमुद्गिरति साधुविधानरीति-
रोजो विभाति विविधीकृतनिर्मितिश्रि ।
लोकं विशोकयति शिष्टमतः प्रसादः
सौम्यश्रियस्तव लसन्ति गुणाः समेत्य ।।
।।६।।

प्रोल्लास्य मञ्जुनियमं चरितं समन्तात्
तत्कर्मयोगनिरतं चरितं समन्तात् ।
उद्भावितायतिरजस्रमुपायरुग्भिः
स्व-स्वानुभावमधिगच्छति लोकसार्थः ।।
।।७।।

सङ्केतवृत्तिरपि मुख्यपदं प्रपद्य
प्रायोऽभिधानविषयीकृतवार्तविद्यः ।
आरोपिताऽऽकृतिलसल्ललितार्थजुष्टं
लक्ष्यं विभावयसि सद्रसितानुभावः ।।
।।८।।

'ईतीर्विधूय विविधाः कृतभूतिभीति-
र्नीतीर्वितत्य विमलाः श्रितधर्मरीतीः' ।
धामाधिक-त्वदनवद्यसमज्ञयोच्चै
राजन्वती वसुमतीयमुदेतु नित्यम् ।।
।।९।।

विद्याविलासललितस्य गुणाद्भुतस्य
सौशील्य-शीलिमनसो वितृषोऽतिसृष्टेः ।
सद्वृत्तिबन्धुररुचेस्तव सत्प्रवृत्तिं
चेतश्चिरं श्रयतु साधुगिरां श्रियै नः ।।
।।१०।।

द्रौणेरिवास्तु चिरमायुरनन्तशक्तेः
कुन्ती-सुतस्य चरितं श्रयतां मतिस्ते ।
चित्तं चकास्तु चित-नैषधराजवृत्तं
भूयाद्विभूतिगुणिता गुणिता पृथोर्वः ।
।।११।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहनूमद्वैभवामृतम्

धियामाश्रयः कामरूपोऽप्यजस्त्रं
समुद्यत्प्रतापानलोऽपि प्रमुग्धः ।
दुरालोक-शोकाऽऽशराणामरिष्टो
जगत्प्राणसूनुः शरण्योऽस्तु नित्यम् ।।
।।१।।

दुराधर्ष-यादो-गणाऽऽवासभूमिं
महाम्भोधिमुग्रोर्मिमालं प्रघृष्य ।
प्रतापोज्ज्वलद्विग्रहोदग्रभूति-
र्भवेन्नव्यभव्योदयायाऽऽञ्जनेयः ।।
।।२।।

द्रवत्स्वर्ण-पिङ्गाक्ष-कान्तावलोकः
स्फुरद्-भास्करो-द्भासि-भासा परीतः ।
जगत्त्राण-दीक्षो गभीराक्ष-लक्ष्यो
दुरक्षान्तकोऽव्याद्विरूपाक्षरूपः ।।
।।३।।

चिरादाशुगाऽऽध्येयवेगप्रकर्षः
सदाभूतभूतीर्निरस्याऽतिहृष्टः ।
मनोजूति-भूति-प्रतीक्ष्य-प्रतीको
विहस्तावलम्बोऽस्तु योगप्रदीपः ।।
।।४।।

विदेहात्मजाऽऽधि-ज्वलज्जालमालं
समूह्याऽऽश्रयाशं क्षपाटान् दिधक्षुः ।
लयोल्लोल-सिन्धूत्थ-वैश्वानरान्त-
र्हिरण्याचलोद्दीप्तदीप्तिर्दयेत ।।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलोत्सेकभृद्गोत्रभित्पुत्रभीतं
सदायाऽऽवृतं मित्रसूनुं समर्थ्य ।
यमश्रीसमुल्लासि-वीर्या-वदातो
ऽवधूतान्तरायोऽनुकम्पापरः स्तात् ।।
।।६।।

स्फुरद्दीव्यमूर्तिप्रकाशानुविद्ध-
स्थिरानन्द-सन्दोह-दिग्धान्तरालः ।
जगज्जीवजालावनाय प्रयस्यन्
चकास्ति प्रभावानतः पावनोऽयम् ।।
।।७।।

महोद्दाम-दम्भोलि-पाणिं निगृह्य
शिशुत्वेऽपि तिग्मांशुबिम्बं जगार ।
क्षणाद् ध्वान्तलीनं जगद्गोप्तुमुद्यद्-
दयो यो विभूतिप्रदः सोऽस्तु कामम् ।।
।।८।।

निरुच्छ्वासमत्याहितास्तोपलब्धे-
र्गलद्धैर्यमश्रु-प्रवाहार्द्रमूर्तेः ।
निरोजःस्थितेर्मे महौजोविलास-
श्चिरस्योग्रवैमत्यमूलं द्यतात् सः ।।
।।९।।

मनोग्लानिमारादविद्याऽऽश्रयाप्तां
दुरूहान्वयां चूर्णपेषं निपिष्य ।
प्रसादोदयोद्द्योतितान्तश्चिराय
मनोयोगमिद्धं क्रियान्मारुतिर्नः ।।
।।१०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावानुबन्धनम्

स्वारस्यसम्मदमुदारकलं समन्ता-
दाहर्तुमिद्धमनसोऽचलकूटभाजः ।
आशेयमाशयगता ललिता प्रतीची
बध्नाति मञ्जुलदृशोर्द्वयमुद्गतश्रीः ।।
।।१।।

नीहारहारलुलितां लतिलाङ्गयष्टिं
सञ्जीवनप्रणयिनीञ्च रुचिं विभाव्य ।
दूरोच्छलद्गतिवितानततिश्चिरस्य
चित्ते चकास्ति नियतं सरसावलोकः ।।
।।२।।

चञ्चच्चमत्कृतिमती विततप्रवाहा
श्रीकौशिकीकलितवीचिकलप्रमुग्धा ।
स्त्रोतस्वतीयमतिदूरतया प्रतन्वी
संवीक्षणक्षणमहो विपुलीकरोति ।।
।।३।।

उच्चैर्ललच्छदहरित्परिधानमुग्धा
पुष्पाच्छगुच्छकुचभासितमध्यभागा ।
भावाववोधचतुराऽऽनतसम्भृतश्रीः
रम्या विभाति नवविभ्रमभूर्वनश्रीः ।।
।।४।।

विभिधागमसत्त्वसम्भृतं
प्रगुणामोषधिवीरुधं दधत् ।
मृदुलच्छविदूरमायतं
नयपालस्य हरिद्वनं धनम् ।
।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहजोद्गतसत्त्वसम्पदा
जनमुच्चैरुपकुर्वतः सतः ।
भवंतीह सदोन्नता गति-
रिति वक्तीव वनस्थली-स्थितिः ।।
।।६।।

सततोद्यमभावभावितां
वसुधां धान्यमिमां दुधुक्षवः ।
कृषिकर्षितविग्रहस्य तन्-
निरुपाधिः प्रणयो नु दीप्यते ।।
।।७।।

शालाधिकाऽऽचिततनू रुचिरावकाशा
कान्तोत्पलोच्चयचमत्कृतचारुप्रान्ता ।
शर्मोर्मिमूर्तिगहनाऽञ्चितलब्धवर्णा
बिम्बश्रिया निगमभूर्ननु संहितेयम् ।।
।।८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मतिहानिं न तनोति मृत्खनिः

प्रमदाच्छशुराग्रहान्विता ललिता पण्डितताऽऽहिताऽऽकृतिः ।
इयमिद्धगुणोत्करैर्भृशं मतिहानिं न तनोति मृत्खनिः ।।
।।१।।

विकचोत्पलसाधुभासिता मधुपारावसमाह्वयोद्धुरा ।
सरसा हितपिञ्जरोदका मतिहानिं न तनोति मृत्खनिः ।।
।।२।।

चितमाधवकाधिरोचिताऽप्यनुसन्धानकृतिं वितन्वती ।
निपुणाक्षलसत्कलाक्षणा मतिहानिं न तनोति मृत्खनिः ।।
।।३।।

अनुतर्षणवृत्तिबन्धुरा व्यवहारप्रगुणानुबन्धिनी ।
सुभगागमसंहितोदया मतिहानिं न तनोति मृत्खनिः ।।
।।४।।

अनुवीक्षणसंस्तुताऽऽशया सह देवेन तु रन्तुमुत्सुका ।
गुणविभ्रमभूर्गिरां तनुर्मतिहानिं न करोति मृत्खनिः ।।
।।५।।

ललितप्रणयैकवाचिका दधतीयं बहुदर्पकच्छविम् ।
यदुनन्दनलीलयाङ्किता मतिहानिं न तनोति मृत्खनिः ।।
।।६।।

अतिमानसमुन्नतस्थितिर्गुरुभावाञ्चितविश्वनाथरुक् ।
गुणिताऽम्बरसङ्गताऽऽयतिर्मतिहानिं न करोति मृत्खनिः ।।
।।७।।

सुगतेरितशब्दशासना स्वरसन्धानमुदाहरन्त्यसौ ।
बलजाऽतिप्रवालवन्धुरा मतिहानिं न तनोति मृत्खनिः ।।
।।८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रमणीयमतिप्रजोदया विलसद्भावविशोषितान्तरा ।
विबुधोपधिवैद्यविभ्रमा मतिहानिं न तनोति मृत्खनिः ।।
।।९।।

विमलाशयसर्गशिक्षया नियताऽऽख्यानरसोच्छलद्गतिः ।
रसिताधिपयोधरान्वया मतिहानिं न तनोति मृत्खनिः ।।
।।१०।।

स्थितिभासितकेवलान्वयिप्रतिभोदग्रविसंष्ठुलाऽधरा ।
अवदंशगुणोत्किरारतिर्मतिहानिं न करोति मृत्खनिः ।।
।।११।।

विहिताऽनुगुणप्रबन्धता भृशदानोज्ज्वलभूतिकौशला ।
कृतिहासितसत्समावृता मतिहानिं न तनोति मृत्खनिः ।।
।।१२।।

अतिमात्रपरागपद्धतिः स्थगितोद्यानवतीष्टपल्लवा ।
विनयोद्धुरकान्तसङ्गतिर्मतिहानिं न करोति मृत्खनिः ।।
।।१३।।

कलिताधिविभूतिविग्रहाऽनुनयोद्दीपितहृच्छयाग्रहा ।
चिरमिष्टसुवासिनी स्थितिर्मतिहानिं न करोति मृत्खनिः ।।
।।१४।।

अनुरूपगुणोच्छलन्मतिः सुगतोरुप्रणयैकपद्धतिः ।
प्रतिभारतदृष्टिसृष्टिका मतिहानिं न तनोति मृत्खनिः ।।
।।१५।।

असिताहिगणैः प्लवैः स्तुतोपलनौकाहितवृत्तबन्धुरा ।
विनताऽऽश्रमसम्भृतोदया मतिहानिं न तनोति मृत्खनिः ।।
।।१६।।

प्रतिभासितदिङ्मुखारवैः पण-नीवीप्रवणैः सदापणैः ।
अतिभावुकवेशशंसिनी मतिहानिं न तनोति मृत्खनिः ।।
।।१७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मधुराकृतिबन्धुरच्छविर्बहुलोदन्तनिशान्तसंस्तुता ।
अधिदेवविभावितोन्नतिर्मतिहानिं न करोति मृत्खनिः ।।
।।१८।।

प्रतिबिम्बरसोज्ज्वलोच्चिता पृथुभोगोचितपिञ्जरोदया ।
मृदुलावरणाऽतिमन्मथा मतिहानिं न तनोति मृत्खनिः ।।
।।१९।।

अतिपातितकालसन्ततिर्दमितानेकविवेचकद्युतिः ।
प्रियपायससिद्धसङ्गता मतिहानिं न तनोति मृत्खनिः ।।
।।२०।।

गिलितौतुबलोच्चयोन्दुरुर्विभवोच्छ्रायवतीह संस्तुता ।
सवृषाच्छसमांसमीनगुर्मतिहानिं न करोति मृत्खनिः ।।
।।२१।।

अनुयोगपरम्परोद्गतं स्वरितत्वं नियतं दधत्यसौ ।
कुमुदालिरसाधिवासिता मतिहानिं न तनोति मृत्खनिः ।।
।।२२।।

अनुयोगपरम्परोद्गतं स्वरितत्वं नियतं दधत्यसौ ।
कुमुदालिरसाधिवासिता मतिहानिं न तनोति मृत्खनिः ।।
।।२३।।

सकलं यममन्वहं वहन् दमितां याति जनोऽत्र शोधितः ।
श्रमकृद्वसुसुस्थितासिका मतिहानिं न तनोति मृत्खनिः ।।
।।२४।।

